आज मिति २०८२ साल असार महिनाको १० गते दिन बिहान ११ बजे यस स्वर्गद्वारी नगरपालिका नगरकार्यपालिकाको कार्यालय भिंग्री, प्यूठानको १७औं नगरसभाको पहिलो बैठक नगरपालिकाको प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षता र तपसिल बमोजिमका नगरसभा सदस्य ज्यूहरुको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उपप्रमुख | |
| ३ | श्री केशवराज भट्टराई | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री मेघराज जि.सी. | सदस्य/१ नं. वडा अध्यक्ष | |
| ५ | श्री बुद्धिराम पुन मगर | सदस्य/२ नं. वडा अध्यक्ष | |
| ६ | श्री कृष्ण बहादुर रोकाय | सदस्य/३ नं. वडा अध्यक्ष | |
| ७ | श्री सुवर्ण कुमार श्रेष्ठ | सदस्य/४ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिर बहादुर घर्ति मगर | सदस्य/५ नं. वडा अध्यक्ष | |
| ९ | श्री गिरे गुरुङ | सदस्य/६ नं. वडा अध्यक्ष | |
| १० | श्री सुरज घर्ति मगर | सदस्य/७ नं. वडा अध्यक्ष | |
| ११ | श्री खोप बहादुर राउत | सदस्य/८ नं. वडा अध्यक्ष | |
| १२ | श्री नर बहादुर वि.एम. | सदस्य/९ नं. वडा अध्यक्ष | |
| १३ | श्री पुरुषोत्तम बराली | नगर कार्यपालिका सदस्य | |
| १४ | श्री सुरज संगम सुनार | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री शारदा बुढाथोकी | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री खेमराज विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री अमृता देवी बुढाथोकी | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शिवा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री बबिता वि.क. | नगर कार्यपालिका सदस्य | |
| २० | श्री दिपक घर्ति मगर | वडा सदस्य वडा नं. १ | |
| २१ | श्री स्मृति कुमारी महारा पुन | वडा सदस्य वडा नं. १ | |
| २२ | श्री निम बहादुर पुन मगर | वडा सदस्य वडा नं. १ | |
| २३ | श्री धनि देवी नेपाली | वडा सदस्य वडा नं. १ | |
| २४ | श्री रामकली सुनार | वडा सदस्य वडा नं. २ | |
| २५ | श्री विष्णु खनाल | वडा सदस्य वडा नं. २ | |

| | | | |
|---|---|---|---|
| २६ | श्री पुर्ण बहादुर घर्ति मगर | वडा सदस्य वडा नं. २ | |
| २७ | श्री बिमला नेपाली | वडा सदस्य वडा नं. ३ | |
| २८ | श्री हुकुम बहादुर रोका | वडा सदस्य वडा नं. ३ | |
| २९ | श्री दुज बहादुर घर्ति मगर | वडा सदस्य वडा नं. ३ | |
| ३० | श्री दोर्ण बहादुर रावल | वडा सदस्य वडा नं. ४ | |
| ३१ | श्री सहदेव राउत | वडा सदस्य वडा नं. ५ | |
| ३२ | श्री अम्बिका सुनार | वडा सदस्य वडा नं. ५ | |
| ३३ | श्री खेत बहादुर राहु मगर | वडा सदस्य वडा नं. ५ | |
| ३४ | श्री कमल बहादुर घर्ति | वडा सदस्य वडा नं. ६ | |
| ३५ | श्री उदय जि.एम. | वडा सदस्य वडा नं. ६ | |
| ३६ | श्री भावना विष्ट | वडा सदस्य वडा नं. ६ | |
| ३७ | श्री आषा परियार | वडा सदस्य वडा नं. ६ | |
| ३८ | श्री ~~[illegible] पुन~~ कविता पुन | वडा सदस्य वडा नं. ७ | |
| ३९ | श्री अनिता वि.क. | वडा सदस्य वडा नं. ७ | |
| ४० | श्री दामोदर गोराथोकी | वडा सदस्य वडा नं. ७ | |
| ४१ | श्री डुक बहादुर पोखेल | वडा सदस्य वडा नं. ८ | |
| ४२ | श्री धनि देवी सुनार | वडा सदस्य वडा नं. ८ | |
| ४३ | श्री यमा खत्री | वडा सदस्य वडा नं. ८ | |
| ४४ | श्री निमा देवी घर्ति मगर | वडा सदस्य वडा नं. ९ | |
| ४५ | श्री रेसमी देवी सुनार | वडा सदस्य वडा नं. ९ | |
| ४६ | श्री पुर्ण बहादुर घर्ति मगर | वडा सदस्य वडा नं. ९ | |
| ४७ | श्री ईन्द्र बहादुर घर्ति मगर | वडा सदस्य वडा नं. ९ | |
| **आमन्त्रीत** | | | |
| १ | श्री दल बहादुर के.सी. | जन स्वास्थ्य अधिकृत | |
| २ | श्री हेमराज आचार्य | पशु चिकित्सक | |
| ३ | श्री मानस थापा | ईन्जिनियर | |
| ४ | श्री ओविराम भण्डारी | कविराज निरीक्षक | |
| ५ | श्री पार्वती कुमारी सुवेदी | सि अ न मि | |
| ६ | श्री द्रोर्ण बहादुर बुढाथोकी | कविराज | |
| ७ | श्री सौन्दर्यमणि सुवेदी | सूचना प्रविधि अधिकृत | |

CamScanner

| | | | |
|---|---|---|---|
| ८ | श्री रमेश पोखेल | रोजगार संयोजक | |
| ९ | श्री बिमल थापा | कृषि अधिकृत | |
| १० | श्री विष्णु प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख | |
| ११ | श्री ऋषिकेश भण्डारी | योजना तथा अनुगमन शाखा प्रमुख | |
| १२ | श्री आयुषा ओली | लेखापाल | |
| १३ | श्री प्रेम बहादुर जि.सी. | शिक्षा युवा खेलकुद शाखा प्रमुख | |
| १४ | श्री निमा डाँगी | महिला बालबालिका शाखा प्रमुख | |
| १५ | श्री संजय चौधरी थारु | कृषि विकास शाखा प्रमुख | |
| १६ | श्री शोभाराम रोका | जिन्सी शाखा प्रमुख | |
| १७ | श्री मिला अधिकारी | प.स्वा.प्रा. | |
| १८ | सुशिला नेपाली | मेडपा शाखा .ब.उ.लिपि | |
| १९ | पदम बहादुर कुमाल | सब-इन्जिनियर | |
| २० | भक्त बहादुर वि.क. | सब-इन्जिनियर | |
| २१ | प्रकाश विटरमगर | वडा सचिव (१) | |
| २२ | रिका के.सी | " " (6) | |
| २३ | ओजस्वी राइमाझी | " " (४) | |
| २४ | विष्णु प्रसाद गोतामे | " " (९) | |
| २५ | सामिला राउत | " " (३) | |
| २६ | बालाराम विटर | " " (५) | |
| २७ | टोरन पुनमगर | " " (८) | |
| २८ | उमा महरा | अ.सब. इन्जिनियर(९) | |
| २९ | ~~[illegible]~~ | ~~इन्जिनियर ६ ओ~~ | |
| ३० | नरेन्द्र भण्डारी | (MIS) | |
| ३१ | ईश्वर आचार्य | सब. इन्जिनियर | |
| ३२ | बन्दना जि.सी. | ना.प्रा.स | |
| ३३ | ऋतु कलेल सार्की | प्रा.स. | |
| ३४ | अमृता लेखक | ना.प्रा.नि. | |
| ३५ | गोकर्ण प्रसाद भण्डारी | सब-इन्जिनियर | |
| ३६ | दुर्गा बहादुर गोदामे | जे.टि.नि | |
| ३७ | गोविन्द रोकाया | जे.टि.ए | |

| | | | |
|---|---|---|---|
| ३८ | प्र.स.ह. अभिमन्यु चौधरी | इ.प्र.का. मिर्चैया | [illegible] |
| ३९ | किशोर कुमार के.सी. | चिकित्सा/नर्सिङ | [illegible] |
| ४० | नविन कुमार श्रेष्ठ | इ.प्र.का. सिद्धिचरण | [illegible] |
| ४१ | जुना पोखरेल | आमिन सि.जे.पी. | [illegible] |
| ४२ | सीता अधिकारी | प.प.सहजकर्ता | [illegible] |
| ४३ | फणीन्द्र प्रसाद भट्टराई | नेपाल कम्प्युटर सञ्चालक | [illegible] |
| ४४ | सिर्जी पौडेल | ,, ,, | [illegible] |
| ४५ | सन्तोष सुनार | सामुदायिक रोजगार संयोजक | [illegible] |
| ४६ | रवीन्द्र रमाल | ,, | [illegible] |
| ४७ | तुकमान राना मगर | रोजगार संयोजक | [illegible] |
| ४८ | रिना केयरल | का. स. | [illegible] |
| ४९ | चित्रा बर्ती मगर | का.स. | [illegible] |
| ५० | तुलसी तैमिरि | का. स. | [illegible] |
| ५१ | फन बहादुर गहतराई | का. स. | [illegible] |
| ५२ | बलराम श्रेष्ठ | का. स. | [illegible] |
| ५३ | लक्ष्मण पुन मगर | की.स. | [illegible] |
| ५४ | विष्णु खनाल | की.स. | [illegible] |
| ५५ | कालुराम थापा | की.स. | [illegible] |
| ५६ | प्रविन योगी | चालक | [illegible] |
| ५७ | यमराज घर्ति मगर | नगर प्रहरी | [illegible] |
| ५८ | दिपशिखा रोका | ,, ,, | Dipashikha |
| ५९ | बलदेव खड्का | चालक | Baldev. |
| ६० | हेमन्त पुन | चालक | [illegible] |
| ६१ | नरेन्द्र खोजाय | की.स. | [illegible] |
| ६२ | किशोर पुन मगर | फिल्ड सहायक | [illegible] |
| ६३ | प्रदिप कुमार उपाध्याय | नो.प.सि.प्रा. | [illegible] |
| ६४ | दीपिका शाह | नी.प.स्वा.प्रा. | [illegible] |
| ६५ | राज कुमार अधिकारी | नि.प.से.प्रा | [illegible] |
| ६६ | सचिन रेग्मी | प.स्वा.प्रा | Sachin |
| ६७ | पुष्परञ्जन प्रसाद शाह | नी.प.से.प्रा | [illegible] |

६८. तिलक पुन मगर की.स. [illegible]

६९. समिर पोखरेल स.ई Samir

७०. ओम प्रकाश ओली अ.सब-इन्जिनियर [illegible]

~~७१ राजेश~~

61. राजेन्द्र खड़का ए. इन्जिनियर
62. श्यामसुन्दर मुखिया स.क.अ.

प्रस्तावहरु

१. यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूबाट प्रस्तुत भएको आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।
२. आगामी आ.व २०८२/०८३ को विनियोजन ऐन, आर्थिक ऐन २०८२ र बजेट तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा।
३. न्यायिक समितिबाट सम्पन्न कार्यको प्रगति प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा।
४. सार्वजनिक लेखा समितिको प्रतिवेदन तथा बेरुजु प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा।
५. यस स्वर्गद्वारी नगरपालिकाबाट निर्माण भएका विभिन्न ऐन, कानुन तथा आर्थिक ऐन, २०८१ संशोधन प्रस्ताव उपर विधायन समितिको प्रतिवेदन पेश सम्बन्धमा।

निर्णयहरु

निर्णय नं १: प्रस्ताव नं (१) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको १७औं नगर सभामा यस नगर सभाका अध्यक्षज्यूद्वारा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८२/०८३ का तपसिलको नीति तथा कार्यक्रमहरू स्वीकृतिको प्रस्ताव गरिमामय नगरसभा समक्ष पेश गरिएकोमा उक्त प्रस्ताव **सर्वसम्मतिले** स्वीकृत गर्ने निर्णय गरियो।
तपसिलः

**१७औं नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम**

यस गरिमामय १७ औं नगर सभाका अध्यक्षज्यू, सचिवज्यू, नगर सभाका सदस्यज्यूहरु, आमन्त्रित सम्पूर्ण अतिथिज्यूहरु, नगर कार्यपालिका कार्यालयका सम्पूर्ण शाखा प्रमुख एवम् राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षा निकायका प्रमुखज्यू, साझेदार संस्थाका प्रमुख तथा प्रतिनीधि तथा पत्रकारज्यूहरु, लगायत सम्पूर्णमा मेरो व्यक्तिगत तर्फबाट र स्वर्गद्वारी नगरपालिकाको तर्फबाट हार्दिक अभिनन्दन सहित आभार प्रकट गर्दछु।

यस स्वर्गद्वारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा यस गौरवपूर्ण क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्र सम्मको लामो राजनीतिक यात्राको आन्दोलनमा राष्ट्र र जनताको हितको लागि जीवन उत्सर्ग गर्नु हुने वीर शहीदहरु प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते योद्धा तथा बेपत्ता नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु। संविधान सभाको माध्यमबाट नेपाली जनताको आवाज मुखरित गर्दै नेपालको संविधान, २०७२ जारी भइ स्थानीय तहको संवैधानिक हैसियत प्राप्त भइ नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउने यो अवसरका लागि

स्वर्गद्वारी नगरपालिका २०७३

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

नेपाली समाज रुपान्तरणमा महत्वपुर्ण भूमिका खेल्ने अग्रज राजनैतिक योद्धाहरुले गर्नु भएको कार्यको उच्च मुल्यांकन र स्मरण गर्दछु।

नेपालको संविधानको अनुसूची ८ का स्थानीय तहको एकल अधिकार र अनुसूची ९ का साझा अधिकार तथा स्थानीय तहको कार्य विस्तृतिकरणमा व्यवस्था भएका प्रावधानहरुको पूर्ण अवलम्बन गर्दै, यस नगरपालिकाले तय गरेका दिर्घकालिन सोच, उद्देश्यहरु र लक्ष्यहरु परिपूर्ति गर्दै नगरवासीका असीम आकांक्षाहरुको सम्बोधन गर्न र नगर समृद्धिको मार्ग खोल्न यो १७औं नगर अधिवेशन कोसेढुंगा साबित हुनेछ भन्ने अपेक्षा लिएको छु।

आर्थिक तथा सामाजिक रुपले समुन्नत तथा पर्यटकीय रुपले आकर्षक र समृद्ध स्वर्गद्वारीको निर्माणका लागि नगरले लिएको दिर्घकालिन सोंच **समृद्ध स्वर्गद्वारी कृषि पर्यटन र रोजगारी** भन्ने नारा लाई आत्मसात गरी हामी सबै कृत संकल्पित हुनु परेको छ। नगरका बासिन्दाहरुलाई नगर भित्रैको उत्पादनले खान पुग्ने अवस्था सृजना गर्न, दिन दिनै बैदेशिक रोजगारीमा लामबद्ध हुने युवाहरुलाई रोजगारीको ग्यारेन्टी गरी परिवार सँगै बसेर कमाउन सक्ने अवस्थाको सृजना गर्न, बृद्ध बाबुआमाको सेवा र संरक्षण गर्न, विद्यार्थीहरुले प्रविधियुक्त उच्चज्ञान सुलभ तवरले आर्जन गर्न, दलितले आत्मसम्मान र स्वाभिमानका साथ बाँच्न पाउन, लैंगिक हिसा रहित, समता मुलक डिजिटल र आकर्षक नगर हामीले देखेको सुन्दर सपना हो। यो सपना सकार पार्न उपलब्ध साधन र श्रोतको समुचित परिचालन, उत्पादन र वितरण, समावेशी विकास र जनताको अधिकतम हितलाई सम्बोधन गर्दै स्थानीय तहमा लोकतान्त्रिक अभ्यासको सुदृढिकरण गर्नु, रोजगारीका अवसर सिर्जना गरी युवा जनशक्तिलाई स्वरोजगार तर्फ उन्मुख गराउनु विकासका पूर्वाधारको स्थापना गर्नु, कृषिको आधुनिकरण गर्नु, समाजमा व्याप्त अशिक्षा, गरिबी, पछ्यौटेपन र कुरीति कम गर्नु, स्थानीय स्तरमा सुशासन प्रवर्द्धन गर्नु, प्राकृतिक श्रोतहरुको समुचित सदुपयोग गर्नु जस्ता बिषयहरु हाम्रा महत्वपुर्ण कार्यभार हुन्।

आज हाम्रा सामु चुनौतीका पहाड भएतापनि तिनीहरुको सामना गर्न हाम्रो भौगोलिक विविधता, ६०० मि. देखि २१०० मि. सम्मको जैविक विविधताबाट प्राप्त हुने उत्पादनको अवसर, हजारौ श्रद्धालुहरूको आस्थाको केन्द्र स्वर्गद्वारी आश्रमले प्रदान गरेको धार्मिक पर्यटन र स्थानीय आर्थिक विकासको मार्ग खोल्ने अवसर, हजारौ बिघा सिंचित गर्ने माडी नदि, सुलभ मानव संसाधन, वन, प्राकृतिक खानी तथा जडिबुटी र प्रसस्त फलफूलको उत्पादन, नजिकै पूर्व पश्चिम राजमार्ग जस्ता कुराहरु हाम्रा अवसर हुन्। यसका साथै स्थानीय आर्थिक विकासलाई टेवा दिने ठूला पुर्वाधार स्थापनाका साथै स्थानीय ज्ञान र सीपहरु पहिचान गर्दै तिनीहरुको संरक्षण गर्दै स्व-आर्जनमा उपयोग गर्ने, विकासमा नागरिक सहभागिता सुनिस्चित गर्ने, विकासमा साझेदार संस्थाहरु सँग सहकार्यको हात बढाउदै हाम्रा विद्यमान अवसरहरुको

टेक प्रसाद भण्डारी
नगर प्रमुख

प्रस्फुटन गरी नगर समुन्नतिको मार्ग खोल्नु पर्दछ। नागरिकहरुले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ। आन्तरिक र सुशासन र सबल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यस तर्फ नै निर्देशित रहेको छ।

आगामी आ.व. मा यस स्वर्गद्वारी नगरपालिकाको विकासको दिगो विकास लक्षमा आधारित रही नगर गौरवको आयोजना तथा तत्कालका स्थानीय आवश्यकतालाई पहिचान गरी संघीय सरकार र प्रदेश सरकारका मार्ग दर्शनमा रही आवधिक योजनामा उल्लेखित समृद्ध स्वर्गद्वारी कृषि पर्यटन र रोजगारीको दिर्घकालिन सोच तय गरे अनुसार त्यसैका लक्ष उद्देश्य परिपुरण हुने गरी वार्षिक विकासका कार्यक्रमका साथै त्रिवर्षीय खर्च संरचनासँग नीति तथा कार्यक्रमको तादाम्यता रहने गरि नीति तथा कार्यक्रम ल्याइएको छ। जनताको नजिकको सरकारको हैसियतले वडावासीहरुलाई चुस्त र सुलभ नागरिक सेवा प्रदान गर्न वडा कार्यालयहरुको क्षमता विकास गर्ने नीति अवलम्बन गर्ने नीति प्रस्ताव गरिएको छ। कृषि तथा पशु, पर्यटन, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशिलता, सामाजिक विकास युवा तथा खेलकुद भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाइ विपद् व्यवस्थापन, राजश्व परिचालन, न्याय निरुपण, मानव अधिकार, सामाजिक समावेशीकरण तथा सुशासन जस्ता विषयगत क्षेत्रहरुलाई ध्यान दिदै नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु। आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयन गर्न आम नगरवासी तथा सबै पेशा व्यवसायमा आबद्ध भिन्न तह र तप्काका महानुभावहरुको सहयोग र सहकार्यको अपेक्षा गरेको छु।

आदरणीय नगरसभा सदस्यज्युहरु,

चालु आ.व. २०८१/०८२ को यस नगरपालिकाबाट कार्य सम्पादनका क्रममा भएको हाल सम्मको संक्षिप्त प्रगति यस गरिमामय नगर सभा समक्ष प्रस्तुत गर्न चाहान्छु।

यस नगरपालिकाको गत आ.व. मा चालु तर्फ रु ४५ करोड १७ लाख ४८ हजार ९९३/- विनियोजन गरिएकोमा खर्च रु. २९ करोड ९८ लाख ३० हजार ३११ खर्च भइ जम्मा ६६ दशमलव ३७ प्रतिशत खर्च देखिएको छ। यसै गरी पूजीगत तर्फ २९ करोड ३३ लाख ५० हजार ३२६/- विनियोजन गरिएकोमा हालसम्मको खर्च रु.२० करोड २२ लाख ४० हजार ४११/- खर्च भएको छ जुन ६८ दशमलव ९४ प्रतिशत हुन आउँछ। यस नगरपालिकाको आन्तरिक आय चालु आ.व. का लागि रु २ करोड ३३ लाख ९२ हजार अनुमान गरिएकोमा हाल सम्म २ करोड २७ लाख २७ हजार ७७० रुपैयाँ संकलन भएको छ। जुन कुल अनुमानको ९७ दशमलव १६ प्रतिशत हो। नगरपालिकाको मुख्य

स्वर्गद्वारी नगरपालिका २०७३

टेक प्रसाद भण्डारी
नगर प्रमुख

श्रोत दहत्तर बहत्तर रहेको जसमा रु ६३ लाख १९ हजार १९९ रहेकोमा प्रदेशलाइ बुझाउनु पर्ने रकम रु ४० प्रतिशत रहेको छ। एकीकृत सम्पत्ति कर जम्मा रु ४८ लाख संकलन भएको छ।

सामाजिक सुरक्षा तर्फ तेश्रो चौमासिक सम्मको जम्मा ३६७४ जनालाई रु. ९ करोड ६६ लाख ३७ हजार ६३  वितरण भइसकेको छ।

घटना दर्ता तर्फ हाल सम्म जन्म दर्ता जम्मा ८८९ मध्ये पुरुष ४६६ र महिला ४२३ छन। जम्मा मृत्यु दर्ता २६३ मध्ये पुरुष १५२ र महिला १११ रहेका छन्। यसै गरी सम्बन्धविच्छेद ४७ वटा रहेका छन्। विवाह दर्ता गर्नेमा ३६६ जोडीहरु रहेका छन। बसाइसरी आएको कुल संख्या २२१ रहेकोमा आउनेको संख्या ५५ र जानेको संख्या २२१ रहेको छ।

पूर्वाधार तर्फको प्रगति हाल सम्मको भौतिक प्रगति  ८७ प्रतिशत देखिएको छ। जस अन्तर्गत ४८५६ मिटर कच्चि सडकको नयाँ  ट्र्याक खोलिएको छ भने ११०० मिटर सडकको चौडाई बिस्तार गरिएको छ। ६८० मिटर सडकमा ग्राभेल विच्छ्याइएको छ। १७५ मि पक्कि ढलान सडक निर्माण भएको छ। कालोपत्रे पक्कि सडक ५१०४  मिटर सम्पन्न गरिएको छ। यसै गरी २०१० मिटर गोरेटो बाटो तयार भएको छ। ६ वटा प्रतिक्षालय निर्माण गरिएको छ। १९ वटा खानेपानी र ४६ वटा खानेपानी धारा निर्माण गरि ८० घरधुरी मा खानेपानीको पहुच बिस्तार गरिएको छ। यसै गरि २०२७ मिटर सिचाई कुलो निर्माण भएको छ जसबाट करिब ३० हेक्टर जमिनमा सिचाई सुविधा उपलब्ध भएको छ। २ स्थानमा बैकल्पिक उर्जा जडान भएको छ भने धुवा मुक्त स्वच्छ नगरपालिका बनाउन नगरका सबै घरधुरीलाई बिद्युतीय चुल्हो वितरणको कार्य प्रारम्भ भइसकेको छ। सिंचाई पोखरी ९ वटा र रिचार्ज पोखरी ४ वटा निर्माण गरिएको छ। यसै गरी विद्यालय भवन ९ वटा, स्वास्थ्य चौकी र बर्थिङ सेन्टर भवन निर्माण र मर्मत गरि ४ वटा, सामुदायिक भवन ७ वटा निर्माण गरिएका छन। यसै गरी नदी नियन्त्रण र सडक मर्मत गरी १८० घन मिटर कार्य भएको छ भने २३० घन मिटर आर सी सी वाल निर्माण गरिएको छ। कच्चि र पक्कि गरी ८०० मिटर सडक नाली विस्तार गरिएको छ। ३ वटा विद्यालयका शौचालय निर्माण भएका छन् भने ३ वटा खेल मैदान निर्माण कार्य सम्पन्न भएको छ। मन्दिर १ वटा र चौतारी ४ वटा निर्माण भएका छन। १५शैया नगर अस्पताल निर्माणाधीन रहेको छ।

यस बर्ष ३० वटा घर अभिलेखीकरण र ४ वटा नक्सापास सम्पन्न भएका छन।

कृषि विकास शाखामा रु २३ लाख ३५ हजार  विनियोजन भएको र कार्यक्रम संख्या ६ रहेकोमा भौतिक प्रगति ८३.३३ प्रतिशत रहेको छ यस आ.व. मा ४०० किसानहरुको सूचीकृत गर्ने बालि उपचार धान र गहुको बीउ वितरण, फूलखेती, बीउ तथा प्रविधि हस्तान्तरण गरिएको छ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

नगरपालिका
२०७३

CamScanner

पशुसेवा शाखाका लागि रु २५ लाख विनियोजन भएकोमा सोको भौतिक प्रगति ८८ प्रतिशत रहेको छ। जस अन्तर्गत वडा नं २ को धरम्पानीमा एकीकृत कृषि तथा पशु सेवा उपकेन्द्र स्थापना गरी संचालन गरिएको छ। नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई निशुल्क गरिएको छ। नगरका दुर्गम ४ स्थानमा पशु खोप तथा पशुपन्छी गाउँ घर घुम्ती सेवा संचालन गरिएको छ। नगरमा आधुनिक ल्याब र कृषि प्रयोगशाला सहितको पशुपन्छी अस्पताल निर्माणको अन्तिम चरणमा रहेको छ।

हेफर सँगको साझेदारीमा कृषि तथा पशु विकासमा आधारित युवा उधमशिलता कार्यक्रममा १ करोड १६ लाख ४० हजार विनियोजन भएकोमा सोको भौतिक प्रगति ९२ प्रतिशत रहेको छ। जस अन्तर्गत यस आ.व. मा १५ वटा भकारो सुधार, ४० वटा खोर सुधार, २५ वटा मौरी घार वितरण र तालिम घासको बिउ वितरण र फलफुल वितरण, ७५ वटा क्रश बाख्रा वितरण १२ जना युवा उद्यमीलाइ व्यवसायीलाइ स्टार्ट अप रकम तथा सामग्री सहयोग, ९ वटा नयाँ समुह गठन १ वटा सहकारी गठन, ९ वटा सिचाई कुलो निर्माण, ४० वटा मिनिटिलर खरिद, दुध डेरीको लागि चिलिङ भ्याट ७५% अनुदानमा सहयोग तथा प्राविधिक सेवाको सहयोग गरिएको छ।

गरिबी निवारणका लागि लघु उधम कार्यक्रममा २० लाख रकम विनियोजन भएकोमा भौतिक प्रगति ८५ प्रतिशत रहेको छ। जस अन्तर्गत होजियारी तालिम तथा प्रविधि हस्तान्तरण, प्लम्बिङ तालिम, मिनीटिलर मर्मत तथा लघु उधमी तयार गरिएको छ।

प्रधानमन्त्री रोजगार तर्फ संघीय शसर्तको ९० प्रतिशत भौतिक प्रगति देखिएको छ। जसमा बाटोको नयाँ ट्र्याक खोल्ने काम, कालोपत्रे/ढलान सडक २७०.९ मि, खानेपानी धारा १ वटा, सिंचाई कुलो निर्माण ९८५ मि कच्ची र ७० मि पक्की, सिंचाई पोखरी निर्माण, १ वटा पक्की १३ वटा कच्ची, मन्दिर निर्माण १, चौतारी निर्माण २ वटा निर्माण सम्पन्न भएका छन्।
श्रम स्वीकृत तथा पुनः श्रम स्वीकृतमा सहजीकरण १८६ जना लाइ गरिएको छ।

१५ वटा सामुदायिक आयोजनाहरुमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत भएका ७१ जनालाई न्यूनतम रोजगारी प्रदान गरिएको छ।

बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत भएका ४० जना व्यक्तिहरुलाई ५० दिने सडक मर्मत सम्भार तथा जीवन उपयोग सीप तालिम प्रदान गरिएको छ।

बैदेशिक रोजगार बोर्डको सचिवालयको सहयोगमा वडा नं ५ मा २० जना र वडा नं ९ मा २० जना गरी जम्मा ४० जनालाई २६ दिने (१६३ घण्टा) प्लम्बर तालिम प्रदान गरिएको छ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

आगामि आव २०८२/०८३ को लागि १७९ पुरुष र ५०२ महिला गरी जम्मा ६८१ जना बेरोजगार व्यक्तिहरु बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत गरिएको छ।

आयुर्वेदिक सेवा तर्फ रु ५ लाख विनियोजन भएकोमा ९५ प्रतिशत प्रगति भएको छ जसमा योग कक्षा, गाउँ घर क्लिनिक संचालन औषधि व्यवस्थापन, वृद्धहरुलाई सप्लिमेन्ट वितरण तथा उपचारात्मक सेवा प्रदान गरिएको छ।

स्वास्थ्य सेवा तर्फ रु १ करोड ५२ लाख ६८ हजार ६८४ विनियोजन भएकोमा ९० प्रतिशत प्रगति भएको छ। जस अन्तर्गत दिर्घ रोगी पहिचान, मासिक बैठक, पि.एन. सी. होम भिजिट, पोषण प्रवर्द्धन कार्यक्रम, ३ स अभियान संचालन, किशोर किशोरी मैत्री सेवा, प्राथमिक स्वास्थ्य केन्द्रमा गुणस्तरीय सेवा प्रदान, पूर्ण सस्थागत सुत्केरी घोषणा कार्यक्रम, गाउँघर क्लिनिक सेवा संचालन कार्यक्रम सम्पन्न भएका छन्।

शिक्षा तर्फ रु. २ करोड ३० लाख विनियोजन भयकोमा ८२ प्रतिशत कार्य प्रगति भएको छ। जस अन्तर्गत नगर शिक्षा योजना निर्माण, विद्यालय अनुगमन, स्मार्ट टि.भी. वितरण, सिकाइ सहजीकरण, अंग्रेजी माध्यमबाट कक्षा संचालनका लागि क्षमता विकास तालिम, शैक्षिक् क्यालेन्डर निर्माण तथा नगर शिक्षको तलब भत्ता मा खर्च भएको छ।

महिला तथा बालबालिका तर्फ विनियोजित रु २० लाखको ९५ प्रतिशत भौतिक प्रगति भएको छ। जस अन्तर्गत लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान संचालन, नौमती बाजा तालिम, राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रमबाट दुना टपरी तालिम तथा प्रविधि हस्तान्तरण, बालविवाह अन्त्य तथा लागु औसध दुर्व्यसनी सचेतना कार्यक्रम, ९ वटै वडामा बाल संजाल पुनर्गठन, नगर बालकोष स्थापना र कार्यविधि स्वीकृत, १७ जनालाई अपाङ्गता परिचयपत्र वितरण तथा अन्तर्गतका विभिन्न दिवस कार्यक्रम सम्पन्न गरिएको छ।

पोषणतर्फ ५० हजार विनियोजन भएकोमा बालबालिकाहरुको कुपोषण परीक्षण तथा आमा सुरक्षा कार्यक्रम सम्पन्न भएका छन् भने शसर्त तर्फको कार्यक्रम ढिलो फुकुवा भएकाले कम कार्य प्रगतिमा रहेको छ।

वन वातावरण तर्फको प्रगति ९६ प्रतिशत भएको छ, भने यसको कार्यप्रगति पूर्वाधार मा जोडिएको छ। विपद व्यवस्थापन तर्फ आगलागी बाढी पिडितहरुलाई उद्दार तथा राहत वितरण गरिएको छ। जोखिमयुक्त वस्तीमा तारजाली तथा मोहन खोलामा मेल नियन्त्रणको लागि डोजर प्रयोग भएको छ।

बेलौरी नगरपालिका २०७३

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

नगरपालिकाको व्याक हो लोडरबाट सबै वडा ६५० कि. मि. मोटर बाटो मर्मत गरिएको छ। करिब ७०० मिटर नयाँ ट्र्याक खोलिएको छ।

नगरको फोहोर व्यवस्थापनका लागि दैनिक कार्यतालिका बमोजिम ट्याक्टर प्रयोग भएको छ।

खरिद तर्फ यस वर्षमा खरिद तर्फ सोझै खरिद ३१८, दरभाउ पत्रबाट खरिद २० वटा बोलपत्र बाट ई बिडिंग मार्फत २ वटा र क्याटलग बाट १ खरिद भएकोमा रु २ करोड १५ लाख ३० हजार ३५१ रहेको छ जसमा शाखाका कार्यक्रम अनुसारका खर्च रहेका छन्।

संस्थागत तथा शुशासन तर्फ ८ करोड ९ लाख ८४ हजार विनियोजन भएको जसमा तलब भत्ता र चालु प्रकृतिका खर्च रहेकोमा कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास कार्यक्रम संचालन भएको, नगर प्रहरी इकाई स्थापना र संचालन, टोल विकास संस्था परिचालन, सार्वजनिक सुनुवाई कार्यक्रम, डिजिटल बोर्ड संचालन आदि कार्य सम्पन्न भएका छन।

आदरणीय नगरसभा सदस्यज्युहरु,

"समृद्ध स्वर्गद्वारी नगर" को विकासको प्रस्थान बिन्दूको रुपमा अगामी वर्षको नीति तथा कार्यक्रमका मार्गनिर्देशक सिद्धान्त देहाय बमोजिम हुनेछन्।

क) उत्पादनमा आधारित व्यावसायिक र आधुनिक कृषि प्रणाली अवलम्वन गर्ने,

ख) गुणस्तरीय शिक्षा मार्फत सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने,

ग) सुलभ, गुणस्तरीय र पहुँचयोग्य स्वास्थ्य सेवा सुनिश्चित गर्ने,

घ) पर्यटकीय सम्भावनाको पहिचान तथा उत्थानशील पूर्वाधार निर्माण गर्ने,

ङ) दिगो, पर्यावरणमैत्री र योजनाबद्ध पूर्वाधार विकास गर्ने,

च) सामाजिक, न्यायपूर्ण, समावेशी तथा समतामुलक समाजको निर्माण गर्ने,

छ) विभिन्न तहका सरकार, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय, साझेदारी र सहकार्य स्थापना गर्ने,

ज) सुशासन, सदाचार र पारदर्शी सेवा प्रवाहको सुनिश्चतता गर्ने,

झ) प्रविधिमैत्री, सूचना तथा ज्ञानमा आधारित व्यवस्थापन प्रणालीको अबलम्वन गर्ने।

आदरणीय नगर सभाका सदस्यज्यूहरु,

अब म स्वर्गद्वारी नगरपालिकाको आगामी आर्थिक वर्षका लागि तय गरेका क्षेत्रगत नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

स्वर्गद्वारी नगरपालिका
२०७२

## क) आर्थिक विकास क्षेत्र

कृषि विकास तर्फः

१."कृषि उत्पादकत्व वृद्धि; स्वर्गद्वारी नगरको समृद्धि" भन्ने नारालाई आत्मसाथ गरी आधारभूत कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषिको आधुनिकिकरण, यान्त्रिकरण(मिनिटिलर), व्यावसायिकरण तथा बजारीकरण मार्फत तुलनात्मक लाभ एवम प्रतिस्पर्धात्मक क्षमतामा बालीवस्तुको उत्पादन वृद्धि गरी नगरभित्र आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न प्रोत्साहन गरिनेछ।

२. नगरपालिका क्षेत्र भित्र प्राङ्गारिक खेती प्रणालीलाई प्रवर्द्धन गर्दै लगिनेछ। रासायनिक मल र विषादी प्रयोगलाई कम गर्न कृषक समुहहरुलाई प्राङ्गारिक मल खरिदमा आवश्यक सहजीकरण गरी मापदण्ड बनाई अनुदानको व्यवस्था गरिनेछ।

३."वडा विशेष उत्पादन" को नीति मार्फत वडागत विशिष्टताको आधारमा आवश्यक कार्यक्रम संचालन गरिनेछ।

४.जलवायु उत्थानशील क्षमता अभिवृद्धि गर्दै जलवायु परिवर्तनबाट कृषि प्रणालीमा पर्ने क्षति न्यूनीकरण गर्न जलवायु अनुकूलन कृषि तथा पशुपन्छी उत्पादनका लागि प्राविधिक सेवा सहित आवश्यक कार्यक्रम संचालन गरिनेछ।

५. "घरदैलोमा प्राविधिक सेवा, कृषिजन्य वस्तु उत्पादनमा टेवा" भन्ने मान्यतालाई आत्मसाथ गर्दै व्यावसायिक कृषकको फर्ममै पुगी घुम्ती प्राविधिक परामर्श तथा उपचारको विशेषज्ञ सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

६. सङ्घीय सरकार र लुम्बिनी प्रदेश सरकार सँग समन्वय गरी तरकारी, ताजा फलफूल तथा अन्नहरुको सुरक्षित भण्डारण गर्न शीत भण्डारण गृह निर्माणमा विशेष पहल गरिनेछ।

७.नगरभित्रका युवा जनशक्तिको बैदेशिक मोहलाई कम गर्न कृषि र पशुपालनमा युवा लक्षित विशेष कार्यक्रम संचालनलाई प्रभावकारी बनाईनेछ।

८.उन्नत बीउ उत्पादक र वितरक कृषकलाई प्रोत्साहन अनुदान कार्यक्रम संघ सरकारको समन्वयमा सञ्चालन गरिनेछ।

९.व्यावसायिक किसानलाई बीउबिजन खरिदमा ५० प्रतिशत अनुदान कोषको व्यवस्था गरिनेछ।

१०. व्यावसायिक किसानलाई जग्गाभाडामा ५० प्रतिशत अनुदान कोषको व्यवस्था गरिनेछ।

११. स्वर्गद्वारी नगरपालिकाको अतिथि सत्कार क्षेत्रको रुपमा विकास गर्दै होमस्टे वरिपरिका समुदायहरुलाई स्थानीय उत्पादनमा जोड दिदै होमस्टेलाई नगर क्षेत्रभित्र उत्पादित स्थानीय प्राङ्गारिक उत्पादनहरुको खपत केन्द्रको रुपमा सञ्चालन गरिनेछ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

१२. नगरपालिकाभित्र रहेका ऐलानी, प्रति र सार्वजनिक जग्गाहरूमा मझौला तथा ठूला उद्योगहरूको स्थापनार्थ सो क्षेत्रमा सम्भावना तथा फिजिबिलिटी स्टडीको कार्यलाई अगाडि बढाउन संघीय सरकारसँग समन्वय गरिनेछ।

१३. चालु आ.व. मा धान, मकै, गँहु, तरकारी बीउ, फलफूलका बिरुवा, घाँसका बीउ, साना सिंचाई, व्यावसायिक फूल खेती, तरकारी खेती, बाली बीमा, पशु बीमामा संघ सरकारबाट प्राप्त अनुदानलाई आवश्यक सहजीकरण गरिनेछ।

१४. स्वर्गद्वारी नगरभित्र उत्पादन भएका कृषिजन्य वस्तुहरुलाई **Made in Swargadwari** ब्राण्डमा रुपान्तरण गरी प्याकेजिङ गरिनेछ।

१५. स्थानीय आर्थिक बिकासलाई गति प्रदान गर्न स्थानीय उपजहरू अदुवा, बेसार, टिम्बुर, मह, तेजपात आदि उपजहरूको उत्पादनमा वृद्धि तथा विक्रि वितरणमा सहजीकरणको लागि कोसेलीघर सञ्चालनमा ल्याईनेछ।

१६. भू-वर्गीकरण कार्यलाई आगामी आ.व.मा सम्पन्न गरी जग्गालाई बाँझो राख्ने कार्यलाई रोक्न सहकारी खेती प्रणालीलाई प्रोत्साहन गर्ने विशेष कार्यक्रमहरू सञ्चालन गर्न पहल गरिनेछ।

<u>पशु सेवा तर्फः</u>

१७. पशुपन्छीमा महामारी तथा आकस्मिक रोग नियन्त्रणको लागि संघ तथा प्रदेश सरकार सँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ।

१८. साना पशुको लागि खोर तथा ठूला पशुका लागि भकारो निर्माणको कार्यक्रम संचालन गरिनेछ।

१९. कृषि उत्पादनमा दिईदै आएको न्यूनतम समर्थन मुल्यलाई निरन्तरता दिदै खसि बोकामा प्रतिकिलो रु १० का दरले उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ।

२०. नगरपालिका भित्र पशु प्राविधिक सेवा सुनिश्चित गरी आधारभूत पशु स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि गरिनेछ। पशुपन्छीमा हुने महामारी रोगको पहिचान, नियन्त्रण र पुर्नस्थापनामा सहयोग गरिनेछ। वडास्तरमा पशुस्वास्थ्य सम्बन्धी औषधिहरुको भरपर्दो व्यवस्था गरिनेछ ।

२१. कृत्रिम गर्भाधान मिसन कार्यक्रमलाई निरन्तरता दिईनेछ। कृत्रिम गर्भाधान कार्यक्रमलाई व्यवस्थित बनाउन पशु स्वास्थ्य प्राविधिकलाई तालिमको व्यवस्था मिलाईनेछ।

२२. बंगुरपालन व्यवसायलाई प्रवर्द्धन गर्नका लागि बंगुर फर्महरुलाई बंगुरपालन तालिम तथा नश्लसुधारका लागि उन्नत जातका बंगुरका बीर उपलब्ध गराईनेछ।

२३. स्थानीय कुखुरा (प्वाँख उल्टे, घाँटी खुईले एवम् साकिनी कुखुरा)को व्यावसायिक उत्पादन होमस्टेबाट यस वर्ष सुरुवात भैसकेको छ। व्यावसायिक उत्पादन बढाउन मेसिनबाट चल्ला निकाल्न स्थानीय कुखुरा पकेट स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

२४. खसि बोकाको मासुमा आत्मनिर्भर नगरपालिका घोषणा गरिनेछ।

२५. प्रयोगशाला सहितको अत्याधुनिक पशुचिकित्सा सहितको कृषि तथा पशुपन्छी सेवा केन्द्र सञ्चालनमा ल्याईनेछ। साथै पशु प्राविधिकहरुलाई आगामी आ.व. देखि प्रोत्साहन स्वरुप फिल्ड भत्ताको व्यवस्था गरिनेछ।

२६. कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय कृषकहरुको तथ्याङ्क अध्यावधिक कार्यक्रम सञ्चालन गरिनेछ।

२७. भैसीको दुधको उत्पादनमा बृद्धि र नगर बाहिरको दुध विस्थापनको लागि भैसी सुत्केरी स्याहार पशुपोषण सामाग्री उपलब्ध गराईनेछ। साथै दुधमा प्रतिलिटर रु ३ का दरले प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ।

२८. किसान सूचीकरण कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिईनेछ।

२९. व्यावसायिक रुपमा कृषि कर्म र पशुपालन गर्ने कृषकलाई पालिका स्थापना दिवसको अवसरमा सम्मान गरिनेछ।

## राष्ट्रिय रोजगार कार्यक्रम

३०. "श्रमको सम्मान राष्ट्रको अभियान" भन्ने नारा सहित सबै प्रकारका काममा खटिने श्रमिकहरूको सम्मान गर्दै समान कामको लागि समान ज्याला प्रदान गरिने छ। साथै श्रमको सम्मान राष्ट्रको अभियान सम्वन्धी क्रियाकलापहरु सञ्चालन गरिने छ।

३१. मिसन रोजगारी, दिगो रोजगारी र उद्‌यमशिलता प्रवर्धन अभियान संचालन गरिनेछ । व्यवसायिक सीप विकास, रोजगार प्रवर्द्धन, उत्पादनशील रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन, आप्रवासन लगाएतका श्रम तथा रोजगार सम्वन्धी सेवा तथा सुविधा एकीकृत रुपमा प्रदान गरिने छ।

३२. एकीकृत श्रम तथा रोजगार सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि बमोजिम रोजगारमूलक सेवाको सञ्चालन गर्न रोजगार सेवा केन्द्रबाट सूचना सङ्कलन, समन्वय, रोजगार सिर्जना तथा रोजगारमा पदस्थापना, सीपमूलक तथा क्षमता विकासका क्रियाकलापको संयोजन तथा सञ्चालन, वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजीकरण तथा परामर्श, वैदेशिक रोजगारबाट फर्केका श्रमिकको सामाजिक र आर्थिक पुनः एकीकरण सम्वन्धी क्रियाकलापहरू सञ्चालन गरिनेछ।

३३. स्वरोजगारका लागि उद्यमशीलता विकास तथा व्यावसायिक योजना निर्माण, श्रम र रोजगार सम्बन्धी स्थानीय तहमा पँहुच भएका सूचना प्रणाली सञ्चालन र विवरण अद्यावधिक गरिने छ साथै रोजगार परामर्श तथा रेफरल सेवा प्रदान गरिनेछ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

३४. वैदेशिक रोजगारमा संलग्न हुन चाहने व्यक्तिको श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिमा सहजीकरण सम्बन्धी सेवा सञ्चालनलाई निरन्तरता दिइने छ, र वैदेशिक रोजगारीमा जाने श्रमिकको लागि आवश्यक पर्ने पूर्व प्रस्थान अभिमुखिकरण तालिम सञ्चलन गरिनेछ।

३५. सुरक्षित आप्रवासन सँग सम्बन्धित विभिन्न निकायबाट उपलब्ध हुने सेवा तथा सुविधाको संयोजन गरि सेवा प्रवाह गरिनेछ।

३६. "समृद्ध नगरः कृषि, उद्योग, पर्यटन र पूर्वाधारमा रोजगार" भन्ने दीर्घकालीन सोचका साथ निर्माण गरिएको स्वर्गद्वारी नगरपालिकाको पञ्च वर्षे रोजगार रणनीति योजना कार्यान्वयन, कृषि बस्तुको उत्पादन, जडिबुटी तथा वन पैदावारको सङ्कलन, प्रसोधन, उद्यमशीलताको प्रवर्द्धन, पशुपालन, तरकारी, फलफूल खेती मार्फत न्यूनतम रोजगारी देखि दिगो रोजगारीको सिर्जना गरि बजारको मागका आधारमा आवश्यक सीपको पहिचान र उत्पादन गर्न सीपयुक्त जनशक्तिको उपयोग गरिनेछ।

३७. वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्रदान गरिने सेवाहरू मृतकको शव झिकाउने, उद्धार तथा खोजतलास गर्ने, तलब भत्ता तथा बीमा रकम सम्बन्धी, श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका कामदारको सन्ततीहरुलाई छात्रबृत्ती प्रदान, शव बहान/गाडी, स्वास्थ्य उपचार सहयोग, अंगभंङ्ग क्षतिपूर्ति, मृत्यु क्षतीपूर्ति जस्ता कार्यहरुमा सहजीकरण र कन्सुलर सेवा विभागबाट प्रदान हुँदै आइरहेको सेवाहरू विदेशमा रहेका नेपालीहरुको हकहितको सुरक्षा, उद्धार, क्षतिपूर्तिको पहल, कन्सुलर प्रमाणीकरण जस्ता सेवाहरुमा सहजीकरण गरिनेछ।

३८. राष्ट्रिय रोजगार कार्यक्रममा आवश्यक लागत साझेदारी गरी संञ्चालन गरिनेछ।

३९. रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत आवश्यक लागत साझेदारी गरी सेवा सञ्चालन गरिनेछ।

४०. रोजगार सेवा केन्द्रलाई थप दक्ष, प्रविधियुक्त र सुदृढिकरण गरिने छ। साथै श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा निर्मित श्रम संसार प्रणाली (shramsansar.gov.np) मार्फत तीनै तहका सरकार तथा गैर सरकारी/निजी क्षेत्रका सरोकारवालाहरुको समन्वय र सहकार्यमा श्रम तथा रोजगार सम्बद्ध सेवाहरू एकीकृत रुपमा प्रवाह गर्न श्रम संसार प्रणाली लाई प्रयोगमा ल्याइनेछ।

४१. स्वर्गद्वारी नगरपालिकाको श्रम तथा रोजगार नीति निर्माण गरिनेछ।

४२. नेपाल बैंक सँगको सहकार्यमा प्रदान गरिदै आएको सहुलियतपूर्ण कर्जालाई थप व्यवस्थित गर्दै लगिनेछ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

## कला, संस्कृति र पर्यटन

४३. पर्यटन प्रवर्द्धन सम्बद्ध निकाय सँग सहकार्य र समन्वय गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गरिनेछ।

४४. नगरक्षेत्र भित्रका साँस्कृतिक, धार्मिक क्षेत्रको विशेषता उल्लेख भएको QR कोडको निर्माण गरी सहजताको लागि संघ र प्रदेश सरकार सँग समन्वय गरी नगरको मुख्य/मुख्य स्थानमा राखिनेछ।

४५. पर्यटन व्यवसायलाई व्यवस्थित र व्याबसायिक बनाउन स्वर्गद्वारी केवलकार सञ्चालनको लागि विभिन्न पर्यटन व्यवसायी एवं निजी क्षेत्रको लगानीमैत्री वातावरण तयार गरिनेछ।

४६. पर्यटन पूर्वाधार विकासमा जोड दिई माण्डवी नदीमा र्‍यापिटङ सञ्चालनको लागि सङ्घीय सरकार, प्रदेश सरकार तथा विभिन्न पर्यटन व्यवसायहरूसँगको समन्बय कार्य अगाडि बढाइनेछ।

४७. सामुदायिक मगस होमस्टे धनवाङ र लालिगुँरास महिला सामुदायिक होमस्टे डाँडाखर्कमा सञ्चालनमा रहेका होमस्टेलाई पर्यटकीय रुपमा थप प्रवर्द्धन गरिनेछ। आवश्यकता अनुसार पालिकाको अन्य स्थानहरूमा पनि होमस्टे स्थापना गर्दै लगिनेछ।

४८. दहचौरको शान्ति पार्क, जिमुरपाटाको सूचना प्रविधियुक्त पार्क, सारीको सामुदायिक भवन र भूबनौट, स्वर्गद्वारी न.पा २ को कालिका पार्क र भिङ्ग्रीको चिल्ड्रेनपार्कलाई पर्यटकीय रुपमा प्रवर्द्धन गरिदै लगिनेछ।

४९. स्थानीय भाषा, संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न विशेष जोड दिईनेछ। नगरपालिका क्षेत्र भित्र रहेका परम्परागत चौतारी, पोखरी तथा विश्रामस्थलको पुनः निर्माण र संरक्षणको कार्यमा विशेष जोड दिईनेछ।

५०. स्वर्गद्वारी मन्दिरमा हेलिप्याड सहित थप पुर्वाधारको विकास गरिनेछ।

५१. धार्मिक पर्यटन सम्बन्धी देशका विभिन्न पालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरी पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ।

५२. स्वर्गद्वारी दर्शनमा आउने भारतीय दर्शनार्थीलाई लक्षित गरी नेपाल सरकारको समन्वयमा भारतका विभिन्न धार्मिक नगर सँग पर्यटन प्रवर्द्धनको लागि भगिनी सम्बन्ध कायम गर्न पहल गरिनेछ।

५३. नगरपालिका भित्रका ऐतिहासिक, साँस्कृतिक, धार्मिक महत्व बोकेका पर्यटकिय क्षेत्रको प्रचार प्रसारको लागि पर्यटन प्रवर्द्धन सँग सम्बद्ध निकाय सँग समन्वय एवम् सहकार्य गरी पर्यटन प्रवर्द्धन मार्फत स्थानीय आयस्तर वृद्धिमा विशेष ध्यान दिईनेछ।

CamScanner

लघु उद्यम

५४. नगरपालिका क्षेत्रभित्र लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।

५५. नयाँ र पूरानो उद्यमीहरुको मागमा आधारित सीपमुलक तालिम र प्रविधि हस्तान्तरण गरिनेछ।

उपस्थित आदरणीय नगर सभाका सदस्यज्यूहरु,

ख) सामाजिक विकास

शिक्षा युवा तथा खेलकुद तर्फः

५६. नगरभित्र शिक्षाको अधिकारबाट कोही पनि बञ्चित हुन नपरोस भन्ने हेतुले विद्यालय भन्दा बाहिर रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुको तथ्याङ्क संकलन गरी विद्यालयको पहुँचमा लिन सामुदायिक सिकाई केन्द्रलाई परिचालन गरिनेछ। गुणस्तरीय र निःशुल्क शिक्षा नगरपालिका घोषणा गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५७. बालबालिकाको समग्र विकासको लागि शिक्षामा एक विद्यालय एक स्मार्ट टिभीको नीतिलाई निरन्तरता दिइनेछ।

५८. विद्यालयको शैक्षिक गुणस्तर मजबुत बनाउन सामुदायिक विद्यालयका प्र.अ.हरु सँग कार्यसम्पादन सम्झौता गरिनेछ। प्र.अ.ले अनिवार्य विद्यालय शिक्षक सँग कार्यसम्पादन गरिने वातावरणको विकास गरिदै लगिनेछ।

५९. सामुदायिक विद्यालय प्रति सरोकारवालाको अपनत्व बढाउन लुम्बिनी प्रदेश सरकारको नीति "मेरो विद्यालय मेरो दायित्व" अभियानलाई सबै विद्यालयमा विस्तार गरिनेछ।

६०. "पढ्दै, सिक्दै, कमाउदै" अवधारणा बमोजिम प्रत्येक विद्यार्थीले सम्बन्धित शैक्षिक संस्था मार्फत कम्तीमा एउटा नवप्रवर्तनमा आधारित सीपमुलक तालिम लिने व्यवस्था लुम्बिनी प्रदेश सरकारको समन्वयमा मिलाईनेछ।

६१. विद्यालयहरूलाई प्रविधिमैत्री बनाउन समयको मागलाई मध्यनजर गर्दै डिजिटल विद्यालयको अवधारणा अगाडी बढाइनेछ।

६२. सामुदायिक विद्यालयको शैक्षिक उपलब्धी लगायतको सुपरीवेक्षण एवम् प्रणालीलाई नियमित व्यवस्थित र परिणाममुखी बनाइनेछ। अनुगमनको प्रतिवेदनको आधारमा शिक्षकलाई पुरस्कृत गरिदै लगिनेछ।

६३. निम्न प्रतिफल भएका विद्यालयहरुमा सिकाई सहजीकरण तथा सुक्ष्म अनुगमन गर्न विज्ञ समुह गठन गरि परिचालन गरिने छ।

६४. विद्यार्थी शिक्षक अनुपात मिलाउँदै शैक्षिक दरबन्दी मिलान गरिनेछ।

६५. विद्यालयको शैक्षिक गुणस्तर तथा शैक्षिक पूर्वाधार विकासमा जोड दिइनेछ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

६६. विद्यार्थीको सिकाइ उपलब्धी परीक्षणका लागि आवश्यक मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ। साथै शिक्षकको क्षमता विकासको लागि तालिम सञ्चालन गरिनेछ।

६७. भौगोलिक दूरी टाढा भएका विद्यार्थी सङ्ख्या न्यून रहेका विद्यालयहरूलाई स्थानान्तरण/समायोजन/कक्षा घटुवा गरी आवश्यक स्थानमा जनशक्ति पुरा गरिनेछ।

६८. प्रयोगशाला, पुस्तकालय, नवप्रवर्तन इकाई जस्ता संरचना तथा पूर्वाधारको विकास एवम् विस्तार गरी शिक्षालाई सीप विकास र उद्यमशीलता उन्मुख बनाईनेछ।

६९. बालबालिकाको शिक्षा पाउने मौलिक हक सुनिश्चित गर्दै विद्यार्थी संङ्ख्या कम भएका विद्यालयलाई मर्जर गर्न प्रोत्साहन गरिनेछ।

७०. बालबालिकाको क्षमता विकासको लागि प्रतिभा पहिचान/विकास कार्यक्रम संचालन गरिने छ। साथै जेहन्दार र गरिब विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ।

७१. विद्यालयको गुणस्तर सुधार गर्न प्रत्येक विद्यालयहरूमा वर्षभरिमा पटक/पटक अनुगमन गर्न प्रभावकारी अनुगमन संयन्त्र निर्माण गरिनेछ।

७२. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर विकास गर्न क्रमशः अंग्रेजी माध्यमबाट कक्षा संचालन गर्न प्रोत्साहन गरिनेछ।

७३. लगातार ३ वर्ष विद्यार्थी संङ्ख्या बढाउने विद्यालयलाई पुरस्कृत गरिनेछ।

७४. टोल शिक्षा सुधार अभियान अन्तर्गत टोलका सम्पुर्ण बालबालिकाहरुलाई विद्यालय पठाउने टोल विकास समितिलाई पुरस्कृत गरिनेछ।

७५. खेलकुदलाई प्रतिस्पर्धी एवम् व्यावसायिक बनाउन वडा तथा नगरस्तरमा विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ।

७६. नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनेछ।

७७. हरेक वर्ष नगरपालिकामा मेयर कप खेलकुद प्रतियोगिता सञ्चालनमा रहि आएकोमा अगामी आ.व.मा पनि निरन्तरता दिदै संस्थागत विकासमा जोड दिईनेछ।

७८. आवश्यकता अनुसार नगर भित्रका खेलकुद मैदानहरुलाई थप व्यवस्थित गरिनेछ।

७९. नगरवासीमा लुकेर रहेको प्रतिभाको खोजी गर्न प्रतिभा खोजि कार्यक्रम संचालन गरिनेछ।

<u>स्वास्थ्य तथा सरसफाई तर्फः</u>

९६. आमा सुरक्षा कार्यक्रमः

क) गर्भवती महिला, नवजात शिशु र सुत्केरी महिलाहरूको स्वास्थ्य प्रवर्द्धनका लागि उपमेयर कोसेली सेवा अन्तर्गत एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

ख) घरमा हुने सुत्केरीलाई शून्यमा झारी पूर्ण संस्थागत सुत्केरी भएको वडा घोषणा गर्दै आगामी दुई वर्षभित्र पालिकालाई नै पूर्णसंस्थागत सुत्केरी भएको नगरपालिका घोषणा गरी यसको निरन्तरताको सुनिश्चितता गरिनेछ।

ग) बर्थिङ सेन्टरका लागि आवश्यक पूर्वाधारहरूको व्यवस्थापन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ।

घ) सशर्त तर्फको आमा सुरक्षासँग सम्बन्धित कार्यक्रमहरूलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

१७. बाल स्वास्थ्य कार्यक्रम:

क) पूर्णखोप सुनिश्चितता तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ। समयानुकुलका खोप अभियानहरुलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

ख) हजार दिन भित्रका आमा, नवशिशु तथा बालबालिकाहरूको स्वास्थ्य, पोषण, सरसफाई, पूर्ण खोपमा विशेष ध्यान दिइनेछ।

ग) पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

घ) ५ वर्ष मुनिका बालबालिकाहरूको समुदायमा आधारित बालरोगको एकीकृत व्यवस्थापनमा विशेष ध्यान दिइनेछ।

१८. परिवार योजना कार्यक्रम:

क) सबै स्वास्थ्य संस्थाहरूमा परिवार नियोजनका साधनहरूको सर्वसुलभ उपलब्ध गराइ पहुँच र उपभोगमा वृद्धि गराउन जनचेतनामूलक अभियान मार्फत परिवार नियोजन साधनको प्रयोग दर (सिपिआर) बढाउने तर्फ केन्द्रित गरिनेछ।

ख) सबै स्वास्थ्य संस्थाहरू तथा विद्यालयहरूमा किशोर किशोरीमैत्री वातावरण तयार गरी स्वास्थ्य संस्थाहरूलाई किशोरकिशोरी मैत्री प्रमाणीकरण गरिदै लगिनेछ।

ग) ३० वर्ष भन्दा माथिको उमेरका महिलाहरूको प्रजनन सम्बन्धी (आङ खस्ने, पाठेघरको क्यान्सर, फिस्टुला आदि) समस्याहरुको समयमै पहिचान गर्ने स्क्रिनिङ्ग क्याम्पलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ।

घ) सुरक्षित गर्भपतन केन्द्रहरूलाई थप प्रभावकारी बनाइनुका साथै केन्द्रहरू थप गर्दै लगिनेछ।

१९. सर्ने तथा नसर्ने रोगहरूको रोकथाम, नियन्त्रण र उपचार:

क) क्षयरोग, एचआइभि/एडस, कुष्ठरोग, यौन रोग, डेंगु, मलेरिया आदि सर्ने रोगहरूको समयमै पहिचान गरि यसको प्रभावकारी रोकथाम, नियन्त्रण र उपचार गरिनुका साथै एचआइभी संक्रमितहरुलाई दिइदै आइरहेको मासिक यातायात तथा पोषण खर्चलाई निरन्तरता दिइनेछ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

ख) उच्च रक्तचाप, मधुमेह, मुटुरोग, मृगौला रोग, मोटोपना, मानसिक रोग जस्ता नसर्ने रोगहरूको समयमै पहिचान गरी रोकथाम, नियन्त्रण र उपचारको व्यवस्थालाई निरन्तरता दिइनेछ।

१००. नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरूमा तोकिए बमोजिम निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गरिएको सुनिश्चित गरिनेछ।

१०१. स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरूप प्रर्वद्धनात्मक, प्रतिकारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक सेवालाई एकीकृत रुपमा विकास तथा विस्तार गरिनेछ।

१०२. स्वास्थ्य सेवालाई सर्वशुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन सीप मिश्रित दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिनेछ।

१०३. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक औषधी, औषधीजन्य सामाग्री, औजार, उपकरण तथा निदानात्मक सेवाको व्यवस्था गरिनेछ।

१०४. स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाहलाई विद्यालयहरु र समुदायमा केन्द्रित गरि अनुकुल वातावरण सुनिश्चित गरिनेछ।

१०५. स्वास्थ्य प्रवर्द्धनका लागि ३ स (सफा चर्पी, सफा भान्सा, सफा घर आँगन र हराभरा करेसाबारी) अभियानलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ।

१०६. स्वास्थ्य बीमा कार्यक्रमलाई लक्षित बर्ग किटान गरि निरन्तरता दिइनेछ।

१०७. ४० वर्ष भन्दा माथिका नागरिकहरुका लागि आँखा स्वास्थ्य कार्यक्रमलाई केन्द्रित गरि जेष्ठ तथा आर्थिकरुपले बिपन्न नागरिकहरुका लागि निःशुल्क उपचारको व्यवस्था गरिनेछ।

१०८. पुर्वाधार तयार भएका खोप/गाँउघर किल्निक हरुलाई एक वडा एक शहरी स्वास्थ्य केन्द्रको नीति बमोजिम आवश्यकताको आधारमा क्रमशः स्तरोन्नती गरिदै लगिनेछ।

१०९. योग तथा आयुर्वेद उपचार पद्धतिलाई प्रभावकारी बनाउदै एक वडा एक आरोग्य केन्द्र (स्वास्थ्य प्रवर्द्धन केन्द्र) क्रमशः स्थापना र संचालन गरिदै लगिनेछ।

११०. ८० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुको घरदैलोमै गई स्वास्थ्य सेवा प्रदान गरिने कार्यलाई निरन्तरता दिइनेछ।

१११. समुदायमा सञ्चालन गरिने खोप किल्निक, गाँउघर किल्निक संचालनको समयमा खटिने स्वास्थ्यकर्मीहरु तथा महिला स्वास्थ्य स्वयसेविकाहरुका लागि यातायात तथा खाजाको व्यवस्था गरिनेछ।

११२. मानसिक समस्याहरु बढिरहेको अवस्थामा यसको समयमै रोकथाम, नियन्त्रण र उपचारका लागि व्यवस्थापन गरिनेछ।

११३. स्वर्गद्वारी सर्पदंश उपचारकेन्द्रलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

११४. आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालीलाई एकीकृत रुपमा विकास र विस्तार गरिनेछ।

११५. स्वास्थ्य क्षेत्रको दिगो विकासका लागि आवश्यक वित्तीय श्रोत तथा विशेष कोषको व्यवस्था गरिनेछ।

११६. स्वास्थ्य क्षेत्रमा नीतिगत, सँगठनात्मक तथा व्यवस्थापकीय संरचनामा समयानुकूल परिमार्जन तथा सुधार गर्दै सुशासन कायम गरिनेछ।

११७. विभिन्न कार्यस्थलहरुमा काम गर्ने कामदारहरुको पेशागत स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ।

११८. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिदै प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

महिला बालबालिका तथा जेष्ठ नागरिक तर्फ

महिला तर्फ:

११९. लैङ्गिक हिंसा मुक्त गाउँ/नगर बनाउन आवश्यक प्रबर्द्धनात्मक, उत्तारात्मक र निरोधात्मक उपायहरुको माध्यमबाट बस्तीस्तरमा लैङ्गिक हिंसा सम्बन्धी अभिमुखीकरण प्रशिक्षण संचालन गरिनेछ।

१२०. महिला माथि हुने सबै प्रकारका हिंसा तथा विभेद अन्त्यका लागि वडा तथा नगर भित्र वार्षिक कार्ययोजना बनाई विभिन्न कार्यक्रम संचालन गरिनेछ।

१२१. सीप सिकेर व्यवसाय संचालन गरिरेहका महिलाहरुलाई व्यवसाय निरन्तरताको लागि उच्चस्तरको सीपमुलक पुर्नताजकी तालिम संचालन गरिनेछ।

१२२. हिंसामा परेका व्यक्तिहरुलाई महिला मानव अधिकार कर्मीहरु र लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल मार्फत अभिमुखीकरण तथा प्रशिक्षण तालिम संचालन गरिनेछ।

१२३. महिला लक्षित कार्यक्रम संचालन गर्दा स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुने खालका व्यवसाय सीपमुलक तालिम संचालन गरिनेछ।

१२४. महिला लक्षित कार्यक्रम गर्दा दिगो विकासको लक्ष्य प्राप्त गर्न विशेष गरी लक्ष्य नं. ५, १० र १६ लाई केन्द्रित गर्दै बेईजिङ घोषणा पत्रका १२ वटा सवालहरुलाई सम्बोधन गरी कार्यक्रम संचालन गरिनेछ।

१२५. "हिंसा गर्दा पनि गर्दिन र गरेको पनि सहन्न" भन्ने मुलमन्त्र सहित शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ।

बालबालिका तर्फ:

टेक प्रसाद भण्डारी
नगर प्रमुख

१२६. बालविवाह, बहुविवाह, बालश्रम, विद्यालय शिक्षा निरन्तरता र लागुऔषध दुर्व्यसन निवारण गर्नका लागि विद्यालयस्तरहरुमा विभिन्न सचेतनामुलक संचालन गरिनेछ।

१२७. बालबालिका सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीमा व्यवस्था भएका बालबालिकाका हक अधिकार सुनिश्चित गर्नका लागि बाल संजाल र बालक्लबहरुको सक्रियतामा विभिन्न कार्यक्रम संचालन गरिनेछ।

१२८. साहारा बिहिन, गरिब जेहेन्दार तथा आमा बुवा बेपता भएका बालबालिकाहरुलाई विद्यालय शिक्षामा थप सक्रियता बनाउन शैक्षिक सामग्रीहरु वितरण गरी प्रोत्साहन गरिनेछ।

१२९. अति विपन्न वा टुहुरा बालबालिकालाई १२ कक्षा सम्मको अध्ययनको व्यवस्था मिलाउने व्यक्ति, उद्योगी वा व्यवसायीलाई सम्मान गरिनेछ।

१३०. बालमैत्री वडा घोषणा गर्ने वडालाई थप बजेटको व्यवस्था गरिनेछ।

<u>फरक क्षमता भएका व्यक्ति तर्फः</u>

१३१. पूर्ण अपाङ्ग र अति अशक्त अपाङ्ग भएका आर्थिक रुपमा विपन्न व्यक्तिहरुको घरदैलोमा पुगी थप स्वास्थ्य उपचारकाको लागि परामर्श तथा अपाङ्गता परिचयपत्र वितरण सेवा निःशुल्क उपलब्ध गराईनेछ।

१३२. राज्यबाट सामाजिक सुरक्षा भत्ता उपलब्ध नहुने विशेष गरी ग र घ बर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई विद्यालय शिक्षा तथा व्यवसायमूलक जीविकोपार्जन कार्यक्रमहरुलाई जोड दिई व्यवसायउन्मुख बनाईनेछ।

१३३. अपाङ्गता भएका व्यक्ति तथा अपाङ्गता अभिभावकहरुको आत्मसम्मान तथा मनोबल उच्च बनाउन सीप तथा शिक्षालाई प्राथमिकतामा राखी परामर्श सेवा उपलब्ध गराईनेछ।

१३४. अपाङ्गता न्यूनीकरणका लागि अपाङ्ग बाल अस्पतालको सहकार्यमा अपाङ्गता स्क्रिनीङ टेस्ट कार्यक्रम संचालन गरी आवश्यक उपचार प्रक्रियामा सहजीकरण गरिनेछ।

१३५. निःशुल्क अपाङ्ग परिचयपत्र वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

<u>जेष्ठ नागरिक तर्फः</u>

१३६. ८० वर्ष उमेर पुगेका जेष्ठ नागरिकका उत्कृष्ट स्याहारकर्ताहरुलाई सम्मान तथा प्रोत्साहन गरिनेछ।

१३७. अन्तरपुस्ता अनुभव तथा सीप हस्तारन्तरण कार्यक्रम मार्फत जेष्ठ नागरिकहरुको सीप तथा अनुभवको अधिकतम उपयोग गरिनेछ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

१३८. जेष्ठ नागरिक मिलनकेन्द्र भवनलाई थप सुदृढ तथा जेष्ठ नागरिक मैत्री बनाउँदै जेष्ठ नागरिकहरुको मागलाई सम्बोध गरी प्रत्येक महिना नियमित भेटघाट तथा भलाकुसारी कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१३९. वडास्तरमा जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ।

दलित तर्फ:

१४०. दलितहरुको परम्परागत सीप तथा कलाहरुको संरक्षणलाई प्राथमिकतामा राखी आरन सुधार तथा व्यवसायमुलक तालिम संचालन गरिनेछ।

१४१. सामाजिक विभेद, कुरीति कुसंस्कार बहिष्कार गर्नका लागि अन्तरजातीय बिबाह गर्ने जोडीलाई विशेष सम्मानका साथै जातीय भेदभाव छुवाछुत उन्मुलन राष्ट्रिय दिवस कार्यक्रम संचालन गरिनेछ।

१४२. दलित सञ्जालका पदाधिकारीहरुको नियमित बैठक संचालन गरी सचेतनामुलक अभियानमा अग्रसता बनाईने छ।

जनजाती तर्फ:

१४३. नगरस्तरीय जनजाती सञ्जाल पुनर्गठन गरी जनजातीहरुको नेतृत्वकर्ताहरुको सक्रियता रहने गरी कार्यक्रम संचालन गरिनेछ।

१४४. जनजातीहरुको परम्परागत पुर्ख्यौली भेषभूषा, भाषा तथा कला संस्कृति पहिचान तथा संरक्षण गरी मनोरञ्जनात्मक शैलीमा पर्यटन प्रर्वद्धनमा सहजिकरण गरिनेछ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ:

१४५. लैङ्गिक उत्तरदायी बजेटलाई प्राथमिकतामा राख्दै लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षण कार्यक्रमलाई सबै लक्षित वर्गहरुको प्रतिनिधित्व हुने गरी निरन्तरता दिईनेछ।

१४६. वडा तथा नगरस्तरमा गठन भएका लै.स.सा.स., लैङ्गिक हिंसा, महिला, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक, दलित, जनजाती तथा अन्य समितीहरुको नियमित बैठक मार्फत संजालहरुलाई थप सक्रियता र प्रभावकारीता बनाई कार्यक्रम संचालन गरिनेछ।

१४७. लैंगिकताको विश्लेष्ण गरी योजना निर्माण, अनुगमन, समिति गठन तथा विपद व्यवस्थापन गर्दा लक्षित वर्गहरुलाई पहिलो प्राथमिकतामा राखी नगरस्तरवाट हुने कार्यक्रम संचालन गरिनेछ।

१४८. हिंसामा परेको व्यक्तिहरुको कुरा सुनाई तथा न्यायिक समाधानको लागि लैङ्गिक सहायता डेस्क मार्फत सेवा उपलब्ध गराईनेछ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता

१४९. प्रविधिमैत्री सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता अभिलेख व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै लगिनेछ।

१५०. जनस्तरमा व्यक्तिगत घटनादर्ताको महत्व दर्साउन घटना दर्ता सम्बन्धी आवश्यकता अनुसार सचेतानामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

१५१. दुरदराजका वृद्ध, अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक सुरक्षा भत्ता बैंक सँगको समन्वय र सहजीकरणमा सम्बन्धित टोलसम्म पुर्याउने वातावरण निर्माणमा पहल गरिनेछ।

गैरसरकारी संस्थातर्फ

१५२. नेपालको संविधानको मर्म अनुरुप नगरपालिका र गैससको समन्वय र सहकार्यमा दलित, जनजाति, महिला, अपाङ्गता लगायतका नागरिक लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

१५३. स्थानीय तहको माग र आवश्यकतालाई ध्यानमा राखी प्राथमिकताको आधारमा कार्यक्रम छनौट गरिनेछ।

१५४. कार्यक्रमको कार्यान्वयन, गुणस्तर र प्रभावकारीता मुल्याङ्कन गर्न संयुक्त अनुगमन समिति बनाईनेछ।

१५५. गैरसरकारी संस्थाहरूको कार्यक्रमलाई नगरपालिकाको योजना निर्माण प्रक्रियामा समावेश गरी विकासका प्रयासहरु नदोहोर्याइ एकद्वार नीति अन्तर्गत सञ्चालन गरिनेछ।

आदरणीय नगरसभा सदस्यज्यूहरू,

## ग) पुर्वाधार विकास क्षेत्र

भौतिक पूर्वाधार तर्फः

१५६. नगरपालिकाभित्र निर्माण हुने भौतिक पूर्वाधारहरुलाई अपाङ्गमैत्री, वातावरणमैत्री र हरित सडकका रुपमा विस्तार र स्तरोन्नती गरिनेछ।

१५७. नगर केन्द्र र वडा केन्द्र जोड्ने सडकहरूलाई बाह्रै महिना सञ्चालन हुने गरी स्तरोन्नति गरिनेछ।

१५८. पर्याबरणीय क्षेत्रलाई ध्यान दिँदै नयाँ बाटो खोल्ने कार्यक्रमलाई न्यूनीकरण गरिदै लगिनेछ।

१५९. धार्मिक तथा पर्यटकीय क्षेत्रसम्म जाने बाटोलाई प्राथमिकता दिइनेछ।

१६०. अन्तरपालिका जोड्ने सडक निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१६१. बजार क्षेत्रलाई मध्यनजर गरी सार्वजनिक शौचालय र प्रतिक्षालय निर्माणलाई प्राथमिकतामा राखिनेछ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

१६२. नगरका गौरवका आयोजनाहरू छनौट गरी निर्माणका लागि गुरुयोजना तयार गरी प्रदेश केन्द्र सरकार तथा निजी क्षेत्रबीच सहकार्य एवम् समन्वय गरी सञ्चालन गरिनेछ।

१६३. आफ्नो भवन नभएका वडा कार्यालयहरूको भवन निर्माण कार्यलाई अगाडि बढाइनेछ।

१६४. एकीकृत बस्ती विकासको नीति लिइनेछ। नमुना बस्ती सहर कार्यक्रम अन्तर्गत यस नगरका समथर भूभागका सडकहरूको स्तर उन्नति गर्नको लागि उक्त कार्यक्रमबीच समन्वय तथा सहकार्यलाई निरन्तरता दिइनेछ।

१६५. नगरपालिकाभित्र रहेको औद्योगिक ग्रामलाई आवश्यक पूर्वाधार विकास गरी तत्काल सञ्चालनमा ल्याउन प्रयास गरिनेछ।

१६६. नगरपालिकाको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचनालाई पूर्ण रुपमा लागु गरिनेछ।

१६७. जनतासँग मेयर उपमेयर कार्यक्रमलाई थप व्यवस्थित गर्दै लगिनेछ।

१६८. विकास निर्माणको कार्यमा टोल विकास संस्थाको सक्रिय सहभागिताको सुनिश्चितता गरिनेछ।

१६९. आयोजनाहरूको मर्मत सम्भार कोषको सुनिश्चितताको लागि आयोजनाहरूबाट दुई प्रतिशत मर्मत सम्भार कट्टी गर्ने नीति निरन्तर जारी राखिनेछ।

१७०. विकास निर्माण सँग सम्बन्धित योजनाहरूको वातावरणीय प्रभाव अध्ययन कार्य सुरुवात गरिनेछ।

१७१. प्राथमिकता र आवश्यकताको आधारमा बाँकी रहेका आयोजनाको डि.पि.आर गरिनेछ।

१७२. नगर क्षेत्रमा रहेको प्राकृतिक स्रोत साधनहरूको वातावरणीय प्रभाव परीक्षण आइ.इ.इ गरी नदी तथा नदीजन्य पदार्थको उत्पादन तथा व्यवस्थापन गरिनेछ।

सिँचाइ तथा खानेपानी तर्फः

१७३. विद्यालय, सरकारी कार्यालय र नव-निर्माण भवनहरूमा वर्षा पानी संकलनको व्यवस्थाको लागि विशेष पहल गरिनेछ।

१७४. नगर भित्रका सबै खानेपानीका मुहान संरक्षण गर्ने विशेष अभियान सञ्चालन गरिनेछ। खानेपानीको स्रोत बचाउन उपयुक्त स्थानमा रिचार्ज पोखरी निर्माण गरिनेछ। एक वडा एक रिचार्ज पोखरी अभियानलाई निरन्तरता दिइनेछ।

१७५. पर्यावरणीय स्वच्छता कायम राख्न वार्षिक रूपमा बाल उद्यान/खुलाक्षेत्र हरियालीक्षेत्र विस्तारका चौतारीहरू वा पोखरीहरू वा सडक हरियाली क्षेत्र विस्तार गर्दै लगिनेछ।

१७६. प्रत्येक घरमा स्वच्छ सफा र शुद्ध खानेपानीको व्यवस्था मिलाइनेछ। वर्षायाममा शुद्ध पानी प्राप्तिको दिर्घकालिन व्यवस्था खोजिनेछ। एक घर एक धाराको अभियानलाई निरन्तरता दिइनेछ।

१७७. खानेपानी तथा सरसफाई सम्बन्धी कार्ययोजना वास प्लान निर्माण गरी कार्यान्वयन गरिनेछ।

१७८. माण्डवी नदीबाट लिफ्ट सिँचाइ गर्ने विभिन्न संघसंस्था र आवश्यक निकायहरूमा पहल गरिनेछ।

आदरणीय नगरसभा सदस्यज्यूहरू,

घ) वन वातावरण तथा विपद व्यवस्थापन

वन वातावरण तथा विपद व्यवस्थापन तर्फ:

१७९. वन्यजन्तु – मानव द्वन्द न्यूनिकरण गर्नको लागि वन्यजन्तु प्रवेश हुने क्षेत्रमा जैविक बाड, सचेतना कार्यक्रम तथा क्षतिपूर्ति व्यवस्थालाई सुदृढ गरिनेछ।

१८०. "हरियालीसँगै पूर्वाधार" नीति अन्तर्गत संघ तथा प्रदेश सरकार सँग समन्वय गरी सडक छेउ, बगैंचा, जलाशय संरक्षणको लागि वृक्षारोपण गरिनेछ।

१८१. हरियो नगर अभियान अन्तर्गत प्रत्येक वडामा एक सार्वजनिक हरित क्षेत्र निर्माणको लागि विभिन्न सार्वजनिक निकाय गैर सरकारी संघ संस्था निजि व्यक्ति सँग समन्वय गरिनेछ।

१८२. वन क्षेत्रहरूमा हुने डढेलो नियन्त्रण गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१८३. वातावरण दिवसको अवसरमा पहिरोबाट जोखिमयुक्त स्थानहरूमा वृक्षरोपण कार्यक्रम सञ्चालन गरिनेछ।

फोहोरमैला व्यवस्थापन तर्फ:

१८४. मिद्दी स्वर्गद्वारी सडक खण्डमा फोहोरमैला व्यवस्थापनको लागि विभिन्न ठाँउमा स्थानीय बाँसबाट निर्मित डोकाहरुको प्रबन्ध गरिनेछ।

१८५. फोहरमैलालाई घरमै वर्गीकरण गर्न सचेतना कार्यक्रम गरिनेछ।

१८६. नागरिकको स्वास्थ्यलाई दृष्टिगत गरी नगरक्षेत्रभित्र प्लाष्टिक जन्य सामाग्रीको प्रयोगमा लगाईएको न्यूनिकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

आदरणीय नगरसभा सदस्यज्यूहरू,

ङ) सार्वजनिक सेवा तथा क्षमता विकास

संस्थागत सेवा प्रवाह र सुशासन तर्फ:

१८७. अस्थायी, करार सेवामा कार्यरत कर्मचारीहरु सेवा अवकाश पछी रित्तो हात फर्किने बाध्यता लाइ मध्ये नजर गर्दै कर्मचारीहरुको उच्च मनोबलका लागि सामाजिक सुरक्षा कोषमा क्रमशः आवद्ध गराउदै लगिनेछ।

१८८. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास तथा नागरिकप्रति जवाफदेहिता कायम गर्न तालिम प्रदायक निकायहरु सँग समन्वय गरी क्षमता विकास तालिम संचालन गरिनेछ।

१८९. कर्मचारीहरुलाई कामको सम्मान र सेवा प्रवाहमा उत्प्रेरित गर्न अतिरिक्त काम गरेवापत प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

१९०. डिजिटल प्रशासन प्रणाली सुदृढिकरण अन्तर्गत नगरपालिकाको सेवा प्रवाहलाई विस्तारै कागज रहित (Paperless) अनलाईन सेवा आवेदन (Faceless) ई फाइलिङ, मोबाईल एप मार्फत सेवा अनुगमन प्रणाली जस्ता डिजिटल प्रविधि विस्तार गरिदै लगिनेछ।

१९१. सूचनाको हकलाई पूर्ण रुपमा कार्यान्वयन गर्दै सार्वजनिक महत्व र चासोका विषयमा समय तोकेर नै सूचना प्रवाहको वातावरण तयार गरिनेछ।

१९२. नागरिकहरुको गुनासो र समस्याहरुको सुनुवाई गर्न गुनासो व्यवस्थापन समिति बनाई सहजिकरण गरिनेछ।

१९३. स्थानीय तह स्थापना भएको दिनलाई स्थानीय दिवसको रुपमा मनाइनेछ।

१९४. स्वास्थ्य सेवा प्रवाह गरिने स्वास्थ्य संस्थावाट प्रभावकारी अभिलेखिकरण र प्रतिवेदनका लागि आवश्यक विद्युतिय सामाग्रीहरु (ल्यापटप, प्रिन्टर, इन्टरनेट आदि)को व्यवस्थापन गरिदै लगिनेछ।

१९५. कार्यपालिकाको क्रियाकलापलाई पारदर्शी, जवाफदेही, उत्तरदायी र मितव्ययी बनाउन नियमित रूपमा सार्वजनिक सुनवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, खर्च सार्वजनिकरण जस्ता विधि र प्रक्रियालाई नियमित बनाइनेछ।

१९६. शून्य बेरुजुको अवधारणा अनुसार बेरुजु हुने अवस्थालाई निरुत्साहित गरी हरेक वर्षका बेरुजुहरू क्रमश फछ्यौट गर्दै लगिनेछ।

१९७. न्यायिक समितिबाट सम्पादन हुने कार्यहरूलाई क्रमश डिजिटल रुपमा परिवर्तन गर्रिदै लगिनेछ।

१९८. कर्मचारी कल्याण कोषलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ।

१९९. आयोजनाको अनुगमन तथा मूल्याङ्कनलाई थप प्रभावकारी बनाउदै लगिनेछ।

२००. नगर क्षेत्रभित्र सञ्चालन हुने तालिम कार्यक्रम अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम, अनुगमन तथा मूल्याङ्कन, प्राविधिक कर्मचारीहरूको फिल्डभत्ता, पदाधिकारी तथा कर्मचारीहरूको बैठक भत्ता लगायतका अन्य भत्ताहरूका लागि खर्च सञ्चालन निर्देशिका बमोजिम एकरुपता कायम गरिनेछ।

२०१. आन्तरिक नियन्त्रण प्रणाली पुर्ण रुपमा कार्यान्वय गरी सुशासन स्थापनाको लागि आवश्यक कानुन निर्माण गरी लागू गरिनेछ।

२०२. नगरपालिकामा रहेको स्वीकृत रिक्त दरबन्दीमा कर्मचारी व्यवस्थापन गरिनेछ।

२०३. स्वर्गद्वारी नगरपालिकाको वस्तुगत विवरण (Digital Profile) अध्यावधिक गरिदै लगिनेछ।

२०४. नगरप्रहरी इकाइमा भर्ना रहेका नगर प्रहरीको क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।

२०५. विभिन्न लोकतान्त्रिक आन्दोलनमा जीवन उत्सर्ग गर्ने महान सहिदहरु प्रति उच्चसम्मान गर्दै निजका परिवारलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

CamScanner

वित्तीय सुशासन तर्फः

२०६. योजना तथा कार्यक्रम संशोधन तथा वर्षको अन्तिम तीन महिनामा हुने अधिकतम खर्च गर्ने प्रवृतिमा सुधार गर्दै लगिनेछ।

२०७. वार्षिक बजेट प्रस्तुतिसँगै वार्षिक खरिद गुरुयोजना अनुसार खरिद कार्य संचालन गरिनेछ।

२०८. ५ लाख माथि १० लाख मुनिसम्मका उपभोक्ता समिति बाहेकका आयोजनाहरु संचालन गर्दा सूचना प्रकाशन गरी प्रतिस्पर्धात्मक तरिकाले गरिनेछ।

२०९. लेखामा अनुशासन, पारदर्शिता कायम गर्न गठन गरिएको सार्वजनिक लेखा समितिलाई थप जिम्मेवार बनाईनेछ।

२१०. ठेक्का पट्टा तथा सम्झौता निर्धारित समयभित्रै सम्पन्न गर्न विद्युतीय बोलपत्रलाई पूर्णरुपमा प्रयोग गरिनेछ।

वित्तीय व्यवस्थापन र राजस्व परिचालन तर्फः

२११. नगरक्षेत्रभित्र उपलब्ध सम्पत्ती, सेवा, व्यवसाय, खानी तथा अन्य सम्भावित राजश्व स्रोतहरुको डिजिटल नक्साङ्कन गरि स्रोतको वैज्ञानिक परिचालन गर्न विशेष पहल गरिनेछ।

२१२. समयमै कर तिर्ने उत्कृष्ट करदातालाई कर प्रोत्साहन तथा सम्मान गरिनेछ।

२१३. नगर क्षेत्रभित्र दर्ता नगरी सञ्चालनमा रहेका व्यवसाय तथा बजार क्षेत्रमा सञ्चालनमा रहेका ठेला व्यवसायीलाई अनुगमन गरी दर्ता प्रक्रियामा ल्याईनेछ।

२१४. Connect IPS, e-Sewa, Khalti लगायत डिजिटल माध्यमबाट कर तथा दस्तुर संकलन गर्ने व्यवस्था व्यापक गरिनेछ।

२१५. सामाजिक न्याय, कर तिर्न सक्ने क्षमता, क्षेत्रगत विकास आवश्यकताका आधारमा करको दर परिमार्जन गरिनेछ।

२१६. करको दर भन्दा दायरा फराकिलो बनाई कर प्रणालीलाई वैज्ञानिक बनाउदै लगिनेछ।

२१७. वित्तीय अनियमितता न्यूनिकरण, खर्चका प्राथमिकता परीक्षण र पारदर्शिता अभिवृद्धिका लागि आन्तरिक लेखा परीक्षणको संस्थागत सुदृढिकरण गरिनेछ।

२१८. कार्यक्रमको प्रतिफल, सेवा प्रभावकारिता र नतिजाका आधारमा बजेट विनियोजन गरिनेछ।

२१९. दलित, एकल महिला तथा फरक क्षमता भएका व्यक्तिहरुलाई व्यवसाय दर्तामा विशेष छुटको व्यवस्था गरिने छ।

२२०. निष्क्रिय सम्पत्ति, खुला ठाँउ, भवन आदि सम्पत्तिलाई आम्दानीमुलक रुपमा उपयोग गरिनेछ।

सुचना तथा प्रविधि तर्फः

२२१. स्वर्गद्वारी गेटमा निर्मित डिजिटल सूचनापाटीमा यस नगरपालिकाका मुख्य पर्यटकीय क्षेत्रको जानकारी गराई आन्तरिक र बाह्य पर्यटनलाइ प्रवर्द्धन गर्दै लगिनेछ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

२२२. नगरपालिकाका सबै सूचनालाई वेबसाइट, फेसबुक पेज साथै स्थानीय संचारमाध्यमबाट प्रकाशन गरी सूचनामा नागरिकको पहुँच बढाइनेछ।

२२३. नगरपालिकाको विकास प्रवर्द्धनमा योगदान पुर्याउने सञ्चार माध्यम र सञ्चारकर्मीलाई पुरस्कृत गर्दै लगिनेछ।

२२४. नगरपालिकाका सबै अभिलेखलाई क्रमश डिजिटलाइज गर्ने कार्यलाई निरन्तरता दिदै लगिनेछ।

२२५. स्वर्गद्वारी नगरपालिकाका विकास गतिविधि सेवा प्रवाह लगायतका विषयहरू समेटी हरेक ३/३ महिनामा स्वर्गद्वारी स्वपत्र प्रकाशन गरिनेछ।

२२६. इन्टरनेट प्रयोगमा नागरिकको पहुँच बढाउन नेपाल दूरसंचार प्राधिकरणसँग समन्वय गरी इन्टरनेट सेवा विस्तार नभएका स्थानहरुमा अप्टिकल फाइबरसहितको उच्च गतिको इन्टरनेट जडानको लागि पहल गरिनेछ।

२२७. नगरपालिकाका सबै शाखा तथा जनप्रतिनिधिहरूलाई एकैसाथ सूचना प्रवाह हुने गरी इ सम्पर्कको विकास गरिनेछ।

२२८. नगरपालिकाको वेबसाइट, मोवाइल एप्स, एसएमएस प्रणाली, फेसबुक पेज, ट्विटर पेजलाई प्रभावकारी रुपमा सञ्चालन गरी तत्काल सुझाव लिन र दिन मिल्ने पद्धतिको विकास गरिनेछ।

२२९. नगरपालिकामा विद्युतीय सुशासनलाई आवश्यक पूर्वाधार सूचना तथा प्रविधि कक्षलाई पूर्णरुपमा आधुनिक बनाइनेछ।

२३०. प्रत्येक सेवाग्राहीले कर तथा शुल्क तिरेको विवरण तत्कालै एसएमएसबाट दिने प्रणालीलाई थप व्यवस्थापन गरिनेछ।

२३१. घर नक्सा पास गर्ने प्रणालीलाई डिजिटल प्रणालीमा लगिनेछ।

२३२. नगरपालिकाका सबै पुराना तथा महत्त्वपूर्ण कागजातहरूलाई डिजिटलाइज गरी व्यवस्थित गरिनेछ।

आदरणीय नगरसभा सदस्यज्यूहरू,

२३३. नीति तथा कार्यक्रम हाम्रो नगरको दिगो विकास, समृद्ध जीवनस्तर र जवाफदेही प्रशासनको दिशा तर्फको एक ठोस प्रतिवद्धता हो। यो केवल कागजी दस्तावेज मात्र नभएर हाम्रो सामुहिक संकल्प, साझा दृष्टिकोण र नागरिक अपेक्षाको नीतिगत अभिव्यक्ति हो। जसमा विकास र समावेशिताको गहिरो सम्वेदनशीलता छ।

२३४. हाम्रो नगरका हरेक वडामा पुगेका सेवाग्राही, अपाङ्गता भएका व्यक्ति, महिला, किसान, युवा, विद्यार्थी, व्यवसायीको आवाज समेटिएको साझा खाका हो। यसमा समावेश गरिएका कार्यक्रमहरु सहभागितामुलक, सुशासन, डिजिटल प्रविधिको उपयोग, सामाजिक न्याय, र समान पहुँच, दिगो पूर्वाधार निर्माण, सेवा प्रभावकारिता, पारदर्शिता, उत्तरदायित्वमा, आधारित केन्द्रिय प्राथमिकताका विषय हुन।

स्वर्गद्वारी नगरपालिका
२०७३

CamScanner

२३५. यहाँबाट हामीले जे प्रस्ताव गरेका छौं त्यो कार्यान्वयन गर्न नगरकार्यपालिकाको निष्ठा मात्र होईन नगरसभाको बुद्धिमत्ता, कर्मचारीको प्रतिबद्धता, साझेदार संस्थाको साथ र नागरिकको सहयोग अनिवार्य हुनेछ। यो मार्ग सहजीकरण गर्न सबै तहका संस्थागत समन्वय, प्रदेश र संघ सरकारसँग सहकार्य र गैरसरकारी तथा निजी क्षेत्रसँग रणनीतिक साझेदारी आवश्यक छ।

२३६. बाँकी रहेका पूर्वाधार पूरा गर्न जनशक्ति, प्रविधि र स्रोतको सीमा चिन्तनमा राखेर कार्यको प्राथमिकता निर्धारण गरेका छौं। नगरपालिकाको स्रोत र क्षमता भित्रका आयोजनाहरुलाई विषयगत समितिमा व्यापक छलफल गरी सन्तुलित र दिगो बनाउने प्रयास गरिएको छ। नगरपालिकाको उपलब्ध स्रोत साधनले धान्न नसकेका योजनाहरुलाई क्रमश: प्रदेश र केन्द्र सरकार समक्ष अनुरोध गर्ने प्रयत्न गरिएको छ।

२३७. हामीमा सीमित स्रोत र साधन छन् तर हाम्रो संकल्प र आवश्यकतामा कुनै सीमा छैन। हामी नवप्रवर्तनशील सोच, उपलब्ध स्रोत र साधनको समुचित प्रयोग र दक्ष जनशक्ति परिचालन मार्फत यी सीमाहरुलाई अवसरमा बदल्ने अठोट गरेका छौं। विकासलाई केवल सडक भवन र भौतिक संरचना सम्म सीमित नगरी शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता, सामाजिक सुरक्षा, उद्यमशिलता, नवपर्वतन जस्ता पक्षबाट सामाजिक विकासलाई पनि केन्द्रमा राख्न आवश्यक छ भन्ने दृष्टिकोण अवलम्बन गरेका छौं।

अन्त्यमा,

२३८. बजेट नीति तथा योजना तर्जुमाका सीलसिलामा महत्वपूर्ण योगदान पुऱ्याउने नगरसभा सदस्यज्यूहरू, कार्यपालिकाका सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु, नगरस्तरीय राजनीतिक दलका प्रतिनिधिहरु, उद्योग वाणिज्य सङ्घका प्रतिनिधिहरू, साझेदार संस्थाहरू, पत्रकारहरू, सामुदायिक तथा निजी क्षेत्र, सम्पूर्ण संघसंस्था लगायत योजना तर्जुमा देखि नै अहोरात्र खटिनु भएका नगरपालिकाका सम्पुर्ण कर्मचारीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु।

यस नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा अमूल्य सुझाव र सहयोग उपलब्ध गराई सहयोग पुर्याउनु हुने सबै महानुभावहरु तथा निकायहरुमा आभार व्यक्त गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

निर्णय नं २: प्रस्ताव नं (२) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐन २०८२, आर्थिक ऐन, २०८२ तथा आगामी आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रमहरू गरिमामय नगर सभाका उपाध्यक्षज्यूबाट प्रस्तुत गर्ने निर्णय गरियो। साथै, प्रस्तुत गरिएका विनियोजन ऐन, आर्थिक ऐन तथा बजेट तथा कार्यक्रमहरुमा थप छलफल गरी आवश्यक संशोधनसहित अनुमोदनको लागि १७औं नगरसभा अधिवेशनको दोस्रो बैठक समक्ष पेश गर्ने निर्णय गरियो।

स्वर्गद्वारी नगरपालिका २०७३

हेम प्रसाद भण्डारी
नगर प्रमुख

निर्णय नं ३: प्रस्ताव नं (३) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ को अवधिसम्म स्वर्गद्वारी नगरपालिकाको न्यायिक समितिबाट सम्पादन गरिएका कार्यहरू सम्बन्धी प्रगति प्रतिवेदन न्यायिक समितिका संयोजक समेत रहनु भएका १७औं नगर सभाका उपाध्यक्षज्यूबाट गरिमामय नगर सभा समक्ष प्रस्तुत न्यायिक समितिबाट सम्पादन गरिएका कार्यहरूको प्रगति प्रतिवेदन गरिमामय नगर सभामा छलफल भएकोमा सो प्रतिवेदनलाई स्वीकृति गर्ने निर्णय गरियो।

### न्यायिक समिति आ.व. २०८१/०८२ को १७औं नगर सभामा प्रस्तुत प्रगति प्रतिवेदन

न्यायिक समिति, नेपालको संविधानको धारा २१७ ले व्यवस्था गरेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ को कानून बमोजिम गठित संस्था हो। कानून बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न नगरपालिकाले उप प्रमुखको संयोजकत्वमा नगर सभाबाट आफु मध्येबाट निर्वाचित गरेका दुई सदस्य सहित तीन (३) सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था गरेको छ। यो नै न्यायिक समिति गठन गर्ने संवैधानिक आधार हो।

नेपालमा न्याय सम्पादनको अधिकार तीन तहका अदालतलाई दिइएको भएता पनि संविधान र कानुन बमोजिम केही न्यायिक अधिकार स्थानीय तहलाई दिएको छ। स्थानीय तहलाई दिइएका कानूनी अधिकारकहरुको उद्धेश्य स्थानीय स्तरमा देखिने विवाद तथा अशान्तिहरु स्थानीय स्तरमै समाधान होस जसबाट जटिल कानूनी झमेलाबाट जनता मुक्त होउन र सर्वसूलभ न्याय प्रणालीको उपभोग गर्न सकुन र समाजमा अमन चयन तथा दिगो शान्तीको आधारशिला प्रवर्द्धन गर्न सकियोस भन्ने नै हो।

स्वर्गद्वारी नगरपालिकाको न्यायिक समितिले आफ्नो अधिकार क्षेत्रमा रहेको काम कर्तव्य र अधिकारहरुको प्रभावकारी कार्यान्वयन गर्न, न्यायिक समितिको संस्थागत विकास गर्न, सामुदायिक मेलमिलाप केन्द्रहरु गठन भएका छन र कतिपय उजुरीहरु वडाबाटै दर्ता भई त्यहि नै मेलमिलाप भई किनारा लाग्ने गरेका छन भने न्यायिक समितिमा पनि दर्ता भएका निवेदन, फिराद र प्रतिउत्तर पत्रहरुका बिषयमा मेलमिलापको माध्यमबाट छलफल गराई मेलमिलाप गराउने कार्यहरु सम्पन्न भएका छन। यस नगरपालिकाबाट जटिल प्रकृतिका थोरै उजुरीहरु मात्र अन्य निकायहरुमा जाने गरेका छन्। त्यसैगरी यस नगरपालिका अन्तर्गत रहेको न्यायिक समिती, मेलमिलपकर्ता र जनप्रतिनिधिहरुका लागि क्षमता विकास तथा कानूनी सचेतना तालिम कार्यक्रम सम्पन्न गर्नुका साथै जिल्ला स्तरीय र अन्तर जिल्ला अन्तरपालिका असल अभ्यास सिकाई आदन प्रदान गर्ने कार्य सधै झैं यस वर्ष पनी सम्पन्न भएको छ।

प्यूठान जिल्लामा सबैभन्दा धेरै उजुरी दर्ता हुने पालिकामा यस नगरपालिका रहेबाट जनताको भरोसा नगर न्यायिक समितीमा बढेको छ भन्ने हामीमा महशुस हुँदा खुसि लागेको छ साथै नगरबाट मेलमिलाप भई पुन विवादमा परेका केश पनि हाल सम्म अत्यन्तै न्यून देखिएकोले विवाद निरुपणमा पनि सेवाग्राहीहरुको सन्तुष्टि देखिएको छ भन्ने हामिमा विश्वास जागेको छ। यति मात्रै होइन विभिन्न कारणले कठिनाईमा परेका साहाराविहीन र यौन हिंसा भोग्नु परेका महिलाहरुलाई उद्धार केन्दमा पठाई सहज जीवनयापनका लागि मार्ग प्रशस्त गर्ने कार्य पनि न्यायिक समितिको अगुवाईमा भएको तथा मानसिक स्वास्थ्य कमजोर

हुनेहरुका लागि मनोपरामर्श तथा औषधीउपचारका लागि समेत न्यायिक समितीबाट हुन सक्ने सेवा सल्लाह उपलब्ध गराईएको छ । यसरी मेलमिलापमात्र नभई सामाजिक शान्ती र सौहाद्रताका लागि मानवसेवाका पहलहरुमा पनि न्यायिक समितिले कार्य गरेको कुरा जानकारी गराउन चाहान्छु ।

यसै गरी न्यायिक समितीको संस्थागत सवलीकरणका लागि समयसमयमा आयोजना हुने गोष्ठी सेमिनार, तालिम तथा अन्तरपालिका स्तरीय समन्वय बैठक आयोजना गरिएकोमा पालिकाको तर्फबाट सक्रिय सहभागीता हुने गरेको छ। यस पालिकामा पनि त्यस्ता कार्यक्रमहरुको आयोजना गर्ने, न्यायिक समितीमा काम गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने कार्य गरिएको छ ।

सभाका अध्यक्ष महोदय, म यस आर्थिक वर्ष २०८१/०८२ मा यस स्वर्गद्वारी नगरपालिकाको न्यायिक समितिले गरेका कार्यहरु र दर्ता भएका निवेदन, फिराद र प्रतिउत्तर पत्रहरुका विषयमा मेलमिलापको माध्यमबाट छलफल भई सम्पन्न भएका र बाँकी रहेका विवादलाई यस गरिमामय सभामा प्रस्तुत गर्न चाहान्छु ।

आर्थिक वर्ष २०८१/०८२ मा न्यायिक समितिबाट गरिएका कार्यहरु निम्न अनुसार रहेका छन ।

- मेलमिलापको माध्यमबाट निवेदनलाई मिलापत्र गरिएको छ।
- वडास्तरमा मेलमिलाप हुन नसकेका निवेदन न्यायिक समितिमा मिलापत्र गरिएको छ ।
- मेलमिलापकर्ताले पूर्ण रुपमा सहयोग गर्नुभएको छ ।
- कर्मचारी, जनप्रतिनिधिहरुबाट मेलमिलाप र न्याय सम्पादनका कार्यमा पूर्ण रुपमा सहयोग भएको छ ।
- न्यायिक समितिका पदाधिकारीहरु, कर्मचारी, मेलमिलाप कर्ताहरु, क्षमता विकास अन्तर्गत अन्तर स्थानीय तह न्याय निरुपणका असल अभ्यास तथा सिकाईको लागि अभिमुखीकरण कार्य सम्पन्न गरिएकोछ ।
- निवेदन, फिराद पत्र, प्रतिउत्तर पत्र दर्ता, तारेख पर्चा, म्याद तामेलि सम्वन्धी कार्यहरु नियमित भएका छन ।
- न्यायिक समितिको आयोजनामा पालिका स्तरीय, जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नगरपालिकाबाट दिईने न्याय सम्पादन सम्वन्धी सेवाहरुका विषयमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।
- न्यायिक समितिबाट निवेदन उपर छलफल गरी पक्ष र विपक्षहरुको सहमतिमा मिलापत्र भएका विषयहरुको प्रमाणीकरण गर्ने कार्य सम्पन्न भएका छन ।
- नगरपालिकाका सबै वडाहरुमा मेलमिलाप केन्द्रको स्थापना र मेलमिलाप कर्ता र वडा सचिव हरुलाई अभिमखिकरण कार्यक्रम सम्पन्न गरीएको छ ।
- अन्तरपालिका समन्वय बैठक, तालिम, अभिमुखीकरण, अन्य पालिकाहरुबाट अनुगमनको शिलशिलामा आउँदाको अनुभव समेत भएको छ ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

- न्यायिक समितिको जिल्ला अदालत प्यूठानबाट जिल्ला न्यायाधिशको नेतृत्वमा अनुगमन र अभिमुखीकरण कार्य सम्पन्न भएको छ ।
- मेलमिलापकर्ता न्यायिक समितिलाई अन्तरजिल्ला अन्तरपालिका सिकाई आदानप्रदान तथा अध्ययन अवलोकन कार्य सम्पन्न भएको छ । साथै यस स्वर्गद्वारी नगरपालिकामा पनि विभिन्न जिल्ला तथा पालिकाहरु हुप्सेकोट गाउँपालिका नवलपुर, बारपाक सुलिकोट गाउँपालिका गोरखा, कैलारी गाउँपालिका कैलाली, गोगुलगंगा नगरपालिका, माछापुछ्रे गाउँपालिका र छायाँनाथ रारा नगरपालिका मुगुको पनि यस स्वर्गद्वारी नगरपालिकामा अध्ययन अवलोकन गर्ने कार्य भएको छ ।
- आ.व. २०८१/०८२ को बजेट २०,००,०००/- विनियोजित गरिएकोमा रु.१११४३४५.९४। खर्च भई वित्तीय प्रगति ५५.७१ प्रतिशत रहेको छ ।
- निवेदन/मुद्धाको संक्षिप्त विवरण

| क.सं | कार्यविवरण | २०८१/०८२ | कैफियत |
|---|---|---|---|
| १. | न्यायिक समिति बैठक | २७ | |
| २ | जम्मा निवेदन संख्या | ३४ | |
| ३ | मेलमिलाप भएको संख्या | २२ | |
| ४ | लगतकट्टा संख्या | ५ | |
| ५ | अदालत/अन्य निकाय | २ | |
| ६ | मेलमिलापको प्रकृयामा रहेको संख्या | ४ | |
| ७ | आदेश | ३७ | |
| ८ | फैसला | १ | |

**न्याय सम्पादनको क्रममा देखिएका चुनौतीहरु:**

१) टाढाका सेवाग्राहीले साना प्रकृतिका निवेदन दर्ता गर्न झंझटिलो र खर्चिलो महशुस गर्ने भएकाले धैरै उजुरीहरु दर्ता नहुनु ।

२) पीडित पक्षले मेलमिलाप प्रक्रियाबाट न्याय सम्पादन हुन्छ भन्ने बुझाईमा अस्पष्टता हुनु ।

३) पीडित पक्षहरुलाई गाँउका भद्र भलादमीहरुले परम्परागत शैलिमा पहुँचको आधारमा मात्र न्याय दिने प्रचलन कायम रहनु र अन्याय गर्ने व्यक्तिले प्रथमिकता पाइरहेको अवस्थाले गर्दा न्यायिक सम्पादनको प्रक्रियामा घटनाहरु कम दर्ता हुनु ।

४) दक्ष कर्मचारीको अभावले कार्य सम्पादनमा समस्या हुनु ।

अन्त्यमा यो प्रतिवेदन निर्णयार्थ प्रस्तुत गरिदिनुहुन म नगरसभाका अध्यक्षज्यू समक्ष पेश गर्दछु ।

धन्यवाद ॥

स्वर्गद्वारी नगरपालिका २०७३

टेक प्रसाद भण्डारी
नगर प्रमुख

निर्णय नं ४: प्रस्ताव नं (४) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको सार्वजनिक लेखा समितिको प्रतिवेदन तथा महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त बेरुजु सम्बन्धी प्रतिवेदन सार्वजनिक लेखा समितिका संयोजक श्री कृष्ण बहादुर रोकायज्यूबाट गरिमामय नगर सभा समक्ष प्रस्तुत गर्ने निर्णय गरियो। साथै, प्रस्तुत गरिएका सार्वजनिक लेखा समितिको प्रतिवेदन तथा महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त बेरुजु सम्बन्धी प्रतिवेदन उपर थप छलफल गरी बेजुरु फर्छ्यौट सम्बन्धि प्रस्ताव अनुमोदनको लागि १७औं नगरसभा अधिवेशनको दोस्रो बैठक समक्ष पेश गर्ने निर्णय पनि गरियो।

निर्णय नं ५: प्रस्ताव नं (५) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाबाट निर्माण गरिएका विभिन्न ऐन, कानुन तथा आर्थिक ऐन २०८१, स्वर्गद्वारी नगरपालिकाद्वारा संचालन हुने सबै प्रकारका तालिम, गोष्ठी, सेमीनार, कार्यशाला, बैठक संचालन तथा सवारी र इन्धन खर्चको मापदण्ड (Norms), २०७७ र नगर प्रहरी सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० संशोधन प्रस्तावहरू सम्बन्धमा तयार भएको विधायन समितिको प्रतिवेदन विधायन समितिका संयोजक श्री कमल बहादुर घर्तिमगरज्यूबाट गरिमामय नगर सभा समक्ष प्रस्तुत गर्ने निर्णय गरियो। साथै, प्रस्तुत गरिएका ऐन, कानुन तथा आर्थिक ऐन २०८१ संशोधन प्रस्तावहरू उपर थप छलफल गरी प्रस्ताव अनुमोदनको लागि १७औं नगरसभा अधिवेशनको दोस्रो बैठक समक्ष पेश गर्ने निर्णय पनि गरियो।

अन्त्यमा १७औं नगरसभाको दोस्रो बैठक सभाका अध्यक्ष श्री टेक प्रसाद भण्डारी ज्यूको आदेश बमोजिम यहि मिति २०८२/०३/१३ गते बस्ने गरी प्रथम बैठक सम्पन्न गरियो।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

आज मिति २०८२ साल असार महिनाको २१ गते दिन दिउसो १ बजे यस स्वर्गद्वारी नगरपालिका नगरकार्यपालिकाको कार्यालय भिंग्री, प्यूठानको १७औं नगरसभाको दोस्रो बैठक नगरपालिकाको प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षता र तपसिल बमोजिमका नगरसभा सदस्य ज्यूहरुको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उपप्रमुख | |
| ३ | श्री केशवराज भट्टराई | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री मेघराज जि.सी. | सदस्य/१ नं. वडा अध्यक्ष | |
| ५ | श्री बुद्धिराम पुन मगर | सदस्य/२ नं. वडा अध्यक्ष | |
| ६ | श्री कृष्ण बहादुर रोकाय | सदस्य/३ नं. वडा अध्यक्ष | |
| ७ | श्री सुवर्ण कुमार श्रेष्ठ | सदस्य/४ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिर बहादुर घर्ति मगर | सदस्य/५ नं. वडा अध्यक्ष | |
| ९ | श्री गिरि गुरुङ | सदस्य/६ नं. वडा अध्यक्ष | |
| १० | श्री सुरज घर्ति मगर | सदस्य/७ नं. वडा अध्यक्ष | |
| ११ | श्री खोप बहादुर राउत | सदस्य/८ नं. वडा अध्यक्ष | |
| १२ | श्री नर बहादुर वि.एम. | सदस्य/९ नं. वडा अध्यक्ष | |
| १३ | श्री पुरुषोत्तम बराली | नगर कार्यपालिका सदस्य | |
| १४ | श्री सुरज संगम सुनार | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री शारदा बुढाथोकी | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री खेमराज विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री अमृता देवी बुढाथोकी | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शिवा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री सबिता वि.क. | नगर कार्यपालिका सदस्य | |
| २० | श्री दिपक घर्ति मगर | वडा सदस्य वडा नं. १ | |
| २१ | श्री स्मृति कुमारी महारा पुन | वडा सदस्य वडा नं. १ | |
| २२ | श्री निम बहादुर पुन मगर | वडा सदस्य वडा नं. १ | |
| २३ | श्री धनि देवी नेपाली | वडा सदस्य वडा नं. १ | |
| २४ | श्री रामकली सुनार | वडा सदस्य वडा नं. २ | |
| २५ | श्री विष्णु खनाल | वडा सदस्य वडा नं. २ | |

CS CamScanner

| | | | |
|---|---|---|---|
| २६ | श्री पुर्ण बहादुर घर्ति मगर | वडा सदस्य वडा नं. २ | |
| २७ | श्री बिमला नेपाली | वडा सदस्य वडा नं. ३ | बिमला |
| २८ | श्री हुकुम बहादुर रोका | वडा सदस्य वडा नं. ३ | |
| २९ | श्री दुज बहादुर घर्ति मगर | वडा सदस्य वडा नं. ३ | |
| ३० | श्री दोर्ण बहादुर रावल | वडा सदस्य वडा नं. ४ | |
| ३१ | श्री सहदेव राउत | वडा सदस्य वडा नं. ५ | |
| ३२ | श्री अम्बिका सुनार | वडा सदस्य वडा नं. ५ | |
| ३३ | श्री खेत बहादुर राहु मगर | वडा सदस्य वडा नं. ५ | |
| ३४ | श्री कमल बहादुर घर्ति | वडा सदस्य वडा नं. ६ | |
| ३५ | श्री उदय जि.एम. | वडा सदस्य वडा नं. ६ | |
| ३६ | श्री भावना विष्ट | वडा सदस्य वडा नं. ६ | |
| ३७ | श्री आषा परियार | वडा सदस्य वडा नं. ६ | आशा |
| ३८ | श्री कविता पुन | वडा सदस्य वडा नं. ७ | कविता |
| ३९ | श्री अनिता बि.क. | वडा सदस्य वडा नं. ७ | अनिता |
| ४० | श्री दामोदर गोराथोकी | वडा सदस्य वडा नं. ७ | |
| ४१ | श्री डुक बहादुर पोखेल | वडा सदस्य वडा नं. ८ | |
| ४२ | श्री धनि देवी सुनार | वडा सदस्य वडा नं. ८ | |
| ४३ | श्री यमा खत्री | वडा सदस्य वडा नं. ८ | यमा |
| ४४ | श्री निमा देवी घर्ति मगर | वडा सदस्य वडा नं. ९ | निमा |
| ४५ | श्री रेसमी देवी सुनार | वडा सदस्य वडा नं. ९ | रेसमी |
| ४६ | श्री पुर्ण बहादुर घर्ति मगर | वडा सदस्य वडा नं. ९ | |
| ४७ | श्री ईन्द्र बहादुर घर्ति मगर | वडा सदस्य वडा नं. ९ | |
| **आमन्त्रीत** | | | |
| १ | श्री सौन्दर्यमणि सुवेदी | सूचना प्रविधि अधिकृत | |
| २ | श्री विष्णु प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख | |
| ३ | श्री ऋषिकेश भण्डारी | योजना तथा अनुगमन शाखा प्रमुख | |
| ४ | श्री आयुषा ओली | लेखापाल | |
| ५ | श्री प्रेम बहादुर जि.सी. | शिक्षा युवा खेलकुद शाखा प्रमुख | |
| ६ | श्री निमा डाँगी | महिला बालबालिका शाखा प्रमुख | |
| ७ | श्री शोभाराम रोका | जिन्सी शाखा प्रमुख | |

| | | | |
|---|---|---|---|
| ८ | सुशिला नेपाली | स्वर्गद्वारी नगरपालिकाको कार्यालय ब.उ.नि.प. | [illegible] |
| ९ | निमा बर्ति मगर | का.स. | [illegible] |
| १० | रिमा नेपाली | का.स. | [illegible] |
| ११ | गोकर्ण प्र. भण्डारी | स्वा-प्रतिनिधि | [illegible] |
| १२ | गोविन्द खड्का | न.प्र.ह. | [illegible] |
| १३ | तेजमान रोका मगर | रोजगार सहायक | [illegible] |
| १४ | हेमन्त पुन | अ.स.पा. | [illegible] |
| १५ | बलदेव खड्का | ॥ | [illegible] |
| १६ | बलराम श्रेष्ठ | का.स. | [illegible] |
| १७ | विष्णु खनाल | . . . | [illegible] |
| १८ | हेमराज आचार्य | प्र.नि. | [illegible] |
| १९ | श्यामबुद्ध मुखिया | प्र.क.अ. | [illegible] |
| २० | जन बहादुर [illegible] | का.स. | [illegible] |
| २१ | | | |
| २२ | | | |
| २३ | | | |
| २४ | | | |
| २५ | | | |
| २६ | | | |
| २७ | | | |
| २८ | | | |
| २९ | | | |
| ३० | | | |
| ३१ | | | |
| ३२ | | | |
| ३३ | | | |
| ३४ | | | |
| ३५ | | | |
| ३६ | | | |
| ३७ | | | |

प्रस्तावहरु

१. आगामी आ.व २०८२/०८३ को विनियोजन ऐन स्वीकृत सम्बन्धमा।
२. आर्थिक ऐन २०८२ स्वीकृत सम्बन्धमा।
३. आगामी आ.व २०८२/०८३ को बजेट तथा कार्यक्रम स्वीकृत सम्बन्धमा।
४. सार्वजनिक लेखा समितिको प्रतिवेदन तथा बेरुजु प्रतिवेदन उपर छलफल तथा स्वीकृत सम्बन्धमा।
५. यस स्वर्गद्वारी नगरपालिकाबाट निर्माण भएका विभिन्न ऐन, कानुन तथा ऐन संशोधन प्रस्ताव उपर विधायन समितिको प्रतिवेदन उपर छलफल तथा स्वीकृत सम्बन्धमा।
६. विषयगत समिति, कार्यपालिका बैठकको निर्णय तथा खर्च अनुमोदन सम्बन्धमा।
७. नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन सम्बन्धमा।
८. स्वर्गद्वारी नगरपालिकाको लोगो अनावरण सम्बन्धमा।
९. विधायन समितिका संयोजकद्वारा लोगो स्विकृती प्रस्ताव उपर छलफल तथा स्वीकृत सम्बन्धमा।
१०. ढाफेधारा शहरी स्वास्थ्य केन्द्र भवन सम्बन्धमा।
११. विद्यालय शिक्षक तथा कर्मचारी दरबन्दी मिलान सम्बन्धमा।
१२. कर्मचारीहरुले अतिरिक्त समय काम गरेबापतको भत्ता सम्बन्धमा।
१३. मध्यमकालिन खर्च संरचना स्वीकृत सम्बन्धमा।
१४. स्वर्गद्वारी नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८२ अनुमोदन सम्बन्धमा।

निर्णयहरु

निर्णय नं १: प्रस्ताव नं (१) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको १७औं नगरसभाका उपाध्यक्ष तथा नगर उप प्रमुख श्री मिनराज राना मगर ज्यूले मिति २०८२ साल असार १० गते प्रस्तुत गर्नु भएको स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐन, २०८२ व्यापक छलफल गरी सर्वसहमतिले स्वीकृत गरियो।

ऐन संख्या १

स्वर्गद्वारी नगरपालिका

## स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐन - २०८२

नगर सभामा पेश गरेको मिति: २०८२।०३।१०
स्वीकृत/प्रमाणिकरण मिति: २०८२।०३।२१

स्वर्गद्वारी नगरपालिका
लुम्बिनी प्रदेश
भिंगृ, प्यूठान

टेक प्रसाद भण्डारी
नगर प्रमुख

स्वर्गद्वारी नगरपालिका
२०७३

# स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐन, २०८२

स्वर्गद्वारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२

प्रस्तावना: स्वर्गद्वारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम स्वर्गद्वारी नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस ऐनको नाम "स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.आर्थिक वर्ष २०८२/०८३ को निमित्त स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:

१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च, शर्शत अनुदान संघीय सरकार र प्रदेस सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान, राजश्व बाँडफाटबाट प्राप्त अनुदान,विशेश अनुदान, समपुरक अनुदान, आन्तरिक आय र अन्य रकम एवं वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ९१ करोड ५८२ लाख ४० हजारमा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सकिने छ। तर यो बजेटमा संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत र अन्य निकायवाट थप बजेट प्राप्त भएमा सोही अनुसार खर्च गर्न बाधा पर्ने छैन।

३. विनियोजन:

१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र विषयगत शाखाहरुले सम्पादन गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शिर्षकमा बचत हुने र कुनै शिर्षकमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाको बैठकको निर्णयले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम रकमान्तर गर्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम रकमान्तर तथा निकासा र खर्च जनाउन सकिने छ। पुंजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ रकमान्तर र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन तर चालू तथा पुँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम रकमान्तर गर्न सकिने छ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
सञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं. | बजेटका स्रोतहरु | आय अनुमान |
|---|---|---|
| क | आय अनुमान | ९१८२४०००० |
| 1 | आन्तरिक स्रोत | २६७२५००० |
| 1.1 | सम्पती कर/भुमिकर/मालपोत | ५५००००० |
| 1.2 | वहाल कर | १०००००० |
| 1.3 | वहाल बिटौरी कर | १५००००० |
| 1.4 | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १५००० |
| 1.5 | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | 0 |
| 1.6 | अन्य बिक्रीबाट प्राप्त रकम | 0 |
| 1.7 | विद्युत सेवा शुल्क | 0 |
| 1.8 | अन्य सेवा शुल्क तथा बिक्री | 0 |
| 1.9 | न्यायिक दस्तूर | १५००० |
| 1.10 | परीक्षा शुल्क | ४०००० |
| 1.11 | अन्य प्रशासनिक सेवा शुल्क | ३००००० |
| 1.12 | शिक्षा क्षेत्रको आम्दानी | ५००० |
| 1.13 | नक्सापास दस्तुर | १०००००० |
| 1.14 | सिफारिश दस्तुर | २५००००० |
| 1.15 | व्यक्तिगत घटना दर्ता दस्तुर | ६००००० |
| 1.16 | नाता प्रमाणित दस्तुर | १५०००० |
| 1.17 | अन्य दस्तुर | 0 |
| 1.18 | विद्युत सम्बन्धी दस्तुर | 0 |
| 1.19 | विज्ञापन कर | ५०००० |
| 1.20 | प्रदुषण नियन्त्रण शुल्क | ४००००० |
| 1.21 | सवारी साधन कर (साना) | २००००० |
| 1.22 | न्यायिक दण्ड जरिवाना र जफत | 0 |
| 1.23 | पार्किङ शुल्क | ३००००० |
| 1.24 | प्रशासनिक दण्ड जरिवाना र जफत | २५०००० |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| | | |
|---|---|---|
| 1.25 | व्यवसाय कर | २५००००० |
| 1.26 | कबाडी कर | ५००००० |
| 1.27 | अन्य राजस्व | १०००००० |
| 1.28 | बेरुजु | 0 |
| **2** | **राजस्व तथा रोयल्टी बाँडफाँडबाट प्राप्त आय** | **१२६२३२७१७** |
| 2.1 | घरजग्गा रजिष्टेशन दस्तुर | ५०००००० |
| 2.2 | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ८५२३९५३८ |
| 2.3 | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | २८४१३१७९ |
| 2.4 | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १२५८०००० |
| 2.5 | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | 0 |
| 2.6 | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | 0 |
| 2.7 | बाँडफाँड भई प्राप्त वन रोयल्टी | 0 |
| 2.8 | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ३९००००० |
| **3** | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | |
| **3.1** | ***संघीय सरकार*** | ५७४३००००० |
| 3.1.1 | १३३११ समानिकरण अनुदान | १०९७००००० |
| 3.1.2 | १३३१२ शसर्त अनुदान चालु | २७३९००००० |
| 3.1.3 | १३३१३ शसर्त अनुदान पुँजीगत | १५०१००००० |
| 3.1.4 | १३३१५ विषेश अनुदान पुँजीगत | २७७००००० |
| 3.1.5 | १३३१७ समपुरक अनुदान पुँजीगत | १२९००००० |
| **3.2** | ***प्रदेश सरकार*** | ३७६४६००० |
| 3.2.1 | १३३११ समानिकरण अनुदान | ७२४६००० |
| 3.2.2 | १३३१२ शसर्त अनुदान चालु | ९००००० |
| 3.2.3 | १३३१३ शसर्त अनुदान पुँजीगत | १५५००००० |
| 3.2.4 | १३३१४ बिशेष अनुदान चालु | २०००००० |
| 3.2.5 | १३३१७ समपुरक अनुदान पुँजीगत | १२०००००० |
| **4** | ***जनसहभागिता*** | |
| 4.1 | १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | 0 |
| 5 | १३४१२ अन्य व्यक्तिगत आन्तरिक अनुदान | 0 |
| 6 | अन्तर स्थानीय तह साझेदारी रकम | 0 |
| 8 | ऋण | 0 |
| 9 | बैंक मौज्दात | ३३३३६२८३ |
| 10 | सामाजिक सुरक्षा | १२०००००० |
| **ख** | **जम्मा खर्च** | **९१८२४००००** |
| **१** | **चालु खर्च** | **५८२३८००००** |

टेकप्रसाद भण्डारी
नगर प्रमुख

| | | |
|---|---|---|
| २ | पुँजीगत खर्च | ३३५६६0000 |
| ३ | वित्तीय व्यवस्था (सावा भुक्तानी र शेयर लगानी) | 0 |
| ग | बचत (+) न्यून (-) | |

निर्णय नं २: प्रस्ताव नं (२) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको १७औं नगरसभाका उपाध्यक्ष तथा नगर उप प्रमुख श्री मिनराज राना मगर ज्यूले मिति २०८२ साल असार १० गते प्रस्तुत गर्नु भएको स्वर्गद्वारी नगरपालिकाको आर्थिक ऐन, २०८२ व्यापक छलफल गरी सर्वसहमतिले स्वीकृत गरियो।

ऐन संख्या २

स्वर्गद्वारी नगरपालिका

# स्वर्गद्वारी नगरपालिकाको आर्थिक ऐन -२०८२

नगर सभामा पेश गरेको मिति: २०८२।०३।१०
स्वीकृत/प्रमाणिकरण मिति: २०८२।०३।२१

स्वर्गद्वारी नगरपालिका
लुम्बिनी प्रदेश
भिंगृ, प्यूठान

टेक प्रसाद भण्डारी
नगर प्रमुख

निर्णय नं ३: प्रस्ताव नं (३) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको १७औं नगरसभाका उपाध्यक्ष तथा नगर उप प्रमुख श्री मिनराज राना मगर ज्यूले मिति २०८२ साल असार १० गते प्रस्तुत गर्नु भएको आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रममा विभिन्न क्षेत्रबाट आएको सुझाव अनुसार मिति २०८२ साल असार २१ गतेको नगर सभाको १७औं अधिवेशनको दोस्रो बैठक समक्ष पेश भएको संशोधित तपसिल बमोजमको बजेट तथा कार्यक्रम सर्वसहमतिले स्वीकृत गर्ने निर्णय गरियो।
गरिमामय यस १७औं नगरसभा अधिवेशनको पहिलो बैठकका अध्यक्ष ज्यू, सभा सचिव ज्यू, नगरसभा सदस्यज्यूहरु, पत्रकारज्यूहरु, सुरक्षा कर्मीज्यूहरु, सम्पूर्ण कर्मचारी मित्रहरु एवम् अन्य उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु।

स्थानीय तहको संरचना निर्माणसँगै स्वर्गद्वारी नगरपालिकाले विगतका वर्षहरुमा विकास र सेवा प्रवाहका विविध पक्षमा उल्लेखनीय उपलब्धिहरु हासिल गर्दै आएको छ । संविधानले प्रत्याभूत गरेका अधिकारको प्रभावकारी प्रयोग गर्दै हामीले जनजीवनलाई सुलभ, सशक्त र समृद्ध बनाउने दिशामा महत्वपूर्ण पाइला चालेका छौं । आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि तयार पारिएको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव अनुभूति गरिरहेको छु । स्वर्गद्वारी नगरपालिकाले लिएको "समृद्द स्वर्गद्वारीः कृषि, पर्यटन र रोजगारी" लाई आत्मसात गर्दै आगामी आ.व २०८२/०८३ को बजेट तथा कार्यक्रम तयार गरिएको छ ।

स्वर्गद्वारी नगरपालिकाको समग्र भौगोलिक, सांस्कृतिक र आर्थिक स्वरुप हेर्दा यहाँको समृद्धिको आधार कृषि, पर्यटन र रोजगारीका क्षेत्रहरु नै हुन् । यी क्षेत्रहरु आपसमा अन्योन्याश्रित छन्, र सही रणनीति अपनाएर विकास गरिएमा स्वदेशमै समृद्धि सम्भव छ भन्ने हाम्रो विश्वास हो। त्यसैले यो नारालाई केवल औपचारिक घोषणामा सीमित नराखी कार्यान्वयनमुखी र व्यावहारिक योजनाको रूपमा बजेटमा रुपान्तरण गरिएको छ।

कृषि क्षेत्र हाम्रो नगरको मेरूदण्ड हो । नगरवासीहरुको दैनिकी, खाद्य सुरक्षा, आयआर्जन र रोजगारको मूल स्रोत कृषि नै हो। आधुनिक कृषि प्रविधिको विस्तार, सिंचाइ सुविधा, बीउबिजन र मलखादको पहुँच, किसानको सशक्तिकरण, सहकारी प्रणालीको सुदृढीकरण जस्ता कार्यक्रमहरु यस बजेटले समेटेको छ। कृषिमा आत्मनिर्भरता हासिल गर्दै युवालाई आकर्षित गर्ने वातावरण तयार गर्नु हाम्रो प्रमुख लक्ष्य हो।

त्यस्तै, पर्यटन क्षेत्र स्वर्गद्वारी नगरपालिकाको पहिचान हो। स्वर्गद्वारी मन्दिरको धार्मिक महत्व, प्राकृतिक विविधता, सामुदायिक होमस्टेहरुको विशिष्टता, पहाडी जीवनशैली र संस्कृति–यी सबैले पर्यटनलाई रोजगारी र विकाससँग गाँस्ने आधार बनाउँछन्। यस वर्ष बजेटले, पूर्वाधार निर्माण, पर्यटन तालिम, प्रचार-प्रसार, र स्थानीय उत्पादनको प्रवर्द्धनमा विशेष जोड दिएको छ। पर्यटन क्षेत्रको विकासले स्थानीय स्तरमै सेवा, व्यापार, उत्पादन र सांस्कृतिक संरक्षणसँग जोडिएका रोजगारीका अवसरहरु सिर्जना गर्छ।

रोजगारी भनेको नगरका नागरिकहरुको आत्मसम्मान र स्वावलम्बनसँग प्रत्यक्ष जोडिएको बिषय हो। बजेटले विशेष गरी युवा, महिला, दक्ष श्रमिक र साना उद्यमीहरुलाई लक्षित गर्दै रोजगारी सिर्जना हुने कार्यक्रमहरु जस्तै तालिम, कृषि तथा पशुपालनमा आधारित उद्यम विकास, सहुलियत कर्जा, सूचना

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

प्रविधि आधारित उद्यमशीलता जस्ता विषयहरु समेटेको छ । नगर भित्रै स्वाभिमानी र दिगो रोजगारी सृजनाको लागि निजी क्षेत्र, सहकारी र स्थानीय सरकारको साझेदारीलाई प्राथमिकता दिइएको छ।

यसरी हामीले कृषि उत्पादनमा वृद्धि, पर्यटन प्रवर्द्धनमार्फत सेवा क्षेत्रको विस्तार, र रोजगारी सिर्जनामार्फत नगरको आर्थिक रुपान्तरणलाई एउटै ढाँचामा बाँध्ने प्रयास गरेका छौं। यी तीनै क्षेत्रको संयुक्त विकासबाट मात्र "समृद्ध स्वर्गद्वारी" को परिकल्पना साकार हुन्छ भन्ने हाम्रो दृढ अठोट हो।

यो बजेट वडास्तरीय सुझाव, सरोकारवालाको सहभागिता, नगर कार्यपालिका र कार्यालय प्रमुखहरुको अन्तरक्रिया, अघिल्लो वर्षका कार्यान्वयन अनुभव र मूल्याङ्कनमा आधारित रही तयार गरिएको हो। यसको सफल कार्यान्वयनका लागि सर्वदलिय सहयोग र सुझावको आधारमा पारदर्शिता, जवाफदेहिता, सामाजिक अनुगमन, नागरिक सहभागिता र अनुगमन प्रणाली सुदृढ पारिनेछ।

आदरणीय १७औं नगरसभा अधिवेशनको पहिलो बैठकका अध्यक्ष र सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,

अब म नगरपालिकाको आन्तरिक आय, संघीय र प्रदेश सरकारबाट राजस्व बाडफाड, समानीकरण अनुदान, समपुरक अनुदान, बिशेष अनुदान, शसर्त अनुदान पुजीगत, सशर्त अनुदान चालु र नगरपालिकाको अल्याह सहित आगामी आ.व २०८२/०८३ को प्रस्तावित आय सहित विनियोजन ऐन यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

| बजेटका स्रोतहरु | आय अनुमान | कैफियत |
|---|---|---|
| आय अनुमान | ९१८२४०००० | ९१ करोड ८२ लाख ४० हजार |
| आन्तरिक स्रोत | २,६७,२५,००० | २ करोड ६७ लाख २५ हजार |
| राजस्व तथा रोयल्टी बाँडफाँडबाट प्राप्त आय | १२,६२,३२,७१७ | १२ करोड ६२ लाख ३२ हजार ७ सय १७ |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ५०,००,००० | ५० लाख |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८,५२,३९,५३८ | ८ करोड ५२ लाख ३९ हजार ५ सय ३८ |
| बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | २,८४,१३,१७९ | २ करोड ८४ लाख १३ हजार १ सय ७९ |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,२५,८०,००० | १ करोड २५ लाख ८० हजार |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ३९,००,००० | ३९ लाख |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | | |
| संघीय सरकार | ५७,४३,००,००० | ५७ करोड ४३ लाख |
| १३३११ समानिकरण अनुदान | १०,९७,००,००० | १० करोड ९७ लाख |
| १३३१२ शसर्त अनुदान चालु | २७,३९,००,००० | २७ करोड ३९ लाख |
| १३३१३ शसर्त अनुदान पुंजीगत | १५,०१,००,००० | १५ करोड १ लाख |

स्वर्गद्वारी नगरपालिका

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

| | | |
|---|---|---|
| १३३१५ विशेष अनुदान पुँजीगत | २,७७,००,००० | २ करोड ७७ लाख |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १२९००००० | १ करोड २९ लाख |
| प्रदेश सरकार | ३७६४६००० | ३ करोड ७६ लाख ४६ हजार |
| १३३११ समानिकरण अनुदान | ७२४६००० | ७२ लाख ४६ हजार |
| १३३१२ शसर्त अनुदान चालु | ९००००० | ९ लाख |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १५५००००० | १ करोड ५५ लाख |
| १३३१४ बिशेष अनुदान चालु | २,००,००० | २० लाख |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १२०००००० | १ करोड २० लाख |
| बैंक मौज्दात | ३३३३६२८३ | ३ करोड ३३ लाख ३६ हजार २ सय ८३ |
| सामाजिक सुरक्षा | १२०००००००० | १२ करोड |
| जम्मा खर्च | ९१८२४०००० | ९१ करोड ८२ लाख ४० हजार |
| चालु खर्च (सामाजिक सुरक्षा सहित) | ५८२३८०००० | ५८ करोड २३ लाख ८० हजार |
| पुजीगत | ३३५६६०००० | ३३ करोड ५६ लाख ६० हजार |

अब म यो सम्मानित नगर सभा समक्ष आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## साझेदारी शीर्षक

स्वर्गद्वारी नगरपालिकाको दिगो विकास, आधारभूत सेवा प्रवाहको सुदृढीकरण तथा स्थानीय जनताको आवश्यकता सम्बोधन गर्न, संघीय सरकार, प्रदेश सरकार र अन्य सम्बन्धित निकायहरुसँगको सहकार्य तथा साझेदारीलाई विशेष प्राथमिकता दिइएको छ। नगरपालिकाको सीमित स्रोत-साधनले नगर क्षेत्रभित्रका विविध विकासका आवश्यकता तथा पूर्वाधार निर्माण कार्यहरु सम्पूर्ण रुपमा धान्न कठिन हुने यथार्थतालाई दृष्टिगत गर्दै, उपलब्ध स्रोतको अधिकतम उपयोग र बहु-पक्षीय सहभागितामूलक विकास सुनिश्चित गर्न 'साझेदारी ' शीर्षकमा रू. ७ करोड ५६ लाख १० हजार रकम विनियोजन गरेको छु। यस कार्यक्रमअन्तर्गत संघीय र प्रदेश सरकारका योजनासँग सहकार्य, सहलगानीमा आयोजना सञ्चालन, प्राविधिक तथा वित्तीय सहयोग प्राप्त गर्ने, तथा अन्य सार्वजनिक/निजी निकायहरुसँग संयुक्त पहलमार्फत नगरका प्राथमिक क्षेत्रहरुमा कार्यन्वयन गरिनेछ।

**साझेदारी शीर्षक** अन्तर्गत आगामी आर्थिक वर्ष २०८२/०८३ मा तल उल्लेखित योजनाहरु साझेदारीमा कार्यान्वयन गरिने छन ।

साझेदारीमा सञ्चालन हुने प्रस्तावित योजनाहरुः

संघीय सरकार साझेदारीः

टेक प्रसाद भण्डारी
नगर प्रमुख

* जुडापाटा अम्लिसे डाँडागाउँ मगरी जुकेना स्वर्गद्वारी सडक स्वर्गद्वारी न.पा ८ मा संघीय सरकारबाट समपुरक अनुदान तर्फ १ करोड २८ लाख उपलब्ध भएकोमा यस पालिकाबाट साझेदारी हुने गरि थप १ करोड १६ लाख १० हजार रकम विनियोजन गरेको छु।
* स्वर्गद्वारी नगरपालिकाभित्र बेरोजगार युवाहरुलाई रोजगारीको अवसर सिर्जना गर्ने उद्देश्यले सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी, पारदर्शी र परिणाममुखी ढंगले कार्यान्वयन गर्न आवश्यक रहेको देखिएको छ। यस कार्यक्रमलाई स्थानीय आवश्यकता, स्रोत र जनशक्तिको प्रभावकारी परिचालनमार्फत लक्षित समूहसम्म पुग्ने हेतुले आगामी आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत "साझेदारी कार्यक्रम" शीर्षकमा रु. ५,५०,००० (५ लाख ५० हजार ) रकम विनियोजन गरेको छु। उक्त रकम प्रयोग गरी रोजगार सेवा केन्द्रको सुदृढीकरण, स्थानीय स्तरमा मागअनुसार रोजगारीमूलक तालिम, सीप विकास, स्थानीय पूर्वाधार निर्माण तथा रोजगारदाता र रोजगार खोजी गर्ने व्यक्तिहरुबीच समन्वयको सशक्त प्रणाली विकास गरिनेछ।

प्रदेश सरकार साझेदारीः

* भिंग्री धनवाङ्ग, स्वर्गद्वारी धरमपानी कोचिवाङ्ग गायखर्क सडक स्तरउन्नती स्वर्गद्वारी नगरपालिका वडा नं १, २ र ५ मा प्रदेश सरकारबार ६० लाख विनियोजन भएकोमा नगरपालिकाबाट पनि ६० लाख रकम विनियोजन गरेको छु।
* दंगालखोला बेल्वास भालुखोला सिक्रे सिचाई कुलो आयोजना स्वर्गद्वारी नगरपालिका वडा नं ६ र ७ मा प्रदेश सरकारबार ६० लाख विनियोजन भएकोमा नगरपालिकाबाट पनि ६० लाख रकम विनियोजन गरेको छु।

अन्य निकायहरुसँगको साझेदारीः

* अन्य निकायहरुसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्नको लागि रु. १०,००,००० (दश लाख) रकम विनियोजन गरेको छु, जसबाट आवश्यकताअनुसार साझेदार संस्थासँग सहकार्य गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

अपांग व्यवस्थापन तथा मूलप्रवाहीकरण

यस स्वर्गद्वारी नगरपालिकाभित्र रहेका फरक क्षमता भएका व्यक्तिहरुको संरक्षण, सशक्तिकरण तथा आत्मनिर्भर जीवनयापनका लागि 'अपांग व्यवस्थापन तथा मूलप्रवाहीकरण' शीर्षकमा रु. ५ लाख विनियोजन गरेको छु। सो रकम भिन्न क्षमता भएका व्यक्तिहरुको पहिचान, सशक्तिकरण, समावेशी कार्यक्रम तथा आवश्यक उपचार सहयोग प्रदान गर्न खर्च गरिने व्यवस्था मिलाइनेछ।

**आर्थिक विकास तर्फ**

**स्थानीय उत्पादन, रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन र नगरको समग्र आर्थिक समृद्धि हासिल गर्न स्वर्गद्वारी नगरपालिका आर्थिक विकासको प्राथमिक आधार मान्दछ। यस सन्दर्भमा, कृषिमा आधारित**

स्वर्गद्वारी नगरपालिका २०७३

टेक प्रसाद भण्डारी
नगर प्रमुख

उद्यम, पर्यटन प्रवर्द्धन, लघु तथा घरेलु उद्योग, सीपमूलक तालीम, रोजगारीमुखी कार्यक्रमहरु, बजार पहुँच विस्तार, वित्तीय पहुँच र सहुलियतपूर्ण लगानीको वातावरण निर्माण गरी स्थानीय आर्थिक चक्रलाई गतिशील बनाउने कार्य गरिनेछ। आर्थिक विकासका यी कार्यक्रमहरु सञ्चालन गर्नका लागि आवश्यक शीर्षकहरुमा बजेट विनियोजन गरिएको छ, जसले नगरबासीको जीवनस्तर उकास्न तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

यस स्वर्गद्वारी नगरपालिकाले लिएको "समृद्द स्वर्गद्वारीः कृषि पर्यटन र रोगजारी " भन्ने दीर्घकालिन लक्ष्य पुरा गर्न आर्थिक बिकास शीर्षकमा रू १ करोड ४१ लाख रकम बिनियोजन गरेको छु । जसले यस नगरपालिकाको दीर्घकालिन लक्ष्य हासिल गर्ने छ भन्ने विश्वास लिएको छु ।

आर्थिक विकास तर्फ तपसिल बमोजिमका शीर्षकहरुमा रकम विनियोजन गरेको छु ।

- कृषि बिकास शाखा तर्फ संघीय सशर्त अनुदान ५० लाख र प्रदेश सशर्त अनुदान बाहेक रकम रू ५ लाख रकम विनियोजन गरेको छु ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्दै मौलिक ब्रान्डमार्फत त्यसको मूल्य अभिवृद्धि गर्नुका साथै स्थानीय स्तरमै बजारिकरण तथा व्यापार प्रवर्धन गर्न स्थानीय उत्पादन, ब्राण्डिङ्ग र बजारीकरण तथा विविधिकरण कार्यक्रम शिर्षकमा रू ३ लाख रकम बिनियोजन गरेको छु ।
- कृषिमा आत्मनिर्भरता, उत्पादन वृद्धि र कृषकलाई गुणस्तरीय बीउबिजन सुनिश्चित गर्ने उद्देश्यले स्वर्गद्वारी नगरपालिकाले बीउबिजन अनुदान कोषको स्थापना तथा सञ्चालन गर्न आर्थिक बर्ष २०८२/०८३ मा रू १,५०,००० (अक्षरेपी एक लाख पचास हजार रूपैयाँ) रकम विनियोजन गरेको छु । यस कोषबाट नगर क्षेत्रभित्रका कृषक, सहकारी संस्था तथा उत्पादन समूहहरुलाई प्राथमिकता दिई कृषि उपजका लागि गुणस्तरीय बीउबिजन खरिद तथा वितरणमा सहुलियत दिइनेछ।
- स्वर्गद्वारी नगरपालिकामा व्यवसायिक कृषि प्रणालीलाई प्रवर्द्धन गर्दै कृषि व्यवसायमा संलग्न हुने इच्छुक कृषक, युवाहरु, समूह तथा सहकारी संस्थाहरुलाई उत्पादनशील जग्गा उपलब्ध गराउने वातावरण सिर्जना गर्नका लागि जग्गा भाडा अनुदान कोष स्थापना तथा सञ्चालन गर्न आर्थिक वर्ष २०८२/०८३ मा रू १,५०,००० (अक्षरेपी एक लाख पचास हजार रूपैयाँ) रकम विनियोजन गरेको छु।
- पशु पालनमा आधारित कृर्षकहरूलाई पशु पालन पेशालाई सम्मानित पेशाको रूपमा विकास गरी पशु पालनलाई आधुनिकीकरण तथा व्यवसायिकरण गर्ने कुरा प्राथमिकतामा राखी शर्शत संघीय अनुदान ५ लाख वाहेक कुल रू १० लाख बजेट विनियोजन गरेको छु। सो विनियोजित बजेटवाट वास्तविक पशुपालन पेशामा लागेका नागरिकहरूलाई सेवा प्रदान गर्न सकिने अपेक्षा लिएको छु। जुन बजेटबाट तपशिल बमोजिमको उपशिर्षकहरूमा काम हुनेछन।

तपशिलः

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा स्तरीय पशुपालन तालिम | १,००,००० | |
| २ | कार्यालय संचालन तथा मसलन्द | १,००,००० | |
| ३ | भैसीको दुध उत्पादन प्रोत्साहनको लागी सुत्केरी भत्ता | १,५०,००० | |
| ५ | आपतकालिन पशु उपचार कार्यक्रम/ औषधी खरिद | ३,५०,००० | |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ६ | कृषक समुह परिचालन (गोल र पुराना) | १,००,००० | |
| ७ | पशु उपचार घुम्ती शिविर | २,००,००० | |
| | जम्मा | १०,००,००० | |

- यस नगरपालिकाको कार्यालय र कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी कार्यक्रम हेफरसंग साझेदारीमा कार्यक्रम सञ्चालन गर्न भो शिर्षकमा रू १ करोड रूपैया विनियोजन गरेको छ । जुन बजेटबाट तपशिल बमोजिमको उपशिर्षकहरूमा काम हुनेछन ।

तपशिलः

| स्वर्गद्वारी नगरपालिकाको विनियोजन तर्फ | | | | | |
|---|---|---|---|---|---|
| १ | कृषि सामग्री तथा विरण | लक्ष्य | दर | जम्मा | लक्षित वर्ग |
| १.१ | साना पशुको लागि खोर निर्माण तथा सुधार | ३६ | २५००० | ९,००,००० | महिला, दलित, जनजाती, एकल महिला, अपांग सदस्य |
| १.२ | ठुला पशुको लागि भकारो निर्माण तथा सुधार | १० | १८००० | १,८०,००० | महिला, दलित, जनजाती, एकल महिला, अपांग सदस्य |
| १.३ | तरकारी टनेल, थोपा सिंचाइ, स्प्रे ट्यांकी सहयोग | ३० | १०००० | ३,००,००० | महिला, दलित, जनजाती, एकल महिला, अपांग सदस्य |
| १.४ | तरकारी मल्चिंग पलास्टिक सहयोग | २० | ५००० | १,००,००० | महिला, दलित, जनजाती, एकल महिला, अपांग सदस्य |
| १.५ | क्यारेट सहयोग | ८४ | ५०० | ४२,००० | |
| | जम्मा | | | १५,२२,००० | |
| २ | बागवानी तथा डुबानी | लक्ष्य | दर | जम्मा | |
| २.१ | हिउदे र वर्षे घासको विउ सहयोग | २ | ५०००० | १,००,००० | |
| २.२ | वर्षे घासको वेर्ना सहयोग(खुला जग्गा, पहिरो क्षेत्र, बाटाको छेउछाउ) | १ | ५०००० | ५०,००० | |
| २.३ | तरकारी विउ र तरकारी नर्सरी निर्माणका लागि चाहिने अति आवस्यक सामग्री सहयोग | १५० | २५०० | ३,७५,००० | |
| २.४ | फलफुलका वेर्ना सहयोग ( सुन्तला, कागती, केरा, आँप) | १ | ५०००० | ५०,००० | |
| | जम्मा | | | ५,७५,००० | |

स्वर्गद्वारी नगरपालिका २०७३

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| ३ | पशु खरिद तथा ढुवानी | लक्ष्य | दर | जम्मा | |
|---|---|---|---|---|---|
| ३.१ | उन्नत जातका क्रस बाख्रा वितरण (सहयोग गर्दा कम्तिम १ सदस्य लाई २ देखि ३ वटा सम्म) | ५० | १०००० | ५,००,००० | महिला, दलित, जनजाती, एकल महिला, अपांग सदस्य |
| ३.२ | बंगुरको पाठा पाठी सहयोग तथा वितरण | १० | ६००० | ६०,००० | |
| | जम्मा | | | ५,६०,००० | |
| ४ | प्राविधि सेवा तथा मुल्यांकन | लक्ष्य | दर | जम्मा | |
| ४.१ | परियोजना अनुगमन तथा सल्लाहकार समितिको वैठक ( पालिका स्तरीय) | ३ | ३०००० | ९०,००० | |
| ४.२ | परियोजना अनुगमन तथा सल्लाहकार समितीको अनुगमन | २ | ५०००० | १,००,००० | |
| ४.३ | परियोजना अनुगमन तथा सल्लाहकार समितिको वैठक ( वार्ड स्तरीय) | २७ | ८००० | २,१६,००० | |
| ४.४ | सामाजिक परिक्षण | १ | ३५००० | ३५,००० | |
| ४.५ | ग्रा.प.स्व.कार्यकर्ता, प्राविधिक र सेवा प्रदायक हरू संग समिक्षा तथा कार्य योजना निर्माणको लागि संयूक्त वैठक, ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता परिचालन ( पि.पि.आर खोप) | १ | २५०००० | २,५०,००० | |
| ४.६ | पशु स्वास्थ्य शिविर (घुम्ती) | २ | ५०००० | १,००,००० | |
| ४.७ | पशु औषधि खरिद तथा वितरण | १ | १२००००० | १२,००,००० | |
| ४.८ | स्थानिय कुखुरा प्रवर्द्धन कार्यक्रम( चल्ला उत्पादन मेशिन खरिद, खोर निर्माण ) | १ | ४००००० | ४,००,००० | |
| ४.९ | उत्पादन तथा विक्रिममा आधारीत अनुदान (खसी बोका र दुध) | १ | ४५०००० | ४,५०,००० | खसि बोका रू १० प्रति केजि र दुधमा रू ३ प्रतिलिटर |
| ४.१ | विक्रिमा आधारीत तरकारी समर्थन मुल्य तरकारी | १ | १००००० | १,००,००० | |
| ४.११ | कृषि यान्त्रीकरण सहयोग कार्यक्रम (मिनिटिलर, चापकटर, दाना पिस्ने मिल, खाडल खन्ने मेसिन) | १ | १४५०००० | १४,५०,००० | |
| ४.१२ | संचार परिचालन (Media Movilization) भिडियो तयार | २ | १०००० | २०,००० | |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

नगरपालिका
२०७३

| | | | | | |
|---|---|---|---|---|---|
| ४.१३ | युवाहरूको व्यवसाय विस्तार तथा सुरूवातको लागि सहयोग कार्यक्रम | ३ | ३०००० | ९०,००० | |
| ४.१४ | गाई र भैसिको लागि कृतिम गर्भाधान कार्यक्रम | १ | ३५०००० | ३,५०,००० | |
| जम्मा | | | | ४८,५१,००० | |
| ५ | तालिम तथा गोष्ठि | लक्ष्य | दर | जम्मा | |
| ५.१ | समुह संजाल बैठक | ३६ | ३५०० | १,२६,००० | |
| ५.२ | समुहको लागि समुह व्यवस्थापन तालिम | ११ | ११५०० | १,२६,५०० | महिला, दलित, जनजाती, एकल महिला, अपांग सदस्य |
| ५.३ | हेफर आधारशिला तालिम | ५ | १३५०० | ६७,५०० | महिला, दलित, जनजाती, एकल महिला, अपांग सदस्य |
| ५.४ | परियोजना अनुगमन समिति र स्थानीय तह कर्मचारी, प्राविधिक को क्षमता विकास | १ | ५०००० | ५०,००० | |
| ५.५ | समुहका लागि जलवायूमैत्री पशुको उचित व्यवस्थापन तालिम | ५ | १२००० | ६०,००० | |
| ५.६ | सहकारी लेखा व्यवस्थापन तालिम | १ | ५७००० | ५७,००० | |
| ५.७ | सहकारी नीति तथा योजना निर्माण तालिम | १ | ५०००० | ५०,००० | |
| ५.८ | व्यवसायिक तरकारी उत्पादन तालिम | ५ | २५००० | १,२५,००० | |
| ५.९ | समुहिक वजारीकरण, ढुवानी, बैठक, सहयोग | २० | १०००० | २,००,००० | |
| ५.१० | श्रोत व्यक्ति परिचालन खर्च, अनुगमन खर्च | ७५ | २००० | १,५०,००० | |
| ५.११ | व्यवस्थित बंगुर पालन व्यवस्थापन तालिम | १ | ३०००० | ३०,००० | |
| जम्मा | | | | १०,४२,००० | |
| ६ | पुजीगत | | | | |
| ६.१ | तरकारी खेतीको लागि सिंचाई पोखरी तथा कुलो निर्माण तथा सुधार (वडा न १ देखि वडा न ९ सम्म १/१ वटा वडा कार्यलयको छनोट तथा प्रायमीकीकरणमा गरिने) | ९ | १५०००० | १,३५०,००० | परियोजनाबाट अप्रत्यक्ष परिवारहरू समेट्ने उद्देश्य |
| ६.१.१ | लामखोरे सिचाई पोखरी निर्माण | १ | | १ लाख ५० | |
| ६.१.२ | वडा नं २ | २ | | १ लाख ५० | |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ६.१.३ | धनवाड चाहविसे सिचाई कुलो निर्माण | ३ | | १ लाख ५० | |
| ६.१.४ | वडा नं ४ | ४ | | १ लाख ५० | |
| ६.१.५ | सातविते पधेरी खोला सिचाई कुलो निर्माण | ५ | | १ लाख ५० | |
| ६.१.६ | डाडाखर्क सिचाई पोखरी निर्माण | ६ | | १ लाख ५० | |
| ६.१.७ | वडा नं ७ | ७ | | १ लाख ५० | |
| ६.१.८ | वडा नं ८ | ८ | | १ लाख ५० | |
| ६.१.९ | रामपुर पोखरी निर्माण | ९ | | १ लाख ५० | |
| ६.२ | वाह्य परिजिवी नियन्त्रणको लागि डिपीग ट्यांकी निर्माण | २ | ५०००० | १००,००० | परियोजनाबाट अप्रत्यक्ष परिवारहरू समेट्ने उदेश्य |
| ६.२.१ | डिपीड ट्यांकी निर्माण | ४ | | ५० हजार | |
| ६.२.२ | डिपीड ट्यांकी निर्माण | २ | | ५० हजार | |
| जम्मा | | | | १,४५०,००० | |
| कुल जम्मा १,२,३,४,५,६ | | | | १०,०००,००० | |

| हेफर प्रोजेक्ट नेपाल तर्फ | | | | | |
|---|---|---|---|---|---|
| १ | प्राविधिक सेवा तथा मुल्यांकन | १२ | २६००० | ३,१२,००० | |
| २ | यातायात | १२ | ३०००० | ३,६०,००० | |
| ३ | कार्यालय सन्चालन तथा व्यवस्थापन | १२ | ३०००० | ३,६०,००० | |
| ४ | कर्मचारी तलव व्यवस्थापन | १३ | २४५००० | ३१,८५,००० | |
| | जम्मा | | | ४२,१७,००० | |

**सहकारी तथा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ**

- यस स्वर्गद्वारी नगरपालिका भित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुलाई व्यवस्थित र सक्षम ढंगले संचालन गर्न सहकारी क्षमता विकासतर्फ रु ३ लाख रकम विनियोजन गरेको छु । यसले सहकारी संस्थाहरुको व्यवस्थापन सुदृढ गर्न, सदस्यहरुको सीप अभिवृद्धि गर्न तथा आर्थिक सशक्तिकरणमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।
- विकास आयोजनाहरुको गुणस्तरीय योजना तथा प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न स्वर्गद्वारी नगरपालिकाले 'परामर्श सेवा, विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी तथा अन्य आवश्यक सेवा लिने' शिर्षकमा रू. ३० लाख रकम विनियोजन गरेको छु । यस अन्तर्गत व्यावसायिक परामर्शदाता संस्थाबाट विशेषज्ञ सेवा प्राप्त गर्ने, परियोजना तयारी, अध्ययन, अनुगमन तथा व्यवस्थापन सम्बन्धी आवश्यक अन्य सेवाहरु लिने व्यवस्था गरिनेछ। यसले विकास कार्यक्रमहरुको दिगोपना, पारदर्शिता र प्राविधिक गुणस्तर अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुर्‍याउनेछ।
- स्वर्गद्वारी नगरपालिकाको उपमेयर कोशेली कार्यक्रम अन्तर्गत सुत्केरी महिलाहरूलाई तत्काल र गुणस्तरीय स्वास्थ्य सेवा पहुँच सुनिश्चित गर्न विगतका बर्ष देखि संचालनमा आएको उपमेयर कोशेली कार्यक्रम-एम्बुलेन्स सेवा प्रभावकारी देखिएकाले उक्त कार्यक्रमलाइ आगामी आर्थिक बर्षमा पनि निरन्तरता दिएको छु । आगामी आ.व मा उक्त कार्यक्रम सञ्चालनको लागि उपमेयर कोशेली कार्यक्रम-एम्बुलेन्स सेवा शिर्षकमा रू. १५ लाख रकम विनियोजन गरेको छु। यस सेवा अन्तर्गत विशेष गरी सुत्केरी महिलाहरुलाई आवश्यक सहयोग र सुरक्षा प्रदान गरी सुरक्षित प्रसूति सुनिश्चित गरिनेछ। जस्ले गर्दा यस पालिकाले लिएको पूर्ण स्वास्थ्य संस्थागत सुत्केरी वडा तथा पालिका घोषणा हुने विश्वास राखेको छु ।
- स्वर्गद्वारी नगरपालिकाको विकास कार्यको प्रभावकारीता र समावेशीता बढाउन टोल विकास संस्थाहरुलाई अभिमुखिकरण गर्ने उद्देश्यले टोल विकास संस्थाहरुलाई अभिमुखिकरण शिर्षकमा रू. ८ लाख रकम विनियोजन गरेको छु। यस रकमलाई ८ वटै वडामा प्रत्येक वडा कार्यालयलाई रू. १ लाखको दरले वितरण गरिनेछ । अभिमुखिकरण कार्यक्रम अन्तर्गत टोल विकास संस्थाका पदाधिकारी तथा सदस्यहरुलाई योजना निर्माण, कार्यक्रम सञ्चालन, नेतृत्व विकास र समन्वयका विषयमा प्रशिक्षण दिइनेछ। साथै, यी संस्थाहरुलाई स्थानीय समस्या पहिचान र समाधानमा सक्रिय बनाउने, समुदायमा जनसहभागिता अभिवृद्धि गर्ने, तथा नगरपालिकाका विभिन्न विकास योजनाहरुमा प्रभावकारी रुपमा सहभागिता जनाउन उत्प्रेरित गरिनेछ। यसरी टोल विकास संस्थाहरुलाई सशक्त बनाएर समग्र विकास प्रक्रिया सहज र दिगो बनाउने लक्ष्य राखिएको छ।
- स्वर्गद्वारी नगरपालिकाको शैक्षिक सेवा प्रवाह र समन्वय सुदृढ गर्न वडा शिक्षा समिति बैठक व्यवस्थापनका लागि वडा शिक्षा समिति बैठक व्यवस्थापन शिर्षकमा रू. २ लाख २५ हजार रकम विनियोजन गरेको छु । यो रकम ८ वटै वडामा प्रत्येक वडा कार्यालयलाई रू. २५ हजार दरले वितरण गरिनेछ। उक्त रकमले वडा शिक्षा समितिको नियमित बैठक सञ्चालन, वडाको शैक्षिक अवस्था, योजना समीक्षा, सरोकारवालासँग समन्वय र निर्णय प्रक्रियामा पारदर्शिता

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछ। यसले वडा तहमा शिक्षा सम्बन्धि कामकाजमा सक्रियता र जिम्मेवारीबोध अभिवृद्धि गर्न मद्दत गर्नेछ।

- स्वर्गद्वारी नगरपालिकाको समग्र विकास र जनसंपर्कलाई सुदृढ बनाउन एकीकृत घुम्ती शिविर कार्यक्रम सञ्चालनका लागि एकीकृत घुम्ती शिविर शिर्षकमा रू. १५ लाख रकम विनियोजन गरेको छु । यस कार्यक्रममार्फत विभिन्न वडा तथा बस्तीहरुमा स्वास्थ्य, कृषि, शिक्षा, सामाजिक सुरक्षा लगायतका सेवा जनसमुदायसम्म पुर्याईनेछ। घुम्ती शिविरले सेवा पहुँच विस्तार गर्ने मात्र नभई समुदायमा जनचेतना अभिवृद्धि गर्ने र समस्या पहिचान गरी प्रभावकारी समाधान खोज्न सहयोग गर्नेछ। यसरी, नगरपालिकाको सेवा वितरणलाई सबै तहमा समन्वयित र प्रभावकारी बनाउने उद्देश्य राखिएको छ।
- स्वर्गद्वारी नगरपालिकालाई अन्तर्राष्ट्रिय तथा अन्तरनगर पर्यटन प्रवर्द्धनको सञ्जालमा जोड्ने, सांस्कृतिक आदानप्रदान, सहकार्य र लगानीमैत्री वातावरण सिर्जना गर्ने उद्देश्यले, आर्थिक वर्ष २०८२/०८३ मा पर्यटन सम्बन्धी भगिनी सम्बन्ध कायम गर्न तथा सञ्चालन गर्न का लागि रू २,९०,००० (अक्षरेपी दुई लाख नब्बे हजार रूपैयाँ) रकम विनियोजन गरिएको छ। यस कार्यक्रम अन्तर्गत स्वदेश तथा विदेशका उपयुक्त नगरहरुसँग औपचारिक भगिनी सम्बन्ध स्थापना, भ्रमण आदानप्रदान, सहकार्य प्रवर्द्धन, तथा पर्यटन सूचना साझेदारी जस्ता गतिविधिहरु समावेश गरिनेछन् ।
- राष्ट्रका लागि बलिदान दिएका शहीदहरुको योगदानप्रति श्रद्धा प्रकट गर्दै, शहीद परिवारप्रति सम्मान र कृतज्ञता व्यक्त गर्ने, उनीहरुलाई सामाजिक सम्मान र आत्मबल प्रदान गर्ने उद्देश्यले, आर्थिक वर्ष २०८२/०८३ मा शहीद परिवार सम्मान कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- नगर क्षेत्रभित्र सञ्चालन हुने विकास तथा पूर्वाधार निर्माणका कार्यहरुबाट वातावरणमा पर्न सक्ने प्रभावको मूल्याङ्कन गरी वातावरणमैत्री र दिगो विकास सुनिश्चित गर्नका लागि तपसिल बमोजिमका योजनाहरूमा 'वातावरणीय प्रभाव मूल्याङ्कन' गर्न ७ लाख ५० हजार रकम विनियोजन गरेको छु। जुन रकम तपसिलका उप शिर्षकमा खर्च गरिने छ ।

| | |
|---|---|
| जुडापाटा अम्लिसे डाडागाउ मगरी जुकेना, स्वर्गद्वारी मोटरबाटो स्व.न.पा -९ | २,५०,००० |
| गोठिवाङ्ग लिफ्ट खानेपानी तथा सरसफाई योजना | २,५०,००० |
| उपल्लो नल्सी राउतपाटा देखि पानीपाटा सम्म मो.बा. मर्मत स्व.न.पा ७ | २,५०,००० |

- चालु आ.व. २०८१/०८२ मा "भू उपयोग नीति तथा जग्गा बर्गिकरण" शिर्षक अन्तर्गत रु. १५,००,००० (पन्ध्र लाख) रकम विनियोजन गरिएकोमा सम्झौता अवधि आगामी आ.व सम्म रहेकाले आगामी आ.व मै काम सम्पन पश्चात भुक्तानी दिन उपयुक्त हुने भएकाले सोही कार्यलाई आगामी आ.व. २०८२/०८३ मा पुन: निरन्तरता दिई संचितकोष रकमबाट खर्च हुने गरी सोही शिर्षक अन्तर्गत रु. १५,००,००० (पन्ध्र लाख) पुन: विनियोजन गरेको छु ।

नगर प्रमुख

- अरङ्गखोला बेलटाकुरा अरङ्गखोला पक्किपुल DPR शिर्षक अन्तर्गत रु ८ लाख ६५ हजार रकम विनियोजन गरिएकोमा समयमै प्रदेशबाट स्वीकृत हुन नसकेकाले सोही कार्यलाई आगामी आ.व. २०८२/०८३ मा पुन: निरन्तरता दिई संचितकोष रकमबाट खर्च हुने गरी सोही शिर्षक अन्तर्गत रु. ८ लाख ६५ हजार पुन: विनियोजन गरेको छु।
- चालु आ.व. २०८१/०८२ मा कृषकहरुलाई प्रविधि हस्तान्तरण गर्ने उद्देश्यले नगरपालिकाको अनुदान १७ लाख र हेफर संगको साझेदारीमा युवा उद्यमशिलता कार्यक्रम अन्तर्गत २५ लाखको मिनी टिलर E-Bidding मार्फत खरिद कार्य भएकोमा राप्ती इलेक्ट्रिकल प्यूठान न.पा ४, बिजुवार प्यूठानले स्पेशिफिकेशन बमोजिम ९० के.जी. माथिको तौल भएको मिनी टिलर उपलब्ध गराउनु पर्नेमा सप्लायर्सबाट प्राप्त नभएकाले उक्त मिनी टिलर स्वीकार गर्न नसकिएकाले खरिद कार्य प्रक्रियामै रहेको कारण सृजित दायित्व भुक्तानी गर्नुपर्ने अवस्था आएमा सो जिम्मेवारी आगामी बर्षलाई सारी संचितकोष रकमबाट खर्च हुने गरि प्रस्ताव गरेको छु।
- स्वर्गद्वारी नगरपालिकाको पशुपालन क्षेत्रको सुदृढीकरण, कृषकले तत्काल सेवा प्राप्त गर्ने वातावरणको सृजना, तथा पशुसेवा शाखाका कर्मचारीहरुको फिल्ड कार्यप्रति प्रोत्साहन र व्यावसायिक सक्रियता वृद्धि गर्ने उद्देश्यले, आर्थिक वर्ष २०८२/०८३ मा फिल्ड भत्ता उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु जुन फिल्ड भत्ता शिर्षकबाट खर्च गरिने छ।
- स्वर्गद्वारी नगरपालिका वडा नं ४, भिंग्रीमा निर्माण सम्पन्न हुदै गरेको कृषि तथा पशु सेवा अस्पताललाई आगामी आ.व. २०८२/०८३ देखि पूर्णरुपमा सञ्चालनमा ल्याउने लक्ष्य लिइएको छ। उक्त अस्पतालको नियमित सञ्चालन, व्यवस्थापन, प्रविधि पहुँच सुदृढीकरण ( इन्टरनेट जडान), र सुरक्षा प्रणाली सुदृढीकरण (CCTV जडान तथा व्यवस्थापन) को लागि आवश्यक पूर्वाधार निर्माण तथा सेवा व्यवस्थापन कार्यका लागि बजेट विनियोजन गरेको छु।
- स्वर्गद्वारी नगरपालिकाभित्र उपभोक्ता संरक्षण, व्यवसाय दर्ता, गुणस्तर सुनिश्चित गर्न बजार अनुगमनलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्ने उद्देश्यले आगामी आर्थिक वर्ष २०८२/०८३ मा आवश्यक बजेट विनियोजन गरेको छु।
- स्वर्गद्वारी नगरपालिकामा पारदर्शिता, सहभागीता र जवाफदेहिता सुनिश्चित गर्न सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण कार्यक्रम थप प्रभावकारी रुपमा सञ्चालन गर्ने उद्देश्यले आगामी आर्थिक वर्ष २०८२/०८३ मा आवश्यक बजेट विनियोजन गरेको छु।
- स्वर्गद्वारी नगरपालिकाले क्षेत्रीय समन्वय, साझा समस्या समाधान तथा स्रोत साधनको संयुक्त उपयोगमार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि अन्तर पालिका साझेदारी कार्यक्रम अन्तर्गत आवश्यक रकम विनियोजनगरेको छु । यस शीर्षक अन्तर्गत छिमेकी स्थानीय तहहरुसँग सहकार्यमा पूर्वाधार विकास, वातावरण संरक्षण, विपद् व्यवस्थापन, तालिम तथा क्षमता विकास लगायतका कार्यक्रमहरु संचालन गरिनेछ। कार्यक्रमको सफल कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना र दिगो साझेदारी संरचना विकास गरिनेछ।

स्वर्गद्वारी नगरपालिका २०७३

टंक प्रसाद गन्धारी
नगर प्रमुख

अन्तमा, म यो बजेट तथा कार्यक्रम नगरवासी जनताको आवश्यकता र भावनाको प्रतिबिम्ब हो भन्ने स्पष्ट गर्दै, यसमा समावेश विचार र कार्यक्रमहरु कार्यान्वयन गर्न सबैको सक्रिय सहकार्यको अपेक्षा व्यक्त गर्दछु। हामी सबैको साझा प्रयासबाट "समृद्ध स्वर्गद्वारीः कृषि, पर्यटन, रोजगारी" भन्ने हाम्रो नारालाई यथार्थमा परिणत गर्न सकिन्छ।

धन्यबाद

निर्णय नं ४: प्रस्ताव नं (४) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको सार्वजनिक लेखा समितिको प्रतिवेदन तथा महालेखा परिक्षकको कार्यालयबाट प्राप्त प्रतिवेदनको बेरुजु फस्छ्यौट सम्बन्धी प्रतिवेदन सार्वजनिक लेखा समितिका संयोजक श्री कृष्ण बहादुर रोकायज्यूबाट मिति २०८२ साल असार १० प्रस्तुत गर्नु भएको लेखा समितिको प्रतिवेदन प्रस्ताव गरिमामय नगर सभा समक्ष पेश भई व्यापक छलफल गरियो। प्रतिवेदन अनुसारको कुल रकम रु २,९०,३३,७६२.३२/- लाई नियमित गरी फस्छ्यौट गर्ने सर्वसहमतिले निर्णय गरियो। साथै सोही अनुसार महालेखा परिक्षकको कार्यालयलाई आवश्यक प्रक्रिया पुर्याई बेरुजु सूचीबाट अनियमित भएको रकम हटाईदिन अनुरोध गर्ने निर्णय गरियो।

## लेखा समितिका अध्यक्ष श्री कृष्ण वहादुर रोकाय ज्यूवाट १७ औ नगरसभाको पहिलो वैठकमा प्रस्तुत प्रतिवेदन

सभाका अध्यक्ष ज्यू, सभाका उपाध्यक्षज्यू, सभाका सचिव ज्यू तथा यस गरिमामय नगरसभामा उपस्थित सम्पुर्ण नगरसभा सदस्य ज्यूहरु,

यस गरिमामय १७ औ नगरसभाको प्रथम वैठकमा स्वर्गद्वारी नगरपालिकाको लेखासमितिको संयोजकको हैसियतले नगरसभाका सम्पूर्ण सदस्य ज्यूहरुप्रति हार्दिक अभिनन्दन प्रकट गर्दछु। गत १५ औं नगरसभाको देखि हालको अवधि सम्म भएका प्रगति र नगरपालिकाको लेखा संग सम्वन्धित केहि विषयहरुमा अध्ययन भएको थियो। अध्ययनको संक्षिप्त प्रतिवेन प्रस्तुत गर्न अनुमती चाहान्छु।

१. गत १५ औ नगरसभाको दोश्रो वैठकवाट स्वर्गद्वारी नगरपालिकाको सार्वजनिक लेखा समिति गठन भई जिम्मेवारी दिइएकोमा नगरपालिकाको लेखा सम्वन्धि केहि समस्या समाधानका लागि गत नगरसभामा लेखा समितिले आफनो प्रतिवेदन प्रस्तुत गरी नगरको वेरुजुका सन्दर्भमा अनियमित भएका ९ वटा वुदालाई नगरसभामा नियमित गरि नगरसभावाट स्विकृत गरि वेरुजु फछर्यौट र प्रमाण पेश गर्नु पर्ने आदिमा प्रमाण र असुली समेत गरि हाल सम्म रु. ६ करोड ५२ हजार वेरुजु फछर्यौट भैसकेको छ। तर नगरसभामा मात्र लेखा समितिको सक्रियताले मात्र प्रयाप्त नहुने भएकाले आवस्यकताको आधारमा लेखा समितिले आवस्यक अध्ययन, वेरुजु अशुलीका लागि गर्नु पर्ने आवस्यक काम कार्वाहि, लेखा समितिको क्षमता विकासका, मसलन्द र कार्यस्थलको आवस्यक पर्ने भएकाले यस गरिमामय नगर सभामा सो व्यवस्था हुनका लागि प्रस्ताव गरेको छु।

२. यस नगरपालिकाको गत आ.व. मा चालु तर्फ रु ४५ करोड १७ लाख ४८ हजार ९९३/- बिनियोजन गरिएकोमा खर्च रु. २९ करोड ९८ लाख ३० हजार ३११ खर्च भइ जम्मा ६६ दशमलव ३७ प्रतिशत खाचा देखिएको छ। यसै गरि पुजीगत तर्फ २९ करोड ३३ लाख ५० हजार ३२६/- विनियोजन गरिएकोमा हालसम्मको खर्च रु.२० करोड २२ लाख ४० हजार ४११/- खर्च भएको छ जुन ६८ दशमलव ९४

स्वर्गद्वारी नगरपालिका २०७३

टेक प्रसाद भण्डारी
नगर प्रमुख

प्रतिशत हुन आउँछ। यस नगरपालिकाको आन्तरिक आय चालु आ.व. का लागि रु २ करोड ३३ लाख ९२ हजार अनुमान गरिएकोमा हाल सम्म २ करोड २७ लाख २७ हजार ७७० रुपैयाँ संकलन भएको छ। जुन कुल अनुमानको ९७ दशमलव १६ प्रतिशत हो। नगरपालिकाको मुख्य श्रोत दहत्तर बहत्तर रहेको जसमा रु ६३ लाख १९ हजार १९९ रहेकोमा प्रदेशलाई बुझाउनु पर्ने रकम रु ४० प्रतिशत रहेको छ। एकिकृत सम्पत्ति कर जम्मा रु ४८ लाख रहेको छ। संकलन भएको छ।

यस नगरपालिकाको महालेखापरिक्षकको कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को अन्तीम लेखापरिक्षण प्रतिवेदन अनुसार गत २०७९/०८० आ.व. सम्मको बाँकी वेरुजु रु १४ करोड ९१ लाख ५८ हजार मध्ये रु. ६ करोड ५२ हजार फस्यौंट भई खुद बेरुजु रु.८ करोड ९१ लाख ६ हजार फस्यौट भएकोमा । यो वर्षको थप रु. ५ करोड २६ लाख ६३ हजार सहित रु १४ करोड २६ लाख ६३ हजार कुल वेरुजु कायम भएको देखिन्छ । जस्मा असुल गर्नु पर्ने २० लाख ५३ हजार , प्रमाण पेश गर्नु पर्ने १ करोड १६ लाख ६५ हजार, नियमित गर्नु पर्ने ३ करोड ७ लाख ९ हजार र पेश्की बाँकी रु.८२ लाख ३६ हजार रहेको छ । त्रैमासिक खर्चको विश्लेषण गर्दा अन्तीम त्रैमासिक खर्च ४९.५० प्रतिशत देखिएकाले त्रैमासिक खर्च सन्तुलन गर्नुपर्ने देखिन्छ । वेरुजुमा औंल्याइएका खर्चका शिर्षकहरुको अध्ययनवाट खर्चको असन्तुलन, खर्चको शैलीगत पक्ष तथा कतिपय नितिगत अस्पष्टता जस्ताकुराहरु जिम्मेवार देखिन्छन । यस अन्तर्गत समयमै काम नहुने, उपभोक्ता समितिवाट भएका कामहरुमा लागत सहभागीताको कमी, समयमा ठेक्का नलाग्ने, डि.पि.आर. वमोजिम काम नहुने, खरिद गुरुयोजना नहुने, टुक्रे खरिदहुने, खर्चमा मितव्ययीता नहुने आदि कुराहरु यस पालिकाको निम्ती मुख्य समस्याको रुपमा रहेको देखिन्छ। कतिपय विषय योजना तर्जुमा संग पनी सम्वन्धित देखिन्छन । योजना कार्यक्रम कार्यान्वयनका चरणमा हुने गल्ती तथा खर्चभुक्तानी लेख्दा हुने कतिपय कमजोरीका साथै मूल्यांकनमा हुने त्रुटी जस्ताकुराहरुले वेरुजुमा वृद्धि भैरहेको देखिन्छ। यि र यस्ता शैलीगत पक्षहरुमा सुधार ल्याउन सम्वन्धित सवैको ध्यानाकर्षण गराउन चाहान्छु ।

| | आर्थिक वर्ष २०८०।८१ को लेखापरिक्षणको अन्तिम प्रतिवेदनमा देखिएको देहायबमोजिमको दफा र ब्यहोराको बेरुजु नगरसभाबाट नियमित गरि फछ्यौंट गर्ने निर्णय गरियो। | | | |
|---|---|---|---|---|
| दफा | संक्षिप्त ब्यहोरा | अनियमित रकम | फर्छ्यौट ब्यहोरा | फर्छ्यौट गर्ने रकम |
| ५ | फरक जिम्मेवारी | २,३७,८४०। ९७ | गत बर्षको एकीकृत आय तथा ब्यय विवरणमा अन्तिम मौज्दात र यो वर्षको शुरु मौज्दात मा जिम्मेवारी नसारेको भनिएको हुँदा हाल जिम्मेवारी सारी खाता बन्दी गरि हिसाब मिलान भएको हुँदा सो रकम नियमित गरि फछ्यौंट गर्ने निर्णय गरियो। | २,३७,८४०।९७ |
| २७ | कर्मचारी व्यवस्था | ४३,५५,००० | पालिकाले दरबन्दी भन्दा बढी कर्मचारी नियुक्ती गरि प्रशासनिक खर्चमा बृद्दी साथै | ४३,५५,०००। |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | अन्य कार्य उपलब्धीमा नकारात्मक असर गरेको सम्बन्धमा यस स्वर्गद्वारी नगरपालिकाले ओ एन एम निर्माण गरि स्विकृतीको चरणमा रहेको छ । पालिकाको पुर्ण संस्थागत सुत्केरी गराउने अभियानमा स्वास्थ्य सेवामा सबैको पहुँच बृद्दी गर्नको लागि शहरी स्वास्थ्य चौकी र बर्थिङ सेन्टरमा करार कर्मचारी राखिएको तथा प्राथमिक स्वास्थ्य केन्द्रलाई आधारभुत अस्पताल (१५ शैया) मा स्तरोउन्नती गर्न र हालको सेवाको प्रभावकारीता बृद्दि गर्न ल्याब टेक्निसियन र रेडीयोग्राफर पदहरु रहेको र उक्त पदहरुमा करार पदपुर्ती गर्दा बढी जनशक्ती देखिएको भएता पनि आधारभुत अस्पतालको स्विकृत दरबन्दी मापदण्ड मा रहेको पदहरु भएको र नगरको ओ एन्ड एम मा पनि प्रस्ताव गरेको गरी राखेको हुदाँ आगामी बर्षदेखि आन्तरिक स्रोत मार्फत तलब सुविधा भुक्तानी हुनेगरि फछ्यौंट गर्ने निर्णय गरियो। | |
| ४० | दरबन्दी भन्दा बढी कर्मचारी | ८,८१,२२१ | पालिकामा आयुर्वेद शाखा तर्फ छैठौं (क.नि) पदको दरबन्दीमा १ जना कर्मचारी बढी राखी कामकाजमा राखी बढी व्ययभार पारेको भनि लेखिएको सम्बन्धमा स्थायी कर्मचारीलाई कर्मचारी समायोजन गरि पठाईएको र हालसम्म नगरपालिकामा सेवारत रहेको, निजका सम्बन्धमा जिल्ला आयुर्बेद तथा आयुर्बेद विभागमा पत्राचार गरि काज फिर्ताका लागि कदम चाल्ने गरि हाललाई अनियमित भएको रकम रु ८८१२२१ लाई नियमित गरि फछ्यौंट गर्ने निर्णय गरियो। | ८,८१,२२१। |
| ५० | समानिकरण | ७२,५३,२३११६० | नगरपालिकाले स्विकृत दरबन्दी भित्र नपरेका र गत विगत आ ब देखि नै निजी स्रोतको | ७२,५३,२३११६० |

स्वर्गद्वारी नगरपालिका २०७३

दैव प्रसाद भण्डारी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | बजेटबाट शिक्षकको तलब भत्ता | | रुपमा कार्यरत प्रा वि तर्फ १० जना नि मा वि तर्फ ४ जना र मा वि तर्फ ७ जना शिक्षकलाई वित्तिय समानिकरण स्रोतबाट तलब भत्ता विद्यालयको नाममा अनुदान निकाशा दिएको सम्बन्धमा आगामी वर्षमा आन्तरिक स्रोत तथा राजस्व बाँडफाँड बाट खर्च लेखे तथा शिक्षक तथा विद्यार्थी अनुपात र भौगोलिक दुरिको आधारमा विद्यालय मर्ज तथा दरबन्दी मिलान गर्ने र अपुग हुन गएको संख्यालाई स्विकृत गरि आन्तरिक स्रोतबाट अनुदान व्यहोर्ने गरि अनियमित रकम रु ७२,५३,२३१।६०लाई नियमित गरि फछ्र्यौट गर्ने निर्णय गरियो। | |
| ५३.५ | दिवा खाजा | ७,२२,२९०। | पालिकाले विद्यालयहरुमा दिवा खाजको निकासा दिंदा विद्यालय व्यवस्थापन समितिका अध्यक्षको हस्ताक्षर विना पेश भएको विद्यार्थीको हाजिरी विवरण साथै शत प्रतिशत विद्यार्थी हाजिरी भएको व्यहोरा समेत उल्लेख हुन आउदा विद्यार्थीको हाजिरी वास्तविक हो वा होईन यकिन हुन नसकेको सम्बन्धमा सम्बन्धित विद्यालयमा शिक्षा शाखाबाट अनुगमन गर्दा विद्यार्थीहरुको शत प्रतिशत हाजिरी रहेको, असुल गर्नुपर्ने नदेखिएको र आगामी दिनमा विद्यार्थी उपस्थितीको आधारमा मात्र दिवा खाजा रकम उपलब्ध गराउने गरि अनियमित भएको रकम रु ७,२२,२९०।लाई नियमित गरी फछ्र्यौट गर्ने निर्णय गरियो। | ७,२२,२९०। |
| ५८.१ | सेनिटरी प्याड खरिद | ९,९९,७९९। | पालिकाले लागत अनुमान वेगर खरीद गर्दा स्यानिटरी प्याडको प्रतिस्पर्धा कम हुने गुणस्तर समेत नहुने गरी स्यानिटरी प्याड कार्यविधिले तोकेभन्दा फरक स्पेसिफिकेसनमा खरिद गर्दा नियम संगत नदेखिएको सम्बन्धमा NS ISO Certified | ९,९९,७९९। |

| | | | | |
|---|---|---|---|---|
| | | | स्यानिटरी प्याड खरिद भएको स्पेशिफीकेशनले तोके बमोजिम २४०mm को कोटेशनबाट खरिद भएकोले सेनीटरी प्याड खरिद सार्वजनिक खरिद ऐन नियमावली बमोजिम हुने गरी आगामी वर्षमा खरिद गर्ने गरी अनियमित रकमलाई नियमित गरि बेरुजु फछ्यौंट गर्ने निर्णय गरियो। | |
| ५८.३ | सेनिटरी प्याड खरिद | १२,५७,७९३।७५ | पालिकाले विद्यालयमा प्याड डिस्पोजल मेसिन खरिद गर्दा लागत अनुमान वेगर सेनिटरी भेण्डिङ मेसिन १० वटा र सेनिटरी प्याड डिस्पोजल मेशिन १५ वटा खरिद गर्दा शिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्नेमा प्रतिस्पर्धा छल्ने गरी पटक पटक दरभाउपत्रको माध्यमबाट खरिद गरेको सम्बन्धमा आगामी दिनमा यस्ता खरिद कार्यलाई टुक्रा नपारी शिलबन्दी दरभाउपत्र मार्फत प्रतिस्पर्धा गराई खरिद कार्यलाई मितव्ययी बनाउने गरी खरिद कार्य गर्ने गरि अनियमित रकमलाई नियमित गरी अनियमित रकम फछ्यौंट गर्ने निर्णय गरियो। | १२,५७,७९३।७५ |
| ६२ | सिकाई सहजिकरण | ४,९७,२५०। | पालिकाको काभिड १९ बाट पुगेको क्षति परीपुरण शीर्षकबाट निर्देशिकाले तोके अनुसारको कार्य गर्नुपर्नेमा आर्थिक वर्षको अन्त्यमा लागत अनुमान समेत तयार नगरी प्रिन्टरहरु खरिद गरी वितरण गरेको सम्बन्धमा प्रिन्टर तत्काल आवश्यक रहेको र बिडिङ प्रक्रियाबाट खरिद गर्दा धेरै समय लाग्ने र विद्यालयमा सिकाई सहजिकरणको लागि असुविधा हुने देखिएको र शिर्षक मिल्दोजुल्दो देखि सिकाई प्रविधी मार्फत प्रभावकारी होस भन्ने हेतुले खरिद कार्य गरेको तर सो कार्य निर्देशिका विपरित भएको भनि लेखिएकोले अब त्यस्तो कार्य रोक्ने गरी | ४,९७,२५०। |

टंक प्रसाद भण्डारी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | अनियमित रकम रु ४,९७,२५०लाई नियमित गरी फछ्र्यौट गर्ने निर्णय गरियो । | |
| ६५ | पदाधिकारी यातायात सुविधा | १४,४,०००। | पालिकाको लु १ झ ३९७ नं को गाडी प्रमुख प्रशासकीय अधिकृतको जिम्मामा जिन्सी अभिलेखमा रहेको थियो। नगर प्रमुख लगायत कार्यालयले कार्यालयको कामकाजको प्रयोजनमा पनि गाडी प्रयोग हुने गरेको थियो तर अघिल्लो आ व समेत नगरप्रमुखले मात्र गाडी प्रयोग गर्ने गरेको र यातायात सुविधा समेत लिई दोहोरो सुविधा लिएको भनि लेखिएकाले चालु आ व देखि नै निजलाई यातायात सुविधा रकम भुक्तानी नगरिएकोले उक्त अनियमित भएको रकम रु १४,४००० लाई नियमित गरी फछ्र्यौट गर्ने निर्णय गरियो। | १४,४,०००। |
| ७३.२ | औषधि खरीद | २५,८३,०८१ । | पालिकाले वर्षभरी आवश्यक औषधीको पूर्वानुमान गरी बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने देखिएकोमा लागत अनुमान समेत नबनाई पटक पटक दरभाउपत्रको माध्यमबाट हेल्पिङ हेल्थ पोलिक्लिनिक प्रा लिबाट खरिद गर्दा आईटमवाईज घटी कवोलवालाबाट खरीद गर्नुपर्नेमा प्रतिस्पर्धा कम हुने र गुणस्तर एवं मितव्ययी नहुने गरी भएको भन्ने सम्बन्धमा कतिपय औषधी आवश्यकताको आधारमा आकस्मिक रुपमा खरीद गर्नुपर्ने नेपाल सरकारबाट निशुल्क वितरण हुने औषधिको लागत संङ्घीय अनुदान पालिकाको विनियोजन भन्दा निकै ठूलो रकम भएको, पालिकास्तरीय स्वास्थ्य शिविर संचालन गर्नुपर्ने बाध्यता भएको सन्दर्भमा पटकपटक औषधी खरिद गर्नु परेको र आगामी वर्षहरुमा आर्थिक वर्षको सुरुमै एकिन गरी खरिद योजना बनाई लागत ईष्टिमेट अनुसार खरिद गर्ने र अनियमित | २५,८३,०८१। |

बिर्तामोड नगरपालिका २०७१

टेक प्रसाद भण्डारी नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | भएको रकम रु २५८३०८१ लाई नियमित गरी फछ्र्यौट गर्ने निर्णय गरियो। | |
| ८२ | ल्याब व्यवस्थापन | ६,४९,७३०। | पालिकाले विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण अन्तर्गत नेपाल राष्ट्रिय आवासिय विद्यालय स्यानिलेकलाई ICT ल्याबको लागि निकासा दिदा खरिद गरिएका सामाग्री गुणस्तर युक्त भए नभएको र केन्द्रले तोकिएको स्पेसिफिकेशन बमोजिम सामानहरु खरिद भए नभएको सम्बन्धमा आगामि दिनमा खरिद भएका सामाग्रीहरुको गुणस्तर परीक्षण गरि तोकिएको स्पेसिफिकेसन बमोजिम सामानहरु खरिद गर्ने गरी अनियमित बेरुजुलाई नियमित गर्ने निर्णय गरियो। | ६,४९,७३०। |
| ८७ | शीर्षक फरक पारी खर्च | ७,३२,८९०। | नगरपालिकाले सभाबाट स्वीकृत गरेको सीमा र शीर्षक बाहिर गई पालिकाले शीर्षक भन्दा फरक शीर्षकबाट खर्च गरेको सम्बन्धमा आगामी दिनमा कानुनमा भएको व्यवस्था बमोजिम शीर्षक फरक पारी खर्च नगर्ने गरी अनियमित रकमलाई नियमित गरी बेरुजु फछ्र्यौट गर्ने निर्णय गरियो। | ७,३२,८९०। |
| ८८.१ | योजना सम्बन्धी सफ्टवयर | ३०,०००। | पालिकाले सफ्टेक ईन्फोसिस प्रा ली संग एकीकृत कर संकलन प्रणाली सफ्टवर राखेवापत वार्षिक AMC रकम वापत भुक्तानी गरेकोमा उक्त वर्षमा मात्र म ले प फारम अपडेट गराउने प्रयोजनको लागि उक्त रकम भुक्तानी भएको आगामी वर्षमा यस्तो भुक्तानी नदिने प्रतिबद्दता गर्दै यो अनियमित भएको रकमलाई नियमित गर्ने निर्णय गरियो। | ३०,०००। |
| ८९.३ | धरमपानी देखी अरङखोला सम्म मोटरबाटो | ९,१८,६६९ | दोहोरो नभएको । | ९,१८,६६९। |

टंक प्रसाद भण्डारी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | स्तरोउन्नत ी | | | |
| ९७ | वडा कार्यालय बैठक भत्ता | ९,५२०० | भुक्तानी बाँकीको विवरणमा चालु प्रकृतिका दिन नमिल्ने खर्चहरु आगामी वर्षबाट नगरिने गरी अनियमित भएको रकमलाई नियमित गरी बेरुजु फछर्यौट गर्ने निर्णय गरियो। | ९५,२००। |
| १०६. २ | नमुना विद्यालय को उपभोक्ता समितिलाई भुक्तानी | ३७,६१,७९९ | नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान रकमलाई आगामी दिनमा कार्यक्रम कार्यान्वयण पुस्तिकाको ब्यवस्था विपरीत नहुने गरि कार्यक्रमको सुधार गर्ने गरि अनियमित भएको रकमलाई नियमित गरी बेरुजु फछर्यौट गर्ने निर्णय गरियो। | ३७,६१,७९९ |
| १०७ | दरभाउपत्र बाट खरिद | १८१७२५७ । | पालिकाले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर स्थानिय बजारमा प्रचलित दर र अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग बाणिज्य संघले जारी गरेको दररेटलाइ आधार मानि लागत अनुमान तयार गरि प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गरी कानुन बमोजिम प्याकेज बनाई खरिद गरिने गरि अनियमित भएको रकमलाई नियमित गरि फछर्यौट गर्ने गरि निर्णय गरियो। | १८१७२५७। |
| ११५ | खरिद समितिको बैठक भत्ता | २०९६७१० | आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम अघिल्लो आ.ब. को भुक्तानी दिन सकिने खर्चमा मात्र नियमानुसार भुक्तानी गर्ने गरि आगामी बर्षहरुमा नियमावली अनुसार तोकियाको भन्दा भन्दा बाहिरको भुक्तानी बाकिको कच्चाबारी नराख्ने गरि अनियमित भएको रकमलाइ नियमित गरि फछर्यौट गर्ने निर्णय गरियो । | २०९६७१०। |

नगर प्रमुख

नगरपालिकाले कार्यशैलीगत पक्षलाई सुधार गरि बेरुजुमा कमी र कार्यसम्पादन लाई गुणस्तरी बनाउन गर्नु पर्ने केहि सुझाव पेश गर्दछु ।

सुझाव नं १: गत आ.व.को बेरुजुमा शिक्षा र स्वास्थ्य तर्फका खरिद र करार सेवा खरिद संग सम्बन्धित देखिन्छन । संघिय शर्शतका बजेट खर्च गर्दा कार्यक्रमको उद्देशय अनुसार स्पष्ट भएरमात्र खर्च गर्नु पर्दछ । खरिद गरि सकेपछी गुणस्तरी सामान आए नआएको एकीन गरि प्रतिवेदन तयार गरि स्विकृत गर्नु पर्ने देखिन्छ । प्रतिस्पर्धा सिमित गरेको व्यहोरा धेरै खरिदमा रहेको छ ।

सुझाव नं २: वार्षिक खरिद गुरुयोजना तयार गर्नु पर्छ र सोहि अनुसार टुक्रे खरिद बन्द गरिनु पर्छ ।

सुझाव नं ३: आयोजना बैंक तयार गरि त्यसको आधारमा योजना कार्यान्वयन गर्नु पर्छ ।

सुझाव नं ४: आन्तरिक लेखा परिक्षणको व्यवस्था गरिनुपर्छ ।

अन्त्यमा यिनै सुझाव सहित यो प्रस्ताव स्विकृतिका लागि निर्णयार्थ प्रस्तुत गर्न सभाका अध्यक्षसामु पेश गर्दछु

धन्यवाद !

**निर्णय नं ५: प्रस्ताव नं (५)** माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको बिधायन समितिको प्रतिवेदन तथा स्वर्गद्वारी नगरपालिकाको आर्थिक ऐन २०८१ को दोस्रो संशोधन, स्वर्गद्वारी नगरपालिकाद्वारा संचालन हुने सबै प्रकारका तालिम, गोष्ठी, सेमीनार, कार्यशाला,बैठक संचालन तथा संचार र इन्धन खर्चको मापदण्ड (NOMS), २०७७ र नगरप्रहरी व्यवस्थापन कार्यविधि, २०८० को संशोधन लगायतका कानुनहरु सम्बन्धी प्रतिवेदन बिधायन समितिका संयोजक श्री कमल घर्ति मगरज्यूबाट मिति २०८२ साल असार १० प्रस्तुत गर्नु भएको बिधायन समितिको तपसिल बमोजिमको प्रतिवेदन प्रस्ताव गरिमामय नगर सभा समक्ष पेश भई व्यापक छलफल गरि सर्वसहमतिले स्वीकृत गर्ने निर्णय गरियो।

**विधायन समितिका संयोजक श्री कमल बहादुर घर्ति मगरले पेश गर्नुभएको विधायन समितिको प्रतिवेदन २०८२**

सभाका अध्यक्ष ज्यू उपाध्यक्ष ज्यू, सभाका सचिव ज्यू, नगरसभाका सदस्य ज्यूहरु यहाँहरु सम्पुर्णलाई यस गरिमामय १७औं नगरसभामा हार्दिक अभिनन्दन गर्दछु र विधायन समितिको प्रगति प्रतिवेदन पेश गर्न अनुमति चाहान्छु।

१. विधायन समितिले स्वर्गद्वारी नगरपालिकाको विभिन्न कानून सम्बन्धी विषयहरुमा अध्ययन गरेको जसमा राजश्व परामर्श समितिले संशोधन गर्नुपर्ने भनि आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न अध्ययनका लागि अनुरोध गरेकोमा सो उचित ठहराई संशोधनका लागि पेश गरेको छु। जुन यस प्रकार छ।
२. मिति २०८२०/३/०७ गते बसेको स्वर्गद्वारी नगरपालिकाको कार्यपालिकाको बैठकको निर्णय अनुसार स्वर्गद्वारी नगरपालिकाको आर्थिक ऐन २०८१ को दफा १० संग सम्बन्धित अनुसूची ८ को बहाल बिटौरी करमा बहालवाले छुटको माग गरि रहेकाले वार्षिक दरमा हाल सम्म कुनै वृद्धि नगरेकाले बक्यौता रकममा छुट गर्न नसकिने तथापी जरिवाना रकममा ५० प्रतिशत छुट आगामी आ/२०८२ब .०८३ को

टंक प्रसाद मण्डारी
नगर प्रमुख

हिलो चौमासिकगरि नगरकार्यपालिकाबाट सिफारिस सिफारिस सम्मका दिने (कात्तिक मसान्त) भई गएकाले उक्त संशोधन प्रस्ताव यस गरिमामय नगर सभा समक्ष पेश गर्दछु । साथै बहाल बिटौरी करलाई यसै आ वमा सोहि दरमा लागु हुने गरि नगर सभामा संशोधन.प्रस्तावपेश गरेको छु ।

नगर सभाका अध्यक्षज्यू,

अब म स्वर्गद्वारी नगरपालिकाको आर्थिक ऐन २०८१ को दफा १५ संग सम्बन्धित अनुसूची १४ को दण्ड तथा जरिवाना प्रस्तावको संशोधन प्रस्ताव यस गरिमामय नगर सभा समक्ष पेश गर्दछु ।

| | |
|---|---|
| वसाय दर्ता नगरी संचालन गर्नेलाई अनुगमनको ममा फेला परेमा पहिलो पटक ७ दिने व्यवसाय र्ताको लागि पत्र दिने र ७ दिन पछि पनि दर्ता गरेको खण्डमा | पहिलो पटकको लागि सम्बन्धित व्यवसाय दर्ता शुल्कको ५० प्रतिशत बराबर जरिवाना काटिने छ । साथै पटक पटक उही कार्य गरि रहेमा सम्बन्धित व्यवसाय दर्ता शुल्क बराबर जरिवाना हुने छ । |
| ठेला व्यवसायीले अत्रतत्र ठेला राखी व्यवसाय संचालन गरेको अनुगमनको कममा फेला परेमा पहिलो पटक ७ दिने ठेला व्यवस्थापन गरि व्यवसाय दर्ताको लागि पत्र दिने र ७ दिन पछि पनि ठेला व्यवस्थापन तथा दर्ता नगरी संचालन गरेको खण्डमा | पहिलो पटकको लागि सम्बन्धित व्यवसाय दर्ता शुल्कको ५० प्रतिशत बराबर जरिवाना काटिने छ । साथै पटक पटक उही कार्य गरि रहेमा सम्बन्धित व्यवसाय दर्ता शुल्क बराबर जरिवाना हुने छ । |

साथै बहाल बिटौरी करलाई यसै आ वमा सोहि दरमा लागु हुने गरि नगर सभामा संशोधन.प्रस्तावपेश

६. स्वर्गद्वारी नगरपालिकाद्वारा संचालन हुने सबै प्रकारका तालिम, गोष्ठी, सेमीनार, कार्यशाला, बैठक संचालन तथा सञ्चार र इन्धन खर्चको मापदण्ड (Norms), २०७७ स्थानीय राजपत्र भाग २ को पेज नं. ५२. स्वर्गद्वारी नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराइने इन्धन र संञ्चार खर्चका मापदण्ड यस देहाय बमोजिम रहनेछः

| क.स. | विवरण | अधिकृतस्तर | सहायकस्तर | स्पष्टीकरण/कैफियत |
|---|---|---|---|---|
| १ | इन्धन (मासिक) | १० लिटर | १० लिटर | उक्त परिमाणले नपुग्ने भएमा आधार र कारण सहितको निवेदन माथि प्रमुख प्रशासकीय अधिकृतको स्वीकृती बमोजिम गर्नुपर्नेछ । |
| २ | संञ्चार खर्च (मासिक) | रु.५०० | रु.३०० | वडा सचिव सहायकस्तरको भए पनि रु.५००।०० उपलब्ध गराइने छ । |

स्वर्गद्वारी नगरपालिका २०७३

टेक प्रसाद भण्डारी
नगर प्रमुख

संशोधन भएको विषय

| क.स. | विवरण | अधिकृतस्तर | सहायकस्तर | स्पष्टीकरण/कैफियत |
|---|---|---|---|---|
| १ | इन्धन (मासिक) | १० लिटर | १० लिटर | उक्त परिमाणले नपुग्ने भएमा आधार र कारण सहितको निवेदन माथि प्रमुख प्रशासकीय अधिकृतको स्वीकृती बमोजिम गर्नुपर्नेछ । |
| २ | संञ्चार खर्च (मासिक) | रु.५०० | रु.५०० | वडा सचिव सहायकस्तरको भए पनि रु.५००।०० उपलब्ध गराइने छ । |

*४.१ मापदण्ड ४ बमोजिम कर्मचारीहरुलाई ईन्धन सुविधा उपलब्ध गराउँदा ईन्धन कुपन मार्फत वा खातामा प्रत्येक वर्ष श्रावण १ गतेको स्थानीय डिलरको प्रति लिटर तेलको दरलाई सो वर्ष भरिको दर मानि सो बराबरको रकम उपलब्ध गराउन सकिनेछ । तर फिल्डमा बढि खट्नुपर्ने प्राविधिक कर्मचारीहरुका लागि थप ईन्धन सुविधा उपलब्ध गराउनु पर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतीमा थप ईन्धन उपलब्ध गराउनु पर्ने छ ।*

*४.२ ईन्धन सुविधा प्राप्त गर्नका लागि नगरपालिकाबाट उपलब्ध गराइएका सवारी साधन वा कर्मचारीको आफ्नै नाममा रहेको नीजि सवारी साधन र लाइसेन्स बाहक स्वयम कर्मचारी हुनुपर्ने छ ।*

७. नगर प्रहरी सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८०

संशोधन भएको स्थानीय राजपत्र भाग २ को पेज संङ्ख्या १ पेज नं.१६२ मा रहेको

| क.सं. | पद/तह | मासिक तलब | पोशाक (वार्षिक) | कैफियत |
|---|---|---|---|---|
| १ | प्रहरी हवल्दार सहायक तृतियस्तर | २००००। | १०,०००। | |
| २ | प्रहरी जवान सहायक द्वितीयस्तर | १८०००। | १०,०००। | |

संशोधन भएको व्यहोरा

| क.सं. | पद/तह | मासिक तलब | पोशाक (वार्षिक) | कैफियत |
|---|---|---|---|---|
| १ | प्रहरी हवल्दार सहायक तृतियस्तर | २४५००। | १०,०००। | |
| २ | प्रहरी जवान सहायक द्वितीयस्तर | २३०००। | १०,०००। | |

**नगर सभाका अध्यक्षज्यू,**

टेक प्रसाद भण्डारी
नगर प्रमुख

चालु आ.व. २०८१/०८२ को १६औ नगरसभापछि हालसम्म यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाबाट सिफारिस भई आएका नयाँ ऐन, कानुन, नीतिमापदण्ड, निर्देशिकाहरु तपसिल बमोजिम स्वीकृतिका लागि पेश गरेको छु।

तपसिल

| क्र.स. | नीति, कार्यविधि ऐन, दिग्दर्शन, मापदण्ड, दिग्दर्शन नियमहरुको नाम | कार्यपालिकाबाट स्वीकृत मिति | बैठक संख्या नं. | कैफियत |
|---|---|---|---|---|
| १ | स्वर्गद्वारी नगरपालिका बालकोष (स्थापना तथा संचालन) कार्यविधि, २०८२ | २०८२/०१/१४ | ६८ | |

अन्त्यमा उपरोक्त कानुनहरुका संशोधन प्रस्ताव तथा स्वीकृत सम्बन्धी प्रस्ताव निर्णयार्थ पेश गर्नका लागि सभाका अध्यक्ष ज्यूलाई पेश गरेको छु।

निर्णय नं ६: प्रस्ताव नं (६) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा यस स्वर्गद्वारी नगरपालिकाको विभिन्न विषयगत समितिहरु, नगरकार्यपालिकाको कार्यालय, वडा समिति र वडा कार्यालयहरुले गरेका निर्णय तथा कार्यक्रमहरु र यस स्वर्गद्वारी नगरपालिका नगरकार्यपालिकाको कार्यालय भिंग्री, प्यूठानको १५औं नगर सभा र १६औं नगरसभाबाट स्वीकृत भई चालु आ.व २०८१/०८२ को श्रावण १ गते देखि आ.व २०८१/०८२ को असार मसान्त सम्म संचालन भएका योजना तथा कार्यक्रमहरुको कार्यसम्पन्न पश्चात भए गरेका सम्पूर्ण कामकारवाही र आयव्ययको अनुमोदन प्रस्ताव सर्वसहमतिले स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ७: प्रस्ताव नं (७) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको आगामी आ.व. २०८२/०८३ को बार्षिक कार्यक्रममा विनियोजित शिर्षक मध्ये आन्तरिक स्रोत, राजस्व बाडफाड, वित्तीय समानीकरण अनुदान र अन्य शिर्षकमा स्थान र कार्यक्रम नतोकिएको शिर्षक र चालु आ.व. २०८१/०८२ मा खर्च भई बाँकी रहन जाने रकमलाई आवश्यकताका आधारमा संचित रकम बाडफाड गरि खर्च गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने प्रस्ताव सर्वसहमतिले स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ८: प्रस्ताव नं (८) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको प्रतीक चिन्ह (लोगो) स्वर्गद्वारी नगरपालिकाको १७औं नगरसभाका अध्यक्ष तथा नगरप्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूबाट अनावरण गर्नुभयो।

निर्णय नं ९: प्रस्ताव नं (९) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको विधायन समितिका संयोजक श्री कमल घर्ती मगरज्यूबाट प्रस्तुत भएको स्वर्गद्वारी नगरपालिकाको प्रस्तावित प्रतीक चिन्ह (लोगो) भित्र राखिएका प्रतीकात्मक संकेत तथा सम्पूर्ण अंगहरु स्वर्गद्वारी नगरपालिकाको लोगोको अंग बनि प्रचलनमा ल्याउनको लागि प्रस्तावित प्रतिक चिन्ह स्वीकृतिको लागि गरिमामय नगर सभा समक्ष पेश हुदा उक्त लोगो सर्वसहमतिले स्वीकृत गर्ने निर्णय गरियो। साथै, स्वीकृत उक्त प्रतीक चिन्ह (लोगो) स्वर्गद्वारी नगरपालिका तथा यस मातहतका सम्पूर्ण कार्यालयहरूबाट स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि अनिवार्य रूपमा लागु गर्ने निर्णय गरियो।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

निर्णय नं १०: प्रस्ताव नं (१०) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको ७६औं कार्यपालिका बैठकमा निर्णय भएको स्व.न.पा. ५ मा निर्माण भएको डाफेधारा शहरी स्वास्थ्य भवनको अनुगमन समितिबाट तयार पारिएको प्रतिवेदनको सन्दर्भमा उक्त भवन प्रदेश सरकारको शसर्त अनुदानको रकमबाट ठेक्का नं **25/SWM/SQ/W/2081/82** बाट रु ९,६५,०९४.२४/- मा ठेक्का भई निर्माण भएको भएतापनि निर्माण भएको भवन ने.रा. आ.वि खलधाराको पुरानो भवन माथि निर्माण गरिएकोमा अनुगमन समितिले उक्त भवन स्वास्थ्य प्रयोजनको भन्दापनि विद्यालय कक्षाकोठा अभावलाई मध्येनजर गरी स्वास्थ्य सेवा र विद्यालय कक्षा संचालन हुने गरी दुबै प्रयोजनका लागि निर्माण गरिएको जस्तो देखिएको र प्रदेश लगानीको उद्देश्य अनुरुप नदेखिएको हुनाले प्रदेश शसर्त रकमबाट ठेक्का भुक्तानी गर्न नियमसँगत नभएकोले उक्त ठेक्का भुक्तानी नगरको कन्टेन्जेन्सी र मर्मत सम्भार कोष शीर्षकको रकमबाट भुक्तानी गर्ने र सो भवन ने.रा. आ.वि खलधाराले नै प्रयोग गर्ने गरी व्यवस्था गर्ने निर्णय गरियो।

निर्णय नं ११: प्रस्ताव नं (११) माथि छलफल गर्दा मिति २०८२/०३/२० गतेको कार्यपालिका बैठकको निर्णय अनुसार यस नगरपालिकाको विद्यालय शिक्षक कर्मचारी दरबन्दी मिलान तपसिल बमोजिम सिफारिस भई आएकोले अनुमोदन गर्ने निर्णय गरियो। दरबन्दी मिलान पश्चात पुल दरबन्दीबाट अपुग हुने शिक्षक कर्मचारी संङ्ख्या नगरबाट व्यवस्था गर्ने निर्णय गरियो।

सिफारिस भएको निर्णय तपसिलः

दरबन्दी मिलान तथा समायोजन

१. शूर्य प्राथमिक विद्यालय सल्लाबोट

| कक्षा | १ | २ | ३ | जम्मा |
|---|---|---|---|---|
| वि.स. | ४ | १ | २ | ७ |

- २ वटा दरबन्दी मध्ये नियमानुसार १ दरबन्दी पुलमा राख्ने,
- बहुकक्षा शिक्षण गर्ने,

२. जनशान्ति प्राथमिक विद्यालय सल्लुडाडा

| कक्षा | १ | २ | ३ | जम्मा |
|---|---|---|---|---|
| वि.स. | १३ | ६ | ४ | २३ |

स्वर्गद्वारी नगरपालिका २०७३

टेक प्रसाद भण्डारी
नगर प्रमुख

- कुनै पनि राहत तथा दरबन्दी नभएको कारण अनिवार्य कम्तिमा १ दरबन्दी दिनुपर्ने,
- कक्षा १ देखि ३ सम्म संचालित
- वहुकक्षा शिक्षण पद्दति लागु गर्नु पर्ने,

३. शान्ति प्राथमिक विद्यालय डुडा

| कक्षा | वाविके | १ | २ | ३ | जम्मा |
|---|---|---|---|---|---|
| वि.स. | २० | ८ | ६ | ७ | २१ |

- १ राहत रहेको,
- विद्यार्थी संख्या न्यून रहेकोले वहुकक्षा शिक्षण गर्नुपर्ने,

४. जनप्राणी प्राथमिक विद्यालय कुसुण्डे

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा | ६ |
|---|---|---|---|---|---|---|---|---|
| वि.स. | ७ | ९ | १३ | १० | १५ | १५ | ६२ | २२ |

- कक्षा १ देखि ६ सम्म संचालनमा रहेको,
- ३ वटा दरवन्दी रहेको,
- १ दरबन्दी थप गर्नु पर्ने,
- वहुकक्षा शिक्षण लागु गर्नुपर्ने ।

५. अम्वेश्वरी प्राथमिक विद्यालय रुम

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वि.स. | ८ | ६ | ५ | ५ | ६ | ८ | ३० |

- २ वटा दरबन्दी रहेको र १ नगरपालिका अनुदान रहेको ।
- विद्यार्थी संख्या न्युन रहेकोले १ दरवन्दी पुलमा लिनुपर्ने ।
- वहुकक्षा लागु गर्ने

६. ने.रा. प्राथमिक विद्यालय घुर्चे

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वि.स. | २१ | ९ | ११ | १५ | २३ | १४ | ७२ |

- वालविकास कक्षा देखि कक्षा ५ सम्म संचालित,
- हाल ३ वटा दरवन्दि रहेको
- १ वटा दरबन्दी थप गर्नुपर्ने

७. ने रा प्राथमिक विद्यालय रैमाखोला

| कक्षा | वाविके | १ | २ | जम्मा |
|---|---|---|---|---|
| वि.स | ११ | ९ | ५ | १४ |

- बालविकास कक्षा देखि कक्षा २ सम्म संचालित रहेका,
- विद्यालयमा शून्य दरबन्दी भएकोले कम्तीमा १ दरबन्दी सिर्जना गरी वहुकक्षा शिक्षण प्रणाली लागु गर्नुपर्ने ।

९. जनता प्राथमिक विद्यालय नोस

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वि.स. | २७ | २४ | २४ | २९ | २१ | १६ | ११४ |

- जम्मा ४ दरबन्दी रहेको ।

१०. भुवनेश्वरी प्राथमिक विद्यालय वाजम

| कक्षा | वावि के | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वि.स. | १७ | १२ | १४ | १६ | २१ | १८ | ८१ |

- जम्मा ३ दरवन्दी रहेको ।
- कम्तीमा १ दरबन्दी अनिवार्य सिर्जना गर्नुपर्ने ।

११. पृथ्वि प्राथमिक विद्यालय धनवाङ

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वि.स. | १२ | ८ | १६ | १२ | १६ | १० | ६२ |

- जम्मा ३ दरबन्दी रहेको ।
- कम्तीमा १ दरबन्दी सिर्जना गर्नुपर्ने ।

१२. विश्वशान्ति प्राथमिक विद्यालय हाम्जा

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वि.स. | १७ | १७ | १५ | १४ | १७ | १२ | ७५ |

- जम्मा ३ दरबन्दी रहेको ।
- कम्तीमा १ दरबन्दी सिर्जना गर्नुपर्ने ।

१३. दिपेन्द्र प्राथमिक विद्यालय नयाँगाउँ

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वि.स. | १० | ५ | ८ | ८ | १३ | ८ | ४२ |

- जम्मा ३ दरबन्दी रहेको ।
- बहुकक्षा शिक्षण लागु गर्ने ।

१५. चेतना प्राथमिक विद्यालय मालरानी

| कक्षा | १ | २ | ३ | जम्मा |
|---|---|---|---|---|
| वि.स. | ८ | ४ | ४ | १६ |

- १ राहत दरबन्दी रहेको,
- विद्यार्थी संख्या न्यून रहेकोले यथावत राख्ने ।

१७. जनजागृति प्राथमिक विद्यालय किमिचौर

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वि.स. | ७ | ३ | ५ | ५ | ८ | ६ | ३७ |

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

- विद्यार्थी संख्या न्यून,
- स्थायी १, राहत शिक्षक १ र नपा शिक्षक १ जना गरी जम्मा ३ वटा दरबन्दी रहेको ।
- १ दरबन्दी पुलमा राख्नुपर्ने ।
- बहुकक्षा शिक्षण प्रणाली लागु गर्नुपर्ने ।

१८. शिद्धेश्वरी आधारभूत विद्यालय नेवारे

| कक्षा | बाविके | १ | २ | ३ | ४ | ५ | जम्मा | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वि.स. | १० | ५ | ७ | ५ | १३ | १२ | ४२ | १३ | २२ | १० | ४५ |

- प्रा वि मा जम्मा ३ वटा दरबन्दी रहेको । बहुकक्षा शिक्षण प्रणाली लागु गर्नुपर्ने ।
- निमाविमा २ नपा अनुदान दरबन्दी रहेको । नि.मा.वि. तहमा १ दरबन्दी थप गर्नु पर्ने ।

१९. स्वर्गद्वारी ने. रा. आधारभूत विद्यालय डाडाखर्क

| कक्षा | बाविके | १ | २ | ३ | ४ | ५ | जम्मा | ६ | ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वि.स. | ४० | ३१ | २६ | २२ | २७ | २१ | १२७ | २७ | १९ | ४६ |

- प्रा वि मा जम्मा ४ वटा दरबन्दी रहेको ।
- निमाविमा शुन्य दरबन्दी रहेको । नि.मा.वि. तहमा कम्तीमा १ दरबन्दी थप गर्नु पर्ने ।

२०. बालशिक्षा प्राथमिक विद्यालय वर्तन

| कक्षा | १ | २ | ३ | जम्मा |
|---|---|---|---|---|
| वि.स. | ४ | २ | ४ | १० |

- प्रा वि मा १ नपा अनुदान कोटा रहेको,
- विद्यार्थी संख्या न्यून रहेको, बहुकक्षा संचालन गर्ने,

२१. शिवशक्ति प्राथमिक विद्यालय मदनपुर

| कक्षा | बाविके | १ | २ | ३ | जम्मा |
|---|---|---|---|---|---|
| वि.स. | ७ | ३ | ३ | २ | ८ |

- प्रा वि मा २ वटा राहत दरबन्दी रहेको ।
- विद्यार्थी संख्या अत्यन्त न्यून रहेकोले १ राहत कोटा पुलमा लिनुपर्ने । बहुकक्षा शिक्षण प्रणाली लागु गर्नुपर्ने ।
- कक्षा ३ सम्म संचालित रहेको हाल ३ कक्षालाई घटुवा गरी कक्षा २ सम्म संचालन गर्नुपर्ने ।
- भौगोलिक सुगमता, नजिकको विद्यालयविचको दुरीलाई समेत मध्यनजर गरी क्रमस कक्षा घटुवा गरी बालविकास कक्षा मात्र संचालन गर्नुपर्ने । बालविकास कक्षालाई थप परिष्कृट गरी लैजानुपर्ने ।

२२. बालविकास प्राथमिक विद्यालय टाकुरा

| कक्षा | बाविके | १ |
|---|---|---|
| वि.स. | १० | २ |

- प्रा वि मा १ वटा राहत दरबन्दी रहेको ।
- कक्षा १ लाई घटुवा गरी बालविकास केन्द्रमात्र संचालन गर्ने,
- १ राहत कोटा लाई पुलमा लिने ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

२४. जनता प्राथमिक विद्यालय भिंगुकोट

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वि.स. | ७ | ९ | ११ | ९ | ९ | ८ | ४६ |

- ३ वटा दरबन्दी रहेको ।

२५. चन्द्रेश्वरी प्राथमिक विद्यालय तल्लोभिंगु

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वि.स. | १४ | १५ | ३० | १६ | १८ | १४ | ९३ |

- ३ वटा दरबन्दी रहेको ।
- १ दरबन्दी अनिवार्य थप गर्नुपर्ने ।

२६. गोठिवाड प्राथमिक विद्यलाय गोठिवाड

| कक्षा | वाविके | १ | २ | जम्मा |
|---|---|---|---|---|
| वि.स. | २० | ४ | १० | १४ |

- शून्य दरबन्दी रहेको ।
- अनिवार्य १ दरबन्दी थप गर्नुपर्ने ।
- विद्यार्थी संख्या न्यून रहेकोले वहुकक्षा शिक्षण गर्नुपर्ने ।

२८. वालकल्याण प्राथमिक विद्यालय गायखर्क

| कक्षा | वाविके | १ | २ | ३ | ४ | जम्मा |
|---|---|---|---|---|---|---|
| वि.स. | ११ | ७ | ४ | ५ | ११ | २७ |

- २ वटा दरबन्दी रहेको ।
- वहुकक्षा शिक्षण गर्नुपर्ने ।

२९. ने रा. आधारभूत विद्यालय खलधारा

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वि.स. | १७ | ६ | ९ | १० | ७ | ७ | ३९ | ९ | १४ | ९ | ३२ |

- वाविके २ जना शिक्षक रहेको ।
- प्राथमिक तहमा ३ वटा दरबन्दी रहेको ।
- आधारभूत तह (कक्षा ६-८) मा २ नगरपालिका अनुदान कोटा रहेको ।
- नि.मा.वि. तहमा १ दरबन्दी सिर्जना गर्नुपर्ने ।

३०. जनशिशुकल्याण प्राथमिक विद्यालय सिस्नेरी

| कक्षा | वाविके | १ | २ | ३ | जम्मा |
|---|---|---|---|---|---|
| वि.स. | १० | १० | ११ | ११ | ३२ |

- १ वटा राहत दरबन्दी रहेको ।
- १ दरबन्दी अनिवार्य थप गर्नुपर्ने ।
- वहुकक्षा शिक्षण गर्नुपर्ने ।

३१. ने रा आ वि स्यानिलेख

टेक प्रसाद भण्डारी
नगर प्रमुख

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वि.स. | १० | १२ | ४ | ५ | २० | ३० | ७१ | ३६ | २५ | २७ | ८८ |

- वाविके २ जना रहेको ।
- प्राथमिक तहमा ४ वटा दरबन्दी रहेको ।
- आधारभूत तह (कक्षा ६ ८) मा १ राहत र १ शिक्षण सिकाई अनुदान कोटा कोटा रहेको ।
- प्राथमिक तहमा वहुकक्षा शिक्षण गर्नुपर्ने ।
- नि.मा.वि. तहमा कम्तिमा १ दरबन्दी सिर्जना गर्नुपर्ने ।

३२. जनता प्राथमिक विद्यालय मैटार

| कक्षा | वाविके | १ |
|---|---|---|
| वि.स. | ११ | ८ |

- १ वटा राहत दरबन्दी रहेको ।
-

३४. जनता प्राथमिक विद्यालय जरुवाखेत

| कक्षा | वाविके | १ | २ | जम्मा |
|---|---|---|---|---|
| वि.स. | २४ | १० | ५ | १५ |

- २ वटा दरबन्दी रहेको ।
- १ दरबन्दी पुलमा राख्ने ।
- भविश्यमा क्रमस कक्षा घटुवा गरी दरबन्दी पुलमा राखी उमा महेश्वरीमा समायोजन गरी वालविकास मात्र संचालन गर्ने ।

३५. जनउज्वल प्राथमिक विद्यालय खन्नेखोला

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वि.स. | १० | ७ | ८ | १२ | १८ | १५ | ६० |

- १ दरबन्दी, १ राहत दरबन्दी र १ नगरपालिका अनुदान कोटा गरी ३ वटा दरबन्दी रहेका ।
- वहुकक्षा शिक्षण लागु गर्नुपर्ने।

३६. जनसम्पर्क आधारभूत विद्यालय तिमिले

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा | ६ | ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वि.स. | २९ | २८ | १९ | १९ | २४ | २० | ११० | २२ | २७ | ४९ |

- प्राथमिक तहमा दरबन्दी ३ वटा र नगरपालिका अनुदान कोटा १ गरी जम्मा ४ वटा रहेको ।
- निमावि तहको लागि कम्तीमा १ दरबन्दी अनिवार्य सिर्जना गर्नुपर्ने ।

३७. झुपाकोट प्राथमिक विद्यालय थापाखर्क

| कक्षा | १ | २ | ३ | जम्मा |
|---|---|---|---|---|
| वि.स. | १७ | १५ | १४ | ४६ |

- २ वटा दरबन्दी रहेको । यथावत राख्ने ।

३८. शिद्धबाबा प्राथमिक विद्यालय वेलवास

| कक्षा | वाविके |
|---|---|
| वि.स. | १४ |

- बालविकासलाई सम्भव भएसम्म मध्यबस्तिमा राख्नुपर्ने ।

४०. जनज्योति प्राथमिक विद्यालय ओरला

| कक्षा | १ | २ | जम्मा |
|---|---|---|---|
| वि.स. | ८ | १२ | २० |

- शून्य दरबन्दी रहेका ।
- १ दरबन्दी अनिवार्य थप गर्नुपर्ने ।
- बहुकक्षा शिक्षण लागु गर्नुपर्ने ।

४१. जनज्योति प्राथमिक विद्यालय रातामाटा

| कक्षा | वाविके | १ | २ | जम्मा |
|---|---|---|---|---|
| वि.स. | १४ | १२ | ७ | १९ |

- १ जना राहत रहेको ।
- वहुकक्षा शिक्षण लागु गर्नुपर्ने ।

४२. ज्ञानप्रकास आधारभूत विद्यालय तापाकोट

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वि.स. | १७ | १५ | १४ | २२ | २४ | २० | ८५ | ३० | २५ | ३० | ८५ |

- प्राथमिक तहमा ४ वटा दरबन्दी रहेको ।
- आधारभूत तह (कक्षा ६, ८) मा १ शिक्षण सिकाई अनुदान कोटा रहेको ।
- आधारभूत तह (कक्षा ६ ८) मा कम्तिमा २ दरबन्दी सिर्जना गर्नुपर्ने ।

४३. बालज्योति प्राथमिक विद्यालय ढाँजाखोला

| कक्षा | वाविके | १ | २ | ३ | ४ | जम्मा |
|---|---|---|---|---|---|---|
| वि.स. | १७ | ४ | ५ | ४ | ६ | १९ |

- २ वटा राहत र १ नगरपालिका अनुदान कोटा रहेको ।
- विद्यार्थी संख्या न्यून भएकोले कक्षा ४ घटुवा गर्ने ।
- १ दरबन्दी पुलमा राख्नुपर्ने ।
- वहुकक्षा शिक्षण लागु गर्ने ।

४५. शिशुकल्याण आधारभूत विद्यालय दहचौर

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वि.स. | १४ | १० | १५ | ४ | ११ | ५ | ४५ | १० | १० | २० | ४० |

- प्राथमिक तहमा ५ वटा दरबन्दी रहेको,
- आधारभूत तह (कक्षा ६ ८) मा १ शिक्षण सिकाई अनुदान कोटा, १ राहत कोटा रहेको ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner

- प्रा विको १ दरबन्दी पुलमा राख्नुपर्ने ।

४६. कैलास प्राथमिक विद्यालय गरुम्प

| कक्षा | १ | २ | ३ | जम्मा |
|---|---|---|---|---|
| वि.स. | १२ | ८ | ६ | २६ |

- १ दरबन्दी कोटा र १ वटा राहत दरबन्दी कोटा रहेको ।
- विद्यार्थी संख्या न्यून भएतापनि भौगोलिक विकटताको कारण यथावत राख्ने ।
- वहुकक्षा शिक्षण लागु गर्ने ।

४८. छेडापोखरा प्राथमिक विद्यालय छेडापोखरा

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वि.स. | २७ | २५ | २४ | २४ | २३ | २१ | ११७ |

- २ ओटा बालविकास रहेको ।
- २ वटा दरबन्दी, १ वटा राहत दरबन्दी र १ नगरपालिका अनुदान कोटा रहेको गरी जम्मा ४ वटा ।
- यथावत राख्ने ।

४९. जनता प्राथमिक विद्यालय कालिपोखरी

| कक्षा | वाविके | १ | २ | ३ | ४ | जम्मा |
|---|---|---|---|---|---|---|
| वि.स. | २१ | १६ | १६ | १३ | १५ | ६० |

- १ वटा दरबन्दी, १ वटा नगरपालिका अनुदान कोटा गरी जम्मा २ वटा ।
- १ दरबन्दी सिर्जना गर्नुपर्ने, वहुकक्षा शिक्षण गर्नुपर्ने ।

५१. वालकल्याण प्राथमिक विद्यालय सिम्ले

| कक्षा | वाविके | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वि.स. | २५ | १८ | १५ | १२ | १० | १५ | ७० |

- २ वटा दरबन्दी र १ वटा राहत दरबन्दी गरी ३ वटा दरबन्दी रहेको ।
- १ दरबन्दी थप गर्नुपर्ने । वहुकक्षा शिक्षण गर्नुपर्ने ।

५२. जनता ने रा प्राथमिक विद्यालय डाडागाउँ

| कक्षा | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| वि.स. | २१ | १३ | १५ | ८ | १३ | ७० |

- ३ वटा दरबन्दी रहेको ।
- १ दरबन्दी थप गर्नुपर्ने । वहुकक्षा शिक्षण गर्नुपर्ने ।

यो प्रतिवेदन तयार हुनु अगाडी नगरपालिकाबाट सिर्जना भएको नगरपालिका अनुदान कोटालाई यथावत राख्ने निर्णय गरियो।

निर्णय नं १२: प्रस्ताव नं (१२) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको आ.व २०८२/०८३ को लागि कर्मचारी प्रोत्साहन शिर्षकमा विनियोजन भएको रकमबाट अतिरिक्त समय काम गरेवापत रुजु हाजिरीको आधारमा नियमानुसार उपलब्ध गराउने निर्णय गरियो।

टेक प्रसाद भण्डारी
नगर प्रमुख

निर्णय नं १३: प्रस्ताव नं (१३) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको आ.व २०८२/०८३ देखि आ.व २०८४/०८५ को मध्यमकालिन खर्च संरचना स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं १४: प्रस्ताव नं (१४) माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८२ लाई अनुमोदन गर्ने निर्णय गरियो। साथै सोही अनुसार पद दर्ता गर्ने निर्णय गरियो।

अन्त्यमा १७औं नगरसभाको दोस्रो बैठक सौहाद्रपूर्ण वातावरणमा नगर प्रमुख तथा सभाका अध्यक्ष श्री टेक प्रसाद भण्डारीबाट समापन गरियो।

स्वर्गद्वारी नगरपालिका
२०७३

टेक प्रसाद भण्डारी
नगर प्रमुख

CamScanner